# हज्ज र उमराका कार्यहरू र जियारतको वैधानिक तरिका

(नेपाली)


लेखक

शैख मुहम्मद बिन सालेह अल् उसैमीन

अनुवादक

अतीकुर्रहमान मु. इदरीस खान मक्की

# مناسك الحج والعمرة والمشروع في الزيارة

الشيخ محمد بن صالح العثيمين

رحمه الله عليه

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधैं राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

- इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
- इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रक्कथन

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तकमा शैख मुहम्मद बिन सालेह अल् उसैमीन रहेमहुल्लाह ज्यूले हज्ज र उमराको तरिका एवं श्रेष्ठता र त्यससित संलग्न समस्त कुराहरूलाई विस्तारले वर्णन गरेका छन् जसको ज्ञान प्रत्येक मुसलमानहरूलाई अति आवश्यक छ, र यसको साथै उहाँले ती त्रुटिहरूलाई पनि वर्णन गरेका छन् जसलाई हाजीहरू अनभिज्ञता अथवा अंधविश्वासको कारण गरिहाल्छन्, यसै कारण मैले यस किताबलाई नेपाली भाषामा अनुवाद गरेको छु कि हाम्रा नेपाली भाषी मुसलमानहरू पनि ती महत्वपूर्ण कुराहरूको ज्ञानबाट वंचित नरहुन्, बरु त्यसको ज्ञान ग्रहण गरी अरुलाई पनि यसबाट लाभान्वित गराउन् । र सकेसम्म मैले सरल भाषा र शब्दको प्रयोग गरेको छु ताकि जनसाधारणलाई पनि बुझ्नुमा कुनै दिक्क नहोस् । त मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक क्रियाकलापबाट पवित्र गरी वैधानिक र शान्ति समृद्धिको मार्गमा लगाउने छ र उमरा एवं हज्ज जस्तो विशाल कार्यलाई सुन्नतको तरिकामा सम्पन्न गर्ने सौभाग्य प्रदान गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

म अल्लाहको प्रशंसा वर्णन गर्दछु र त्यसैसित सहायता चाहन्छु, र त्यसैसित क्षमायाचना गर्दछु, र त्यसैसित तौबा (प्रयाश्चित) गर्दछु । र हामी अल्लाहको शरण चाहन्छौं आफ्ना जीवका अशुद्धि र कर्मको अशुद्धिहरूबाट, र जसलाई अल्लाह मार्गदर्शन गरिदेओस् त्यसलाई कोही पथभ्रमित गर्न सक्दैन, र जसलाई अल्लाह पथभ्रमित गरिदेओस् त्यसलाई कोही मार्गदर्शित गर्न सक्दैन । र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा हुन्, अल्लाहको प्रशान्ति अवतरित होस् उहाँमाथि र उहाँका घरपरिवार र ती समस्त अनुयायीहरूमाथि जुन शुद्धता र निष्ठाको साथ उहाँको अनुशरण गरे र भविष्यमा गर्नेछन् ।

तत्पश्चात: त यी केही महत्वपूर्ण कुराहरू हुन् हज्ज र उमरा र त्यसको यात्रा र मस्जिदे नब्वीको जियारतको बारेमा जसलाई हामीले विभिन्न सभाहरूमा व्यक्त गरेका हौं र त्यसलाई केही अध्यायहरू अन्तर्गत लेखेका छौं जुन निम्न हुन्:

पहिलो अध्याय: यात्रा र त्यसका तौरतरिकाहरूको बारेमा ।

दोस्रो अध्याय: हज्जका शर्तहरूको बारेमा ।

तेस्रो अध्याय: हज्जका थरी र मीकातको बारेमा ।

चौथो अध्याय: हज्जको बलिको जनावर र त्यसका विशेषताहरूको बारेमा ।

पाँचौं अध्याय: एहरामका निषेधित कार्यहरूको बारेमा ।

छठौं अध्याय: उमराको तरिकाको बारेमा ।

सातौं अध्याय: हज्जको तरिकाको बारेमा ।

आठौं अध्याय: हज्जको अनिवार्य कार्यहरूको बारेमा ।

नव्वौं अध्याय: ती त्रुटिहरूको वर्णन जसलाई हाजीहरूअनभिज्ञताले गर्दा गरिहाल्छन् ।

दशौं अध्याय: मस्जिदे नब्वीको जियारतको बारेमा ।

र यसबाहेक हामीले यसमा यस विषयसित संलग्न केही प्रश्न उत्तर पनि थपेका छौं ।

अल्लाहसित हाम्रो यो प्रार्थना छ कि यस कार्यलाई मात्र आफ्नो लागि कबूल गरोस् र यसद्वारा सबैलाई लाभान्वित गरोस् त्यो अल्लाह विशाल कृपालु परम् दयालु छ ।

**लेखक:**

**मुहम्मद बनि सालेह अल् उसैमीन**

# पहिलो अध्याय

## यात्रा र यात्राका केही संस्कार र तौरतरिकाहरू

यात्राको अर्थ हो आफ्नो वतन् (बासस्थान) र घरपरिवारलाई छाड्नु, र यात्रा विभिन्न संसारिक र धार्मिक उद्देश्यले गरिन्छ, र यसको हुकुम त्यसको उद्देश्य अनुसार नै हुन्छ, यसर्थ यदि यात्राको उद्देश्य पूजा हो भने त्यो यात्रा पनि पूजाको हुकुममा हुन्छ जसरी हज्ज र धर्मयुद्धको यात्रा। र यदि हलाल (वैध) उद्देश्यको लागि यात्रा गरिएको छ भने त्यो यात्रा पनि हलाल हुनेछ जसरी हलाल व्यापार र व्यवसायको यात्रा। र यदि हराम उद्देश्यको लागि यात्रा गरिएको छ भने यात्रा पनि हराम ( अवैध) हुन्छ जसरी पाप गर्नुको लागि, उपद्रव मचाउनुको लागि यात्रा गर्नु।

र ती समस्त मान्छेहरूलाई चाहियो जुन हज्ज र उमरा वा अरु कुनै पूजाको उद्देश्यले यात्रा गर्न चाहन्छन् कि तिनीहरू निम्नका कुराहरूलाई ध्यानमा राखुन्:

१- आफ्नो नीयतलाई अल्लाहको लागि शुद्ध पार्नु, अर्थात मान्छे त्यसद्वारा अल्लाहको निकट्ता र प्रसन्नताको अभिलाषी होस् ताकि त्यसका समस्त कार्य कुरा र गतिविधिहरू अल्लाहको निकट्ता प्राप्तिमा शामेल भइहालुन्, र त्यसको पुण्यमा बढोत्तरी गरुन् र त्यसको पापलाई मेटाउन् र त्यसको श्रेणीलाई उच्च पारुन्। नबी सल्लल्लाहो अलैहे वसल्लमले हजरत सअ्द बिन वक्काससित भन्नु भयो: " तिमी जुन कुरा पनि अल्लाहको मार्गमा खर्च गर्छौ जसद्वारा अल्लाहको निकट्तको अभिलाषी हुन्छौ भने अल्लाह तिमीलाई त्यसमाथि पुण्य दिन्छ, यहाँसम्म कि जुन भोजनको एक गाँस आफ्नो स्वास्नीको मुखसम्म पुऱ्याउँछौ त्यसमा पनि (पुण्य मिल्छ) "। ( बुखारी, मुस्लिम )

२- मान्छेलाई चाहियो कि अल्लाहले त्यसमाथि अनिवार्य गरेको कार्यहरूलाई गरोस्, र हराम गरेको कुराहरूबाट टाढा रहोस्, यसर्थ नमाजलाई त्यसको निर्धारित समयमा सामूहिक तरिकाले पढोस्, र आफ्नो यात्रु साथीहरूलाई सद्उपदेश गर्दै रहोस्, र सुकार्यको आदेश गर्दै रहोस् र कुकर्मबाट टाढा रहने उपदेश गर्दै रहोस्, र अल्लाहतर्फ

तत्वदर्शिताको साथ आह्वान गर्दै रहोस्, यसर्थ झूठ, गीबत, चुकुली, विश्वासघात .... जस्ता आदि पापहरूबाट बाँचोस् ।

३- त्यसलाई चाहियो कि सराहनीय नैतिकताबाट सुसज्जित होस्, जसरी ज्ञान माल र शरीरद्वारा अरुमाथि परोपकार गर्नु । यसर्थ जसलाई सहायताको आवश्यकता होस् त्यसको सहायता गरोस्, र जसलाई ज्ञानको आवश्यकता होस् त्यसलाई ज्ञान प्रदान गरोस्, र आफ्नो मालद्वारा उदारताको परिचय देओस् अर्थात त्यसलाई आफूमाथि खर्च गरोस् र आफ्नो भाइहरूको आवश्यकतामा र उनको हितमा खर्च गरोस् । र त्यसको लागि (यात्रुको लागि) उचित यो छ कि यात्राको खर्चलाई आफ्नो आवश्यकता भन्दा अधिक गरेर लेओस् किनकि बाटोमा त्यस मालको आवश्यकता पर्न सक्छ । र उपरोक्तका कार्यहरूलाई गर्नुमा त्यसलाई चाहियो कि प्रसन्नता र खुशी एवं सदभावको साथ गरोस्, र त्यसको पूर्ण प्रयास यो होस् कि सबैलाई खुशी प्रदान गरोस् ताकि त्यसका यात्रुसाथीहरू त्यससित प्रेम गर्न थालुन् । र त्यसलाई यो पनि जरुरी छ कि आफ्नो साथीहरूका कष्टहरूमाथि धैर्य धारण गरोस् र उनीहरूको त्यसको विरोध गर्ने कार्यमाथि पनि संतोष गरोस्, र उनीहरूसित राम्ररी सुव्यवहार गरोस् ताकि उनीहरू बीच सम्मानित र मर्यादित रहोस् ।

४- त्यस यात्रुलाई चाहियो कि आफ्नो यात्रामा त्यो भनोस् जुन रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो यात्रामा भन्दै गर्थे जस मध्ये केही निम्नमा वर्णन गरिन्छ :

जब यात्रु आफ्नो दायाँ खुट्टा आफ्नो सवारीमाथि राखोस् त भनोस्: “ बिस्मिल्लाह ”, र जब सवारीमाथि सवार भइहालोस् त अल्लाहको गुणगान गरोस् त्यस अनुकम्पामा जसलेगर्दा अल्लाहले त्यसको लागि यस सवारीलाई सुसाध्य र वशीभूत गरिदियो, अनि भनोस्:

الله أكبر, الله أكبر, الله أكبر, سبحان الذي سخرلنا هذا وما كنا له مقرنين وإنا إلى ربنا لمنقلبون, أللهم إنا نسألك في سفرنا هذا البر والتقوى, ومن العمل ما ترضى, أللهم هون علينا سفرنا هذا واطو عنا بعده, أللهم أنت الصاحب في السفر والخليفة في الأهل, أللهم إني أعوذبك من وعثاء السفر, وكآبة المنظر, وسوء المنقلب في المال والأهل.

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अकबर, सुब्हानल्लजी सख्खरलना हाजा वमा कुन्ना लहू मुक्रेनीन, वइन्ना इला रब्बिना लमुन्कलिबून, अल्लाहुम्मा इन्ना नस्अलुका फि सफरेना हाजा अल् बिर्रा वत्तक्वा, वमिनल् अमले मातर्जा, अल्लाहुम्मा हौविन् अलैना सफरना हाजा वत्वे अन्ना बुअ्दहु, अल्लाहुम्मा अन्तस्साहिबु फिस्सफरि वल् खलीफतु फिल् अहल, अल्लाहुम्मा इन्नी अउजुबिका मिन वअ्साइस्सफरि वकआबतिल् मन्जर, वसूइल् मुन्कलबि फिल् माले वल् अहल् ।

अर्थ : अल्लाह महान छ, अल्लाह महान छ, अल्लाह महान छ, त्यो अल्लाह पवित्र छ जसले हाम्रो लागि यस (सवारी) लाई बशीभूत गरिदियो, जुनकि हाम्रो शक्तिसीमामा थिएन, र हामी आफ्नो प्रतिपालकतर्फ नै फर्कि जानेछौं, हे अल्लाह हामी याचना गर्दैछौं कि हामीलाई हाम्रो यस यात्रामा भलाई भक्ति र ती कुराहरू प्रदान गर जसद्वारा तिमी प्रसन्न भइजाऊ, र हे अल्लाह हाम्रो लागि यस यात्रालाई सरल बनाइदेऊ र यसको दूरीलाई कम गरिदेऊ, हे अल्लाह यस यात्रामा तिमी नै हाम्रो सहायक हौ र हाम्रो परिवारको पक्षधर पनि, हे अल्लाह हामी तिम्रो श्रण चाहन्छौं यात्राका कष्टहरूबाट, र अशुद्ध दृश्यहरूबाट, र परिवार र धनको अशुद्धिबाट ।

र यात्रुको लागि उचित यो छ कि जब त्यो कुनै उच्च स्थानमा चढोस् त अल्लाहु अक्बर भनोस्, र जब ओरालो तिर ओर्लोस् त अल्लाहको गुणगान गरोस्, र जब विश्राम वा थकाइ मार्नुको लागि सवारीबाट ओर्लोस् त भनोस् : "अऊजु बिल्लाहित्तामाते मिन शर्रे माखलक" । अर्थात म अल्लाहको परिपूर्ण महिमाद्वारा श्रण चाहन्छु ती समस्त बुराई र कष्टहरूबाट जुन सृष्टि गरिएका छन् । त जुन व्यक्ति पनि विश्रामको लागि कतै झर्‍यो र यस दुआलाई पढ्यो त्यसलाई कुनै कुरा पनि तबसम्म हानि पुऱ्याउन सक्दैन जबसम्म त्यो त्यहाँ बास गर्छ ।

# यात्रामा नमाज

यात्रुमाथि यो अनिवार्य छ कि त्यो नमाजलाई सामूहिक तरिकाले त्यसका निर्धारित समयमै पढोस् जसरी कि मुकीम (घरमा बस्ने) मान्छेहरूमाथि अनिवार्य छ। अल्लाहको फर्मान छ :

﴿ وَإِذَا كُنتَ فِيهِمْ فَأَقَمْتَ لَهُمُ الصَّلَوٰةَ فَلْتَقُمْ طَآئِفَةٌ مِّنْهُم مَّعَكَ وَلْيَأْخُذُوٓاْ أَسْلِحَتَهُمْ فَإِذَا سَجَدُواْ فَلْيَكُونُواْ مِن وَرَآئِكُمْ وَلْتَأْتِ طَآئِفَةٌ أُخْرَىٰ لَمْ يُصَلُّواْ فَلْيُصَلُّواْ مَعَكَ ﴾ النساء: ١٠٢

अर्थ : जब तिमी तिनीहरूमा हुन्छौ र तिनीहरूलाई नमाज पढाउँदछौ भने, यो आवश्यक छ कि एउटा समूह तिम्रो साथमा हतियार सहित उभिराखोस् जब यस समूहले सज्दा (ढोग) गरिसकोस् तब त्यहाँबाट हटेर तिम्रो पछाडी आओस् र अर्को समूह जसले नमाज पढेको छैन, त्यस ठाउँमा आओस्। ( सूरतुन्निसा १०२ )

त अल्लाहले युद्धको अवस्थामा पनि सामूहिक नमाजलाई अनिवार्य गरेको छ जबकि त्यस समय शत्रु र युद्धको भय हुन्छ, यसर्थ शान्ति र सन्तुष्टिको अवस्थामा सामूहिक नमाज झन् अनिवार्य छ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथी (सहाबा) हरू यात्रामा र घरमा बसेको अवस्थामा पनि सामूहिक नमाजको आयोजना गर्थे यहाँसम्म कि हजरत अब्दुल्लाह बिन मस्ऊदको भनाई छ कि: " सामूहिक नमाजबाट त्यो कपटी बाहेक जसको कपट अज्ञात हुँदैन्थ्यो अरु कोही पछाडि रहदैन्थ्यो, र (बिरामी) मान्छेलाई दुवैतिरबाट सहारा दिएर नमाजको लागि ल्याइन्थ्यो यहाँसम्म कि त्यसलाई नमाजको पंक्तिमा उभियाइन्थ्यो "।

र यात्रु मान्छेलाई यो आवश्यक छ कि आफ्नो वजू र पवित्रतातर्फ ध्यान देओस्, यसर्थ सानो अपवित्रता अर्थात दिशा, पिशाब, अचेत गर्ने निद्रा, र हवा निस्कनुबाट वजू गरोस्। र ठूलो अपवित्रताबाट (जनाबतबाट) अर्थात वीर्य पतन, सम्भोग .. आदिबाट स्नान गरोस्। तर यदि पानी उपलब्ध नहोस् वा त्यससित मात्र यति पानी होस् जुन

खानुको लागि मात्र प्रयाप्त होस्, त यस्तो खण्डमा पवित्र माटोद्वारा तयम्मुम गरोस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَإِن كُنتُم مَّرْضَىٰٓ أَوْ عَلَىٰ سَفَرٍ أَوْ جَآءَ أَحَدٌ مِّنكُم مِّنَ ٱلْغَآئِطِ أَوْ لَٰمَسْتُمُ ٱلنِّسَآءَ فَلَمْ تَجِدُوا۟ مَآءً فَتَيَمَّمُوا۟ صَعِيدًا طَيِّبًا فَٱمْسَحُوا۟ بِوُجُوهِكُمْ وَأَيْدِيكُم مِّنْهُ ۚ مَا يُرِيدُ ٱللَّهُ لِيَجْعَلَ عَلَيْكُم مِّنْ حَرَجٍ وَلَٰكِن يُرِيدُ لِيُطَهِّرَكُمْ وَلِيُتِمَّ نِعْمَتَهُۥ عَلَيْكُمْ لَعَلَّكُمْ تَشْكُرُونَ ٦ ﴾ المائدة: ٦

अर्थ : र यदि तिमी बिरामी छौ वा यात्रामा छौ वा तिमीहरूमध्ये कोही शौचालयबाट (दिशाबाट निवृत भएर) आएको छ वा तिमीले स्वास्नीसँग सहवास गरेका छौ र तिमीलाई पानी उपलब्ध छैन भने पवित्र माटोलाई स्पर्श गरी हात र मुखको मसह (स्पर्श) गर । अल्लाहले तिमीलाई अप्ठ्यारोमा पार्न चाहँदैन, बरु त्यो तिमीलाई पवित्र गर्न चाहन्छ र आफ्नो असीम कृपा तिमीलाई प्रदान गर्न चाहन्छ जसबाट तिमी कृतज्ञ भई नै रह । ( सूरतुल् माइदः ६ )

र वजू एवं स्नान गर्ने तरिका त सबैको लागि प्रष्ट नै छ । र तयम्मुम गर्ने तरिका यो हो कि मान्छे आफ्नो दुवै हातलाई धरतीमाथि हानोस् (स्पर्श गराओस्) अनि दुवै हातबाट आफ्नो अनुहार र दुवै हत्केलीलाई स्पर्श गराओस् । जस्तोकि सही बुखारीमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्मले हजरत अम्मार बिन यासिरसित भन्नु भयोः “ दुवै हत्केला र अनुहारमा स्वर्श गर्नु तिम्रो लागि प्रयाप्त छ ” । र आर्को हदीसमा छः “ रसूल सल्लल्लाहो अलैहे वसल्मले आफ्नो हातलाई धरतीमाथि हान्नु भयो अनि आफ्नो अनुहार र दुवै हत्केलीमाथि (मसह) स्पर्श गर्नु भयो ” ।

र तयम्मुमद्वारा पवित्रता ग्रहण गर्नु सीमित पवित्रता हो, यसर्थ जहिले पनि मान्छेलाई पानी उपलब्ध भइहालोस् तयम्मुम भंग भइहाल्छ, र त्यसमाथि पानी प्रयोग गर्नु अनिवार्य भइहाल्छ । त यदि त्यसले ठूलो

अपवित्रताबाट तयम्मुम गरेको छ अनि पानी उपलब्ध भयो भने अब तयसमाथि पानीबाट स्नान गर्नु अनिवार्य भयो, र यदि सानो अपवित्रताबाट तयम्मुम गरेको थियो र पानी उपलब्ध भयो भने त्यसबाट वजू गर्नु अनिवार्य भयो । र हदीसमा वर्णित छ : " पवित्र माटो मुसलमानको वजू हो चाहे त्यसलाई पानी दश वर्षसम्म उपलब्ध नहोस्, तर जब त्यसलाई पानी उपलब्ध भइहालोस् त त्यो अल्लाहसित डरोस् र पानी प्रयोग गरोस् " ।

र यात्रुको लागि सुन्नत यो हो कि चार रकअतवाला नमाजलाई कस्र गरेर अर्थात कम गरेर पढोस्, र ती नमाजहरू हुन् : जुहर, अस्र, र इशाको नमाज जसलाई दुई दुई रक्अत गरेर पढोस्, जसरी कि बुखारी र मुस्लिमको हदीसमा छ इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ किः " म यात्रामा रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ थिएँ त रसूल सल्लल्लाहो अलैहे वसल्लम दुई रक्अतभन्दा अधिक पढदैन्थे, र यस्तै नै हजरत अबू बक्र र उमर एवं उसमान रजिअल्लाहो अन्हुम अज्मईन पनि गर्थे " । र सही बुखारीमा हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः " आरम्भमा नमाज दुई दुई रक्अत अनिवार्य गरिएको थियो, अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रवास गर्नु भयो त चार रक्अत गरियो, तर यात्राको नमाजलाई पहिलाको अवस्थामा नै राखियो " ।

तसर्थ यात्रुको लागि यो नै सुन्नत हो कि जब त्यो यात्राको आरम्भ गरोस् अर्थात जब आफ्नो घरबाट निस्कोस् त चार रक्अत भएको नमाजलाई दुई रक्अत गरेर पढोस् तबसम्म जबसम्म आफ्नो वतन फर्केर नआओस् चाहे त्यसको यात्राको अवधि कम होस् वा अधिक, र सही बुखारीमा छ इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ किः " नबी सल्लल्लाहो अलैहे वसल्लम मक्कामा १९ दिन बस्नु भयो जस अवधिमा उहाँ सल्लल्लाहो अलैहे वसल्लम (चार रक्अतका) नमाजहरूलाई दुई दुई गरी पढ्दथे " ।

तर जब यात्रु यस्तो इमाम पछाडि नमाज पढिरहेको होस् जुन चार रक्अत पढछ त यात्रुमाथि पनि अनिवार्य छ कि चार रक्अत नै पढोस् चाहे नमाजको आरम्भदेखि नै नमाजमा शामेल रहेको होस् वा

बीचबाट, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः " इमाम यसकारण नियुक्त गरिएको छ ताकि त्यसको अनुशरण गरियोस् तसर्थ तिमीहरू नमाज पढनुमा त्यसको विरोध नगर्नु " ।

र जब इब्ने अब्बाससित सोधियो कि यात्रुको यो कस्तो विचित्र करनी हो कि त्यो आफ्नो यात्रामा दुई रक्अत पढछ जब एकलै हुन्छ र चार रक्अत पढछ जब कुनै मुकीम (त्यहाँको बासिन्दा) इमामको पछाडि नमाज पढिरहेको हुन्छ ? त उनले भनेः सुन्नत यो नै हो । र इब्ने उमर रजिअल्लाहो अन्हो जब इमाम पछाडि नमाज पढथे त चार रक्अत पढथे, र जब एकलै पढथे त दुई रक्अत पढथे, अर्थात यात्रामा ।

र रह्यो कुरो जुहर, अस्र, र मग्रिब एवं इशालाई एकत्रित गरेर पढ्नुको त यात्रुलाई यसको आवश्यकता परेको खण्डमा यस्तो गर्नु नै सुन्नत हो, जबकि त्यो आफ्नो यात्रालाई निरंतरता दिन चाहोस्, त जसरी त्यसलाई सुसाध्य होस् त्यसरी नमाजलाई एकत्रित गरेर पढोस् चाहे जमअ् तक्दीम गरोस् वा जमअ् ताखीर, अर्थात चाहे अस्रलाई जुहरको समयमा पढोस् वा जुहरलाई अस्रको समयमा । किनकि बुखारी र मुस्लिममा हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको माध्यमले हदीस वर्णित छ उहाँ भन्नुहुन्छ किः " जब नबी सल्लल्लाहो अलैहे वसल्लम सूर्य ढल्कनुभन्दा अघि यात्राको आरम्भ गर्थे त जुहरलाई अस्रको समयसम्मको लागि अवलम्बित गरिदिन्थे, र जब सूर्य ढल्के पश्चात यात्राको आरम्भ गर्थे त जुहर पढेर यात्राको आरम्भ गर्थे " । र बैहकीको हदीसमा छ किः " जब रसूल सल्लल्लाहो अलैहे वसल्लम यात्रामा हुन्थे र सूर्य ढल्कन्थ्यो त जुहर र अस्रलाई एकैसाथ पढथे " ।

र जब यात्रुलाई नमाजहरूलाई एकत्रित गरेर पढने आवश्यकता नहोस् त त्यो एकत्रित गरेर नपढोस्, जसरी कि कुनै ठाउँमा विश्राम वा थकाइ मार्नुको लागि रुकेको होस् र आउनेवाला नमाजको समय नहुन्जेल यात्रालाई निरंतरता दिने इच्छा नहोस् त त्यसको लागि उचित यो नै छ कि त्यो नमाजलाई जम्मा नगरोस्, किनकि त्यसलाई नमाज जममा गरेर पढने आवश्यकता छैन । र यसैकारण रसूल सल्लल्लाहो

अलैहे वसल्लमले अन्तिम हज्जमा मिनाको स्थानमा नमाजलाई जम्मा गरेर पढनु भएन किनकि त्यसको आवश्यकता थिएन ।

र रह्यो कुरो नफिली नमाजहरूको त यात्रु पनि उस्तै नफिली नमाजको आयोजना गरोस् जसरी मुकीम मान्छे आयोजना गर्छ, चाश्तको नमाज (दिनको एक पहरको समय पढिने नमाज), रात्रीको नमाज, वित्रको नमाज .. आदि नफिली नमाजलाई पढोस् जुहर मग्रिब र इशाका सुन्नतहरू बहेक, किनकि सुन्नत यो नै हो कि यात्रामा यसलाई नपढोस् । र अल्लाह नै यसबारे अधिक ज्ञानी छ ।

# दोस्रो अध्याय

## हज्जका शर्तहरूको बारेमा

इस्लामीय विधान तत्वदर्शी ज्ञानवानको तर्फबाट अवतरित गरिएको हो त्यसमा मात्र त्यही कुराहरू छन् जुन तत्वदर्शीयुक्त छन्, र निसाफ अनुकूल पनि, यसै कारण अनिवार्य कार्यहरू सृष्टिमाथि यस्ता शर्तहरूको साथ अनिवार्य हुन्छन् जुन वास्तवमा पाइयोस्, ताकि अनिवार्यता आफ्नो वास्तविक स्थानसम्म पुगोस् ।

र तिनै अनिवार्य कार्यहरू मध्ये हज्ज पनि हो जुन भक्तहरूमाथि केही शर्तको साथ अनिवार्य छ, जुन निम्न हुन्:

**पहिलो शर्त:** हज्ज गर्ने मान्छे मुसलमान होस् । यसको अर्थ यो भयो कि काफिर (नास्तिक) माथि हज्ज अनिवार्य छैन किनकि गैर मुस्लिमलाई हामी पहिला इस्लामतर्फ आह्वान गर्छौं, अनि त्यस पश्चात इस्लामीय निर्देशनहरूको हुकुम दिन्छौं, किनकि इस्लामीय (विधान) निर्देशनहरूलाई बिना इस्लाम स्वीकार गरिदैन, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَا مَنَعَهُمْ أَن تُقْبَلَ مِنْهُمْ نَفَقَـٰتُهُمْ إِلَّآ أَنَّهُمْ كَفَرُوا۟ بِٱللَّهِ وَبِرَسُولِهِۦ وَلَا يَأْتُونَ ٱلصَّلَوٰةَ إِلَّا وَهُمْ كُسَالَىٰ وَلَا يُنفِقُونَ إِلَّا وَهُمْ كَـٰرِهُونَ ﴿٥٤﴾ ﴾ التوبة: ٥٤

अर्थ : उनीहरूको खर्च स्वीकार्य हुनमा यसबाहेक अरु कुनै कुरा बाधक छैन, कि उनीहरू अल्लाह र उसको रसूलको अवज्ञाकारी हुन् । र नमाज़मा धेरै अल्छी भएर आउँछन् र खर्च गर्नु पर्दापनि अनिच्छापूर्वक गर्दछन् । ( सूरतुत्तौबा ५४ )

**दोस्रो शर्त:** बुद्धिमान हुनु हो । यसर्थ पागलमाथि हज्ज अनिवार्य छैन, र त्यससित हज्ज सही पनि छैन किनकि हज्जको लागि इच्छा र नीयत हुनु जरुरी छ र पागलसित यसको कल्पना गर्नु पनि असम्भव छ ।

**तेस्रो शर्त:** व्यस्कता । र व्यस्कता पुरुष मान्छेमा तीन कुराले जानिन्छ :

१- **वीर्यको पतन हुनुद्वारा** । अल्लाहको फर्मान छ :

﴿ وَإِذَا بَلَغَ ٱلْأَطْفَٰلُ مِنكُمُ ٱلْحُلُمَ فَلْيَسْتَـْٔذِنُوا۟ كَمَا ٱسْتَـْٔذَنَ ٱلَّذِينَ مِن قَبْلِهِمْ ۚ ﴾ النور: ٥٩

अर्थ : र जब तिम्रो बच्चाहरू युवावस्था प्राप्त गर्दछन् तब उनीहरूलाई आवश्यक छ कि अनुमति लिएर (तिम्रो कोठामा) प्रवेश गर्ने गरुन् जुन प्रकारले उनीहरूभन्दा अगाडिका मानिसहरूले अनुमति लिंदै गरेका थिए । ( सूरतुन्नूर ५९ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: “ जुमाको स्नान प्रत्येक त्यस मान्छेमाथि अनिवार्य छ जसको वीर्य पतन भएको होस् ” ।

२- **गुप्ताङ्गमा बालको उत्पात हुनु** । अर्थात लिङ्गको वरिपरि बाल उब्जनु । अतीयह अल् कुरजीको कथन छ उहाँ भन्नुहुन्छ कि कुरैजाको दिन युद्धका बन्दीहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष पेश गरियो त जुन व्यस्क थियो वा जसको गुप्ताङ्गमा बाल उब्जेको थियो त्यसलाई मारियो, र जुन यस्ता थिएनन् तिनलाई छाडियो ।

३- **१५ वर्ष पूर्ण भइहाल्नु** । किनकि अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्होको भनाई छ कि: “ मैले आफूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष उहुदको दिन पेश गरें (युद्ध गर्नुको लागि) र त्यस समय मेरो उमेर १४ वर्ष थियो, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मलाई अनुमति दिनु भएन ” (र बैहकी एवं इब्ने हिब्बानले यति वृद्धिको साथ वर्णन गरेका छन् कि: “ मलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमले व्यस्क मान्नु भएन ”) र खनदकको दिन मैले आफूलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लम समक्ष पेश गरें र त्यस समय मेरो उमेर १५ वर्षको थियो, त उहाँले मलाई अनुमति प्रदान गरिदिनु भयो । र बैहकी एवं इब्ने हिब्बानमा यति वृद्धि पनि वर्णित छ कि: “ त्यस समय उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मलाई व्यस्क ठान्नु भयो ” । र नाफेअ्को भनाई छ कि: “ म उमर बिन अब्दुल अजीज समक्ष आऐं त्यस समय जबकि उहाँ खलिफा (राष्ट्रको प्रचालक सम्राट) थिए, अनि मैले यस

हदीसलाई वर्णन गरें त उहाँले भन्नु भयो यो सानो र ठूलो बीचको अन्तरसीमा हो, अनि आफ्नो कार्यकर्ताहरूलाई आदेश पठाउनु भयो कि जुन मानिसहरू १५ वर्ष पुगिसकेका होउन् तिनीलाई सरकारी खजानाबाट सहायता राशि प्रदान गरियोस् " । (बुखारी)

४- र स्त्रीको व्यस्कता उपरोक्तका वर्णित कुराहरूबाट सिद्ध हुनुको साथै एउटा चौथो कुराबाट पनि सिद्ध हुन्छ, र त्यो हो **रजस्वलाको रगत आउनु** । तसर्थ जस स्त्रीलाई (केटीलाई) मासिक धर्म आउन थालोस् त्यो व्यस्क भयो चाहे त्यो दश वर्षसम्म पनि नपुगेको होस् ।

यसर्थ व्यस्कहरू बाहेक बच्चाहरूमाथि हज्ज अनिवार्य छैन किनकि त्यो बच्चा सानो हुनुको साथै अनिवार्यताको भारीलाई बोक्नुमा सूक्ष्म हुँदैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " तीन प्रकारका मान्छेहरूमाथिबाट कलम उठाइएको छ (अल्लाहद्वारा छूट प्राप्त छ) सुतेको मान्छे यहाँसम्म कि आफ्नो निद्राबाट जागोस्, र पागल मान्छे यहाँसम्म कि त्यो स्वस्थ भइहालोस्, र बच्चा यहाँसम्म कि व्यस्क भइहालोस् " । ( यस हदीसलाई इमाम अहमद, नेसाई र अबू दाऊदले वर्णन गरेका छन्, र हाकिमले यसलाई सही भनेका छन् )

तर बच्चाले गरेको हज्ज पनि सही र शुद्ध हुन्छ किनकि इब्ने अब्बासले वर्णन गरेको हदीसमा वर्णित छ कि: " नबी सल्लल्लाहो अलैहे वसल्लम रौहा नामक स्थानमा एउटा यात्रु समूहलाई भेट्नु भयो त सोध्नु भयो: तिमीहरू को हौ ? त उनीहरूले भने: हामी मुसलमान हौं, अनि उनीहरूले सोधे: तपाई को हुनुहुन्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: म अल्लाहको सन्देष्टा हूँ, अनि एउटी महिलाले एउटा बच्चालाई उठाएर भनि: के यसको हज्ज हुन्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हाँ हुन्छ, र तिमीलाई पनि यसको पुण्य मिल्छ " । (मुस्लिम)

त जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले बच्चाको लागि हज्ज साबित गरिदिनु भयो त त्यसको लागि हज्जका समस्त कार्य र क्रियाकलापहरू पनि साबित भइहाल्छन्, र त्यसलाई यो पनि जरुरी भइहाल्छ कि हज्जका समस्त निषेधित कुराहरूबाट बाँचोस् जसबाट व्यस्क मान्छे बच्छ । तर यदि अज्ञानताले कुनै निषेधित कुरालाई गर्‍यो

भने नत त्यसमाथि कुनै कफ्फारह (क्षतिपूर्ति) छ नत त्यसको सरप्रस्त (अभिभावक) माथि ।

**चौथो शर्तः** स्वतन्त्रता । यसर्थ दासमाथि हज्ज अनिवार्य छैन किनकि त्यो स्वयम् यसको क्षमता राख्दैन ।

**पाँचौं शर्तः** आर्थिक र शारीरिक क्षमता हुनु । अर्थात त्यससित यति माल होस् जुन हज्जको यात्रा र त्यसको समस्त आवश्यकताको लागि जति राशि लाग्छ ती समस्तको लागि प्रयाप्त होस्, र यो धनराशि त्यसको श्रृण तिर्ने र त्यसमाथि अनिवार्य खर्च, र त्यसको दैनिक अनिवार्य खर्चहरू र खानपान, लुगा कपडा, विवाह घरबार र सवारी साधनको खर्चभन्दा अधिक र बढी होस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلِلَّهِ عَلَى ٱلنَّاسِ حِجُّ ٱلۡبَيۡتِ مَنِ ٱسۡتَطَاعَ إِلَيۡهِ سَبِيلٗاۚ ﴾ آل عمران: ٩٧

अर्थ : मानिसहरूमाथि अल्लाहको यो हक छ कि जसले त्यस घरसम्म पुग्ने सामर्थ्य राख्दछ, त्यसले हज्ज (धार्मिक यात्रा) गरोस् । ( सूरतु आले इम्रान ९७ )

र हज्जको क्षमता मध्ये यो पनि हो कि महिलाको लागि त्यसको मुहरिम पनि उपलब्ध होस् । यसर्थ त्यस महिलामाथि हज्ज अनिवार्य छैन जसको कुनै मुहरिम नहोस्, किनकि यस्तो अवस्थामा त्यसलाई यात्रा गर्नु अवैधानिक छ किनकि कुनै महिलाको लागि चाहे त्यो हज्जको यात्रा होस् वा कुनै अरु यात्रा होस् चाहे लामो यात्रा होस् वा सानो अवधिको यात्रा होस्, त्यसको साथ महिलाहरू होउन् वा नहोउन्, त्यो सुन्दरी होस् वा कुरूप, नवयौवना होस् वा वृद्ध, त्यो यात्रा जहाजद्वारा होस् वा कुनै अरु कुराको माध्यमले बिना मुहरिम त्यसको यो यात्रा जायज छैन । किनकि हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको हदीसमा छ कि उहाँले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई खुत्बा दिदै यो सुन्नु भयो उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भनिराख्नु भएको थियो किः “ कुनै पनि महिला कुनै पनि अपरिचित मान्छेसंग एकान्तमा बिना मुहरिम नजाओस् र कुनै पनि महिला बिना मुहरिम यात्रा नगरोस्, त एउटा मान्छेले भन्योः हे अल्लाहका रसूल मेरो स्वास्नी हज्जको लागि

निस्केको छे, र मैले फलाँ फलाँ युद्धको लागि आफूलाई नामांकित गरिसकेको छु, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जाऊ, र आफ्नो स्वास्नीको साथमा हज्ज गर " ।

त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यहाँ यो विवरण माँग्नु भएन कि त्यसको स्वास्नीको साथ महिलाहरू छन् कि छैनन्, र त्यो सुन्दरी र नवयुवती छे कि छैन ? र त्यो सुरक्षित छे कि छैन ।

र महिलालाई बिना मुहरिम यात्राबाट रोक्ने तत्वदर्शिता यो हो : त्यसलाई प्रत्येक प्रकारको बुराई र अशुद्धिबाट सुरक्षित राख्नु, र दोषी पापीहरू र वासना पूजारीहरूबाट सुरक्षा प्रदान गर्नु, किनकि महिलाको सोच विचार बुद्धि विवेक सीमित छ र त्यो आफ्नो सुरक्षा गर्नुमा पनि असूक्षम छे, र त्यो पुरुषहरूको चाहना पनि हो । यसर्थ तत्वदर्शिता यसैमा थियो कि महिलाहरूलाई बिना मुहरिम यात्रा गर्नुबाट रोक लगाइयोस् जसद्वारा त्यसको रक्षा गरियोस् । र यसैकारण मुहरिमको लागि यो शर्त र बन्देज छ कि त्यो व्यस्क र बुद्धिमान होस्, यसर्थ सानो र पागल एवं बुद्धिहीन मुहरिम प्रयाप्त हुँदैन ।

र मुहरिम महिलाका ती समस्त आफन्ती पुरुषहरू हुन् जससित त्यसलाई विवाह गर्नु सदैंवको लागि हराम होस्, चाहे त्यो साक्खे नाताको कारण होस् वा दूधिया नाताको कारण वा वैवाहित रिश्ताको कारण वा अरु कुनै नाताको कारण होस् ।

## साक्खे नाताबाट सात प्रकारका पुरुषहरू मुहरिम हुन्

१- अल् उसूल: अर्थात बाबु बाजेहरू जति माथिल्लो वंशश्रेणीको भए पनि जसरी बाबुको बाबुको .....बाबु वा आमाको बाबुको बाबुको ....बाबु । र यिनी चाहे बुवाको तर्फबाट होउन् वा आमाको तर्फबा ।

२- फुरूअ्: अर्थात छोरा र छोराका छोराहरू ..., र छोरीका छोराहरू चाहे जति तल्लो वंशश्रेणीका होउन् ।

३- भाइहरू: चाहे साक्खे भाइ होउन् वा आमाको तर्फबाट ( आमा एउटै होस् र पिता दुई) भाइ होउन् ।

४- काकाहरू (चाचाहरू): चाहे साक्खे काकाहरू होउन् वा बुवा वा आमाको नाताले, चाहे स्त्रीका काका होउन् वा त्यसका पूर्वजहरूको वा त्यसकी आमाहरूको काका, किनकि मान्छेको आमा बुवाको काका पनि

त्यसका काकाहरू हुन् र त्यसको सन्तानको पनि काका नै हो, चाहे जति तल्लो वंशश्रेणीका किन नहोउन् ।

५- मामाहरू: चाहे स्त्रीका मामाहरू होउन् वा त्यसका बाबु बाजेका वा त्यसकी आमाहरूको, किनकि मान्छेको मामा त्यसको मामा हुनुको साथै त्यसको सन्तानको पनि माम हो चाहे जति तल्लो वंशश्रेणी भए पनि ।

६- भाइका छोराहरू, र भाइका छोराहरूका छोराहरू, र भाइका छोरीहरूका छोराहरू चाहे जति तल्लो वंशश्रेणीका किन नहोउन्, चाहे साक्खे नाताका होउन् वा बुवा वा आमाको नाताले ।

७- दिदीबहिनीका छोराहरू र तिनका छोराहरूका छोराहरू र तिनका छोरीहरूका छोराहरू चाहे जति तल्लो वंशश्रेणीका किन नहोउन्, वा आमा अथवा बुवाको नाताले होउन् (जसलाई हाम्रो समाजमा सौतेला भनिन्छ) ।

र धूधिया नाताबाट पनि त्यही मानिसहरू हराम (मुहरिम) भइहाल्छन् जुन वंशबाट हराम छन्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: “दूधिया नाताबाट (विवाह गर्नु) उस्तै हराम छ जसरी वंशको नाताबाट ” । (बुखारी, मुस्लिम)

## वैवाहित नाताको कारण चार प्रकारका मानिसहरूबाट विवाह गर्नु हराम भइहालछ

१- स्त्रीको लोग्नेको बुवा बाजेहरू, चाहे बुवाको तर्फबाट होउन् वा आमाको तर्फबाट, चाहे जाति उच्च वंशश्रेणीका किन नहोउन् ।

२- स्त्रीको लोग्नेका छोराहरू र छोराका छोराहरू, र लोग्नेकी छोरीहरूका छोराहरू चति तल्लो वंशश्रेणीका भए पनि ।

३- स्त्रीकी छोरीहरूका लोग्नेहरू, र त्यसकी छोरीहरूकी छोरीहरूका लोग्नेहरू, र त्यसका छोराहरूकी छोरीहरूका लोग्नेहरू चाहे जति तल्लो वंशश्रेणीका किन नहोउन् । र यिनीहरू मात्र सही र शुद्ध निकाह सम्पन्न भए पश्चात नै हराम भइहाल्छन् चाहे एकान्त र सम्भोग भएको होस् वा नभएको होस् ।

४- स्त्रीकी आमाहरू र आमाहरूकी आमाहरूका लोग्नेहरू (अर्थात नानाहरू) चहे जाति उच्च वंशश्रेणीका किन नहोउन्, र चाहे बुवाको तर्फबाट होउन् वा आमाको तर्फबाट (अर्थात साक्खे होउन् वा सौतेला) । तर यिनीहरूको हराम हुनुको लागि शर्त छ कि सही र शुद्ध विवाह भए पश्चात सम्भोग वा एकान्त घटित भएको होस् । यसर्थ यदि यिनी मध्ये कसैले कुनै महिलाबाट विवाह गऱ्यो र सम्भोग गर्नुभन्दा अगावैं त्यस महिलालाई तलाक दियो भने यस महिलाकी छोरीहरूको लागि त्यो हराम भएन त्यसकी छोरीहरू यस मान्छेबाट विवाह गर्न सक्छिन् ।

यसर्थ मान्छे यदि आफ्नो मालको कारण हज्ज गर्नुमा सूक्ष्म छैन भने त्यसमाथि हज्ज अनिवार्य छैन, र यस्तै यदि मान्छे आफ्नो मालद्वारा त सूक्ष्म छ तर शारीरिक तौरले सूक्ष्म छैन त हेरिन्छ कि यदि त्यसको असमर्थता यस्तो छ जुन सिद्धिन्छ जसरी कुनै रोग लागेको छ जुन ठीक हुन्सक्छ त रोग निको हुनुसम्म प्रतिक्षा गरिन्छ, अनि रोग निको भए पश्चात त्यो आफ्नो हज्ज आफै गरोस् । तर यदि त्यसको असमर्थता यस्तो खालको छ जसको अन्त्य हुँदैन जसरी त्यसलाई यस्तो रोग लागेको छ जसको संचो हुने सम्भावना छैन वा त्यो अति वृद्ध अवस्थामा पुगिसकेको छ कि सवारीमा राम्ररी बस्न पनि सक्दैन, त त्यसको तर्फबाट कोही हज्ज गरोस् । जस्तोकि इब्ने अब्बासको हदीसमा

वर्णित छ कि: " खुसउम गोत्रको एउटी महिलाले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भनि: हे अल्लाहको रसूल मेरो बुवामाथि अल्लाहले अनिवार्य गरेको हज्ज अनिवार्य भइसकेको छ, तर उनी यति वृद्ध भएसकेका छन् कि सवारीमाथि राम्ररी बस्न सक्दैनन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिमी त्यसको तर्फबाट हज्ज गर "। ( बुखारी, मुस्लिम, तिर्मिजी, नेसाई अबु दाऊद, इब्ने माजा)

त यी हज्जका शर्तहरू हुन् जसलाई मान्छेमा पाइनु अति आवश्यक छ नत त्यसमाथि हज्ज अनिवार्य हुँदैन, र यी शर्तहरूमा तत्वदर्शिता दया र न्याय निसाफ नीहित छन्, र अल्लाहभन्दा तत्वदर्शी को हुनसक्छर ? आस्थावानहरू र सोचविचार गर्नेहरूको दृष्टिमा ।

# तेस्रो अध्याय

## मीकातहरू र हज्जका थरीहरूको बारेमा

**मीकात दुई प्रकारका हुन्छन्: सामयिक र स्थानिक :**

त हज्ज गर्नुको लागि समयसीमा निर्धारित छ तर उमराको लागि कुनै समयसीमा छैन, किनकि अल्लाहको फर्मान छ :

﴿ ٱلْحَجُّ أَشْهُرٌ مَّعْلُومَٰتٌ ﴾ البقرة: ١٩٧

अर्थ : हजका महिनाहरू निर्धारित छन् । ( सूरतुल् बकर: १९७ )

र यी महिनाहरू तीन छन्: शौवाल, जुल् कअ्दा र जुल् हिज्जा ।

र रह्यो स्थानिक मीकातहरू त यी पाँच छन् जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले निर्धारित गरेका छन् । बुखारी र मुस्लिममा इब्ने अब्बासको माध्यमले एउटा हदीस वर्णित छ इब्ने अब्बास वर्णन गर्नुहुन्छ कि: " रसूल सल्लल्लाहो अलैहे वसल्लमले मदीनाबासीहरूको लागि जुल्हुलैफालाई मीकात निर्धारित गर्नु भयो, र शामबासीहरूको लागि जुहफा, र नजदबासीहरूको लागि करनुल् मनाजिल, र यमनबासीहरूको लागि यलमलम, त यी मीकातहरू यिनीहरूको लागि हुन् र ती मानिसहरूको लागि पनि जुन हज्ज र उमराको मनसायले यसबाट गुज्रन्छन्, र जुन यी मीकातहरूको सीमाभित्र छन् उनीहरूको मीकात उनीहरूका बासस्थान हुन्, र यस्तै मक्का बासस्हरूको लागि मक्का नै मीकात हो " ।

र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: " रसूल सल्लल्लाहो अलैहे वसल्लमले इराकबासीहरूको लागि जाते इर्क मीकात निर्धारित गर्नु भयो " । ( अबू दाऊद, नेसाई )

☐ पहिलो: **जुल्हुलैफा** : र यसलाई आबारे अली पनि भनिन्छ, र यस मीकात र मक्का बीच दश चरणको अवधि जतिको दूरी छ अर्थात दश दिन जतिको दूरी छ (४०८ कि.मी.) जुन मदीनाबासी र ती समस्त मानिसहरूको लागि मीकात हो जुन यसबाट गुज्रन् ।

☐ दोस्रो: **जुहफा** : यो एउटा प्राचीन गाउँ हो जस गाउँ र मक्का बीच तीन चरणको अवधि जतिको दूरी छ (१८४ कि. मी.), र यो गाउँ

नष्ट भइसकेको छ यसैकारण मान्छेहरू राबिगबाट एहराम लगाउँछन्, र यो शामबासी र जुन यसबाट गुज्रन्छन् तिनका लागि मीकात हो यदि यसभन्दा पहिला जुल्हुलैफाबाट नगुज्रेका होउन्, तर यदि जुल्हुलैफाबाट गज्रे भने त्यसैबाट एहराम लगाउनु अनिवार्य भयो ।

 तेस्रो: **करनुल् मनाजिल** : र यसलाई सैल पनि भनिन्छ, र यसको र मक्काको बीच दुई चरणको अवधि जतिको दूरी छ (७८ कि. मी.), र यो नजदबासीहरू र जुन यसबाट गुज्रन तिनको लागि मीकात हो ।

 चौथो: **यलमलम** : यो एउटा पर्वत हो, वा तहामा नामक स्थानमा कुनै ठाउँ हो, र यसको र मक्काको बीच दुई चरणको अवधि जतिको दूरी छ (१२० कि. मी.), र यसलाई सअ्दीया पनि भनिन्छ, र यो यमनबासी र जुन मान्छेहरू यसबाट गुज्रन्छन् तिनको लागि मीकात हो ।

 पाँचौं: **जाते इर्क** : र नजदबासीहरू यसलाई जरबीया भन्छन् र यस मीकात र मक्का बीच दुई चरणको अवधि जतिको दूरी छ (१०० कि. मी.), र यो इराकबासी र जुन मानिसहरू यसबाट गुज्रन्छन् तिनको लागि मीकात हो ।

र जुन मानिसहरू यी मीकातहरूभित्र छन् तिनका मीकात तिनका बासस्थान हुन् तिनीहरू त्यहीँबाट एहराम लगाउँछन्, यहाँसम्म कि मक्काबासीहरू मक्काबाटै एहराम लगाउँछन् उमरा बाहेक, उमराको लागि मककाबासीहरू नजिकको हरमको सीमामा गएर एहराम लगाउँछन्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले अब्दुर्रहमान बिन अबू बक्रसित भनेका थिए: " आफ्नो बहिनीलाई लिएर (हजरत आइशालाई लिएर) हरमको सीमाबाट बाहिर निसक, त्यस समय जब हजरत आइशाले उमरा गर्ने इच्छा प्रकट गरेका थिइन्, ताकि उनी त्यहाँबाट एहराम लगाएर आउन् " । (बुखारी, मुस्लिम)

र जसको मार्ग यी मीकातहरूको दायाँ अथवा बायाँतर्फ भएर प्रचलित छ त तिनीहरू जब मीकातहरूको समान ठाउँमा पुगुन् त एहराम लगाउन्, र यदि केही मानिसहरू यस्ता छन् जुन कुनै मीकात

वरिपरिबाट नग्‌ज्रुन्‌ जसरी सुडानबासीहरू त उनीहरू जद्‌दा पुगेर एहराम लगाउन्‌ ।

(तर मेरो विचारमा संसारको कुनै यस्तो मानिस छैन जुन मीकातभन्दा बाहिरबाट मक्का आइरहेको होस्‌ अनि त्यो मीकातबाट वा मीकातको समान र बाराबर ठाउँबाट नगुज्रोस्‌, किनकि मीकात मक्काको चारैतर्फबाट छ त त्यसको समान सीमा बाटोमा पर्नु उस्तै जरुरी छ जसरी कुनै फुटबाल अथवा क्रिकेटको मैदानमा पस्नुको लागि त्यसमा खिंचिएको सेतो सीमांकन गरिएको रेखाबाट गुज्रनु जरुरी छ, त मीकातको सीमांकन पनि यस्तैखालको छ, चारैतिरबाट मकका मीकातहरूबाट घेरिएको छ यसर्थ जताबाट मक्का आएमा प्रत्यक्ष मीकात पर्छ वा मीकातको बाबरीको ठाउँ जहाँबाट एहराम लगाउनु अनिवार्य छ, र यो असम्भव छ कि कुनै मानिस बिना त्यस सीमालाई पार गरि मककामा पसोस्‌ । यसर्थ मेरो दृष्टिमा संसारको कुनै यस्तो बासी छैन जसलाई मीकातको सीमा नपर्ने कारण जद्‌दाबाट एहराम लगाउने आवश्यकता परोस्‌ हाँ अरु कारणले गर्दा कदाचित यस्तो सम्भव हुन्सक्छ । **अनुवादक**)

र जुन मानिसहरू हज्ज र उमराको नीयतले यी मीकातहरूबाट गुज्रुन्‌ त उनीलाई बिना एहराम लगाइकन्‌ मीकातबाट ग्‌ज्रनु जायज छैन । यसर्थ यदि कोही वायुमण्डलमा हवाइजहाजमा छ र उमरा अथवा हज्जको नीयतले आइरहेको छ भने त्यसमाथि अनिवार्य छ कि जब माथिबाट मीकातबाट ग्‌ज्रोस्‌ त एराम लगाइहालोस्‌ अर्थात मीकातमाथि पुग्नुभन्दा अघि नै एररामको लुगा लगाइहालोस्‌, र जब मीकातको माथिबाट गुज्रोस्‌ त नीयत गरिहालोस्‌, र यस्तो अवस्थामा त्यसको लागि एहरामलाई जददासम्मको लागि अवलम्बित गर्नु जायज छैन । किनकि यो कुरो अल्लाहको सीमा अतिक्रमण गर्नु अन्तर्गत आउँछ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَقَدۡ ظَلَمَ ﴾ الطلاق: ١

अर्थ : र जो अल्लाहका सीमाहरूभन्दा अगाडि बढ्‌नेछ, त्यसले आफूमाथि नै अत्याचार गर्नेछ । ( सूरतुत्तलाक १ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَأُوْلَٰٓئِكَ هُمُ ٱلظَّٰلِمُونَ ٢٢٩ ﴾ البقرة: ٢٢٩

अर्थ : र जुन मानिसहरू अल्लाहका सीमाहरूको उल्लंघन गर्छन्, तिनीहरू अत्याचारी हुन् । ( सूरतुल् बकर: २२९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَن يَعْصِ ٱللَّهَ وَرَسُولَهُۥ وَيَتَعَدَّ حُدُودَهُۥ يُدْخِلْهُ نَارًا خَٰلِدًا فِيهَا وَلَهُۥ عَذَابٌ مُّهِينٌ ١٤ ﴾ النساء: ١٤

अर्थ : र जसले अल्लाह र उसको रसूल (सल्लल्लाहो अलैहे वसल्लम) को आज्ञा उल्लघंन गर्नेछ र उसबाट निर्धारित सीमाको अतिक्रमण गर्दछ, त्यसलाई अल्लाहले नर्कमा हाल्ने छ, जसमा कि ऊ सधैं रहने छ र त्यस्तैलाई यो अपमानजनक सजाय हो । ( सूरतुन्निसा १४ )

र जुन मान्छे हज्ज अथवा उमराको नीयतले मीकातबाट आएको छैन तर केही समय पश्चात हज्ज अथवा उमरा गर्ने इच्छाको उत्पात हुन्छ, त त्यो मान्छे त्यसै स्थानबाट एहराम लगाओस् जहाँ त्यसको इच्छाको उत्पात भयो, किनकि बुखारी र मुस्लिमको इब्ने अब्बासको त्यस हदीसमा जसमा मीकातहरूको वर्णन छ कि: जुन यस बाहेक छन् उनी त्यहाँबाटै एहराम लगाउन् जहाँबाट नीयत गरुन् । यसर्थ जुन मान्छे उमरा र हज्जको नीयतले होइन बरु मक्कामा कुनै आवश्यकता र स्वार्थको लागि वा कसैको जियारतको लागि वा कुनै आफन्तीसित भेंट्नुको लागि वा चिकित्सा र व्यापारको लागि जान्छ, त त्यसमाथि एहराम लगाउनु अनिवार्य छैन जबकि त्यो अनिवार्य हज्ज र उमरा गरिसकेको होस्, इब्ने अब्बासको हदीस बमोजिम कि: " यी मीकातहरू तिनका लागि मीकात हुन् जुन हज्ज र उमराको उद्देश्यले यसबाट गुज्रन्छन् " । तसर्थ जसले हज्ज एवं उमराको नीयतले आएको छैन त्यसमाथि एहराम लगाउनु अनिवार्य छैन, र हज्ज र उमराको इच्छा गर्नु पनि त्यसमाथि अनिवार्य छैन, किनकि त्यसले आफ्नो अनिवार्य हज्ज र उमरा गरिसकेको छ । र यी दुवै अर्थात हज्ज र उमरा पूर्ण जीवनमा मात्र एक पटक नै अनिवार्य छन्, किनकि जब नबी

सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो किः " के यो प्रत्येक साल अनिवार्य छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हज्ज एक पटक अनिवार्य छ, र यसभन्दा बढी नफिली हज्ज हुन्छ, र यस्तै उमरा पनि जीवनमा मात्र एक पटक अनिवार्य छ " ।

तर यदि कोही हज्जका सम्मानित महिनाहरूमा यी मीकातहरूबाट गुज्रन्छ त त्यसलाई चाहियो कि त्यो हज्ज अथवा उमराको एहराम लगाओस् चाहे त्यसले अनिवार्य हज्ज र उमरा किन नगरिसकेको होस् ताकि त्यसलाई यसको पुण्य मिलोस् र यसबारेमा मतभेदको शंकास्पद कुराहरूबाट टाढा रहोस् ।

**हज्जका तीनवटै थरीहरू**

□ पहिलोः **हज्जे तमत्तुअ्** : र यसको अर्थ हो किः मान्छे हज्जका सम्मानित महिनाहरूमा मात्र उमराको लागि एहराम लगाओस्, अनि तवाफ (परिक्रमा) सई (सफा मरवा बीचको दौड) गरेर कपाललाई खौराएर अथवा कटाएर त्यसलाई सम्पन्न गरोस्, र आफ्नो एहरामलाई फुकाली हलाल (एहरामको बन्देजबाट मुक्त) भइहालोस्, अनि त्यसै वर्ष हज्जको निर्धारित समयमा हज्जको एहराम लगाओस् ।

□ दोस्रोः **हज्जे केरान** : र यसको अर्थ हो किः मान्छे हज्ज र उमराको एकैचोटि नीयतगरी एहराम लगाओस्, वा उमराको नीयतले एहराम लगाओस् तर तवाफ गर्नुभन्दा अघि नै त्यसै एहरामको अवस्थामा हज्जको पनि नीयत गरिहालोस् । त जब हज्जे केरान गर्ने व्यक्ति मक्का पुगोस् त पहिला तवाफे कुदूम (आरम्भिक परिक्रमा) गरोस् र सफा मरवाको सई गरोस् जुनकि त्यसको उमरा र हज्ज दुवैको लागि प्रयाप्त हुन्छ, अनि आफ्नो एहराममा बाँकी नै रहोस् यहाँसम्म कि कुर्बानीको दिन (कंकरी हानेर कुर्बानी गरी र कपाल खौराई) हलाल भइहालोस् अर्थात आफ्नो एहरामलाई फुकालोस् । र यस मान्छेको लागि यो पनि जायज छ कि तवाफे कुदूमको साथ सई नगरोस् बरु त्यसलाई हज्ज पश्चात गर्नुको लागि छाडिदेओस्, र यस्तो गर्नु त्यस समय अति उत्तम मानिन्छ जब हाजी मक्कामा विलम्बले पुगेको होस् र यस्तो अवस्थामा यदि त्यो सई गर्छ भने हज्ज छूट्ने

खतरा र शंका छ अर्थात अरफातको चौरमा पुग्नु असम्भव देखिन्छ भने सईलाई हज्जपछि गर्नु अति उत्तम छ ।

□ तेस्रो: **हज्जे इफ्राद** : र यसको अर्थ हो कि: मान्छे मात्र हज्जको नीयतले एहराम लगाओस्, त यस्तो गर्ने मान्छे जब मक्का पुगोस् त तवाफे कुदूम गरोस् र हज्जको सई पनि गरोस् र आफ्नो एहराममा बाँकी रहोस् यहाँसम्म कि कुर्बानीको दिन त्यसबाट हलाल भइहालोस् । र यस मान्छेको लागि यो पनि जायज छ कि सईलाई हज्ज पश्चात गर्नुको लागि छाडिदेओस् जस्तोकि हज्जे केरान गर्ने मान्छे गर्नसक्छ । र यसबाट यो प्रष्ट भयो कि हज्जे इफ्राद गर्ने मान्छे र हज्जे केरान गर्ने मान्छे दुवै एकनास छन् केवल एउटा भिन्नता छ र त्यो हो कि हज्जे केरान गर्ने मान्छेमाथि हज्जको बलि पनि छ जबकि हज्जे इफ्राद गर्ने मान्छेमाथि बलि गर्नु छैन ।

र हज्जका समस्त थरीहरू मध्ये हज्जे तमत्तुअ् सर्वश्रेष्ठ छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना साथीहरूलाई यसको प्रेरण दिनुको साथै आदेश पनि गरेका थिए, बरु यो आदेश दिएका थिए कि अआफ्ना हज्जका नीयतहरूलाई उमराको नीयतमा परिणत गरिहालुन् ताकि हज्जे तमत्तुअ् गर्नसकुन् । इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि उनिसित जब हज्जे तमत्तुअ्को बारेमा प्रश्न गरियो त उनले भने : “ मुहाजेरीन (प्रवासीहरू) र अन्सारीहरू (प्रवासीहरूको सहायता गर्ने मदीनाबासीहरू) र नबी सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरूले अन्तिम हज्जको अवसरमा हज्जको एहराम लगाए, त जब सबै मकका पुगे त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: अआफ्ना हज्जका नीयतहरूलाई उमराको नीयतमा परिणत गरिहाल ती मानिसहरू बाहेक जुन हज्जको बलिको जनावर आफ्नो साथ ल्याएका छन्, अनि हामीहरूले बैतुल्लाहको तवाफ र सफा मरवाको सई गरेर हलाल भएँ, र आफ्नो स्वास्नीहरूसित सहवास गरेर लुगा पनि लगाएं ” । (बुखारी)

र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: “ हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ हज्जको लागि एहराम लगाएर निस्कें, र हामीहरूको साथमा महिला र बच्चाहरू पनि थिए, अनि जब

हामी मक्कासम्म पुगें त कअ्बाको परिक्रमा र सफा मरवाको सई गरें, त रसूल  रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूसित भन्नु भयोः जससित बलिको जनावर (हदिय्) छैन त्यो हलाल भइहालोस् अर्थात एहराम फुकालोस्, त हजरत जाबिर भन्छन् कि हामीले सोधौं: के तपाईको भनाईको तात्पर्य यो छ कि हामी हलाल भइहालौं ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो पूर्ण तौरले हलाल भइहाल, त हजरत जाबिरको भनाई छ कि अनि हामीहरूले अआफ्ना स्वास्नीहरूसित सम्भोग पनि गरें र लुगा पनि लगाएँ, र सुगन्ध पनि प्रयोग गरें, अनि जब तरवीयाको दिन आयो (८ जिलहिज्जाको दिन) त हामीले पुनः हज्जको लागि एहराम लगायौं " । (मुस्लिम)

र मुस्लिमको आर्को हदीसमा वर्णित छ किः "  रसूल सल्लल्लाहो अलैहे वसल्लम हामी बीच उभेर भनेः तिमीहरूलाई यो थाहै छ कि म तिमीहरूभन्दा अधिक अल्लाहसित डरनेवाला र सबैभन्दा अधिक सत्य कुरा भन्नेवाला र दयावान र उपकारी छु, र यदि मसित यो बलिको जनावर नभएको भए म पनि तिमीहरू भैं हलाल भइहाल्ने थिएँ, र यदि मलाई यसको पहिलादेखि नै ज्ञान हुन्थ्यो भने म बलिको जनावर आफ्नो साथमा ल्याउँदैन्थें, यसर्थ तिमीहरू हलाल भइहाल, अनि हामीहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कुरा सुनेर हलाल भएँ " ।

त यी हदीसहरू हज्जे तमत्तुअ्लाई अरु हज्जका थरीहरूबाट श्रेष्ठ सिद्ध गर्छन् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः " यदि मलाई यसको पहिलादेखि ज्ञान भएको भए आफ्नो साथ बलिको जनावर ल्याउँदैन्थें " त उहाँ  सल्लल्लाहो अलैहे वसल्लमलाई हलाल हुनुबाट मात्र बलिको जनावरले नै बाध्य गरेको थियो । र हज्जे तमत्तुअ् हाजीको लागि सरल पनि हुन्छ किनकि हज्ज र उमराको बीच हाजी लाभान्वित हुन्छ, र अल्लाहको यस फर्मानको यो नै अभिप्राय हो :

﴿ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلۡيُسۡرَ وَلَا يُرِيدُ بِكُمُ ٱلۡعُسۡرَ ﴾ البقرة: ١٨٥

अर्थ : अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता र असुविधा चाहदैन । ( सूरतुल् बकरः १८५ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः " मलाई सोभ्रो र दयावान धर्म दिएर पठाइएको छ " ।

र हाजी कहिले काहिँ हज्जे तमत्तुअ्को नीयत गर्छ तर त्यसको क्षमता आफूभित्र पाउँदैन अर्थात त्यसलाई आरफातको चौरसम्म पुग्नुभन्दा अघि पूर्ण गर्नसक्दैन त यस्तो अवस्थामा त्यसलाई चाहियो कि तवाफभन्दा अघि नै उमरालाई हज्जमा प्रविष्ट गरि हज्जे केरान गरिहालोस्, र यसका दुई उदाहरणहरू छन्:

**पहिलो उदाहरण:** एउटी महिलाले तमत्तुअ्को एहराम लगायो, तर उमराको तवाफ गर्नुभन्दा अघि नै त्यसलाई रजस्वला आयो वा त्यसलाई प्रसूतिको रगत आयो, र अरफातको चौरमा उभिने दिनसमम पवित्र हुने कुनै सम्भमावना छैन, त यस्तो अवस्थामा त्यो हज्जको एरामको नीयत गरि हज्जे केरान गर्नेवाली भइहाल्छे, र त्यो पनि ती समस्त कार्यहरू गर्छे जुन हाजीहरू गर्छन् तवाफ र सई बाहेक यहाँसम्म कि पवित्र भई स्नान गरोस् अनि बैतुल्लाहको तवाफ र सफा मरवाको सई गरोस् ।

**दोस्रो उदाहरण :** एउटा मान्छेले हज्जे तमत्तुअ्को एहराम लगायो तर वकूफे अरफाको समयभन्दा अघि मककामा प्रवेश गर्न सकेन, त त्यो हज्जलाई उमरामा प्रविष्ट गरेर हज्जे केरान गर्छ पहिला उमरालाई पूर्ण नगर्नुको कारण ।

# चौथो अध्याय

## हज्जको कुन कुन थरीमा बलि अनिवार्य छ र बलिको विशेषताहरूको बारेमा

तेस्रो अध्यायमा यो वर्णन गुज्रिसकेको छ कि हज्जका तीन थरीहरू छन् हज्जे तमत्तुअ्, हज्जे केरान, हज्जे इफ्राद । र जुन थरीहरूमा बलि गर्नु अनिवार्य छ ती हुन् तमत्तुअ् र केरान, र मुतमत्तेअ् (तमत्तुअ् गर्ने मान्छे) त्यो हो जुन हज्जका महिनाहरूमा उमराको एहराम लगाएर उमरालाई सम्पन्न गरेर हलाल भएको होस्, र त्यसै वर्ष हज्ज पनि गरोस् । यसर्थ यदि कुनै मान्छे शौवाल आउनुभन्दा अघि नै उमरा गर्‍यो र मक्कामा नै बसिराख्यो, र त्यसै साल हज्ज पनि गर्‍यो त त्यसमाथि बलि छैन किनकि त्यो तमत्तुअ् गरिरहेको छैन किनकि त्यसको उमरा हज्जका महिनाहरूमा सम्पन्न गरिएको छैन । र यदि त्यसले शौवाल महिना लागे पश्चात उमरा गर्‍यो र हज्ज त्यसै साल नगरिकन् आउनेवाला साल गर्छ भने यस्तो अवस्थामा पनि त्यसमाथि हज्जको बलि छैन किनकि त्यसको उमरा एक सालमा सम्पन्न भयो र हज्ज आर्को सालमा । र यदि कुनै मान्छेले हज्जका महिनाहरूमा उमरा गर्‍यो, अनि आफ्नो देश फर्क्यो, अनि त्यसै वर्ष मात्र हज्जको नीयतले पुन: एहराम लगाएर आयो, त यस अवस्थामा पनि त्यो हज्जे तमत्तुअ् गरिरहेको छैन किनकि त्यसले मात्र हज्जलाई एउटा पूर्ण यात्राद्वारा विशिष्ट गर्‍यो ।

र रह्यो कुरो केरानको  त यसको अर्थ हो: मान्छे हज्ज र उमराको एकैचोटि नीयत गरी एहराम लगाओस्, वा पहिला उमराको लागि एहराम लगाओस् अनि तवाफ गर्नुभन्दा अघि हज्जको नीयतलाई पनि त्यसैमा प्रविष्ट गरोस् जसरी कि पहिला नै वर्णन गरें ।

तमत्तुअ् र केरान गर्ने मान्छेमाथि एक शर्तको साथ बलि गर्नु अनिवार्य हुन्छ र त्यो शर्त हो कि त्यो मान्छे हरमको सीमाभित्र बसोबास गर्ने मान्छे नहोस् अर्थात मक्का वा मक्काका वरिवरि भएको हुदूदे हरममा बस्ने मान्छे नहोस् बरु बाहिरबाट आएको होस् । यसर्थ यदि मक्काबासी होस् वा हरमको सीमाभित्र बस्ने मान्छे होस् त त्यसमाथि हज्जको बलि छैन जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ذَٰلِكَ لِمَن لَّمۡ يَكُنۡ أَهۡلُهُۥ حَاضِرِي ٱلۡمَسۡجِدِ ٱلۡحَرَامِۚ ﴾ البقرة: ١٩٦

अर्थ : यो आदेश ती मानिसहरुको लागि हो जो मक्काका बासिन्दा होइनन् । ( सूरतुल् बकर: १९६ )

र जद्दाबासीहरू माथि बलि गर्नु अनिवार्य छ जब उनीहरू हज्जे तमत्तुअ् अथवा केरान गरुन् किनकि उनीहरू मक्काबासी होइनन् । र जुन व्यक्ति मक्काबासी होस् अनि विद्या प्राप्त गर्ने वा व्यवसाय गर्ने उद्देश्यले मक्काबाट बाहिर गएको छ, अनि तमत्तुअ् अथवा केरानको नीयत गरेर मकका आउँछ भने यस्तो अवस्थामा पनि त्यसमाथि बलि छैन किनकि हुकुम त्यसको वास्तविक बासस्थानको दृष्टिले लगाइन्छ जुनकि मक्का नै हो । तर यदि कुनै व्यक्ति मक्काबासी थियो तर त्यसले आफ्नो बसाईलाई कुनै आर्को ठाउँमा सार्‍यो, अनि हज्जे तमत्तुअ् वा केरानको नीयतले मक्कामा आयो भने त्यसमाथि बलि छ किनकि अहिले त्यो मक्काबासीको हुकुममा छैन ।

र यदि कुनै मान्छे जुन हज्जे तमत्तुअ् वा केरान गरिरहेको छ र त्यससित बलिको जनावर छैन नत त्यससित यति पैसा छ कि बलिको जनावर किनोस्, अर्थात त्यससित मात्र यति माल छ जुन त्यसको आवत जावत र खानपानको आवश्यकतामा खर्च भइहाल्छ, त यस्तो अवस्थामा त्यस मान्छेमाथिबाट पनि बलि गर्नु माफ छ तर यसको सट्टामा त्यसलाई व्रत बस्नुपर्छ जस्तोकि अल्लाहको फर्मान छ:

﴿ فَمَن تَمَتَّعَ بِٱلۡعُمۡرَةِ إِلَى ٱلۡحَجِّ فَمَا ٱسۡتَيۡسَرَ مِنَ ٱلۡهَدۡيِۚ فَمَن لَّمۡ يَجِدۡ فَصِيَامُ ثَلَٰثَةِ أَيَّامٖ فِي ٱلۡحَجِّ وَسَبۡعَةٍ إِذَا رَجَعۡتُمۡۗ تِلۡكَ عَشَرَةٞ كَامِلَةٞۗ ﴾ البقرة: ١٩٦

अर्थ : (तिमीहरूमध्ये) जसले उमराको बेलादेखि हजसम्म लाभान्वित हुन चाहन्छ उसमा क्षमता छ भने कुर्बानी गरोस् र जसलाई कुर्बानी गर्ने क्षमता छैन उसले तीन दिनको उपवास हजका दिनहरूमा पूरा गरोस् र सात दिनको रोजा आफ्नो घर फर्केपछि । यी पूरा दश दिन भए । ( सूरतुल् बकर: १९६ )

र मान्छेको लागि यो पनि जायज छ कि तीन दिन तश्रीकका दिनहरूमा व्रत बसोस् अर्थात ११,१२,१३ जिलहिज्जाको दिन व्रत बसोस्

जस्तोकि हजरत आइशा र हजरत इब्ने उमरको भनाई छ उहाँहरूको वर्णन छ कि: " तशरीकका दिनहरूमा कसैलाई व्रत बस्नुको अनुमति छैन त्यस मान्छे बाहेक जससित हज्जको बलिको जनावर नहोस् " । ( बुखारी)

र मान्छेको लागि यो पनि जायज छ कि यसभन्दा पहिला नै व्रत बसोस् अर्थात उमरा गरे पश्चात नै व्रत बसिहालोस् जबकि त्यसलाई पहिलादेखि नै यो ज्ञान होस् कि त्यो बलि गर्ने क्षमता राख्दैन किनकि अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि "प्रलयसम्मको लागि उमरा हज्ज मध्येको हो" । त जसले उमरामा तीन दिनको व्रत बस्यो त्यसले हज्जमा व्रत बसे सरह छ, तर कुर्बानीको ईदको दिन व्रत नबसोस् किनकि अबू सईद खुदरीको हदीसमा छ कि: " रसूल सल्लल्लाहो अलैहे वसल्लमले ईद र बक्रीदको दिन व्रत बस्नुबाट मनाही गरेका छन् " । (बुखारी, मुस्लिम )

र मान्छेको लागि यो पनि जायज छ कि मान्छे तीनवटै व्रतहरूलाई एकैचोटि निरंतरताले बसोस् वा भिन्न गरेर अलग अलग बसोस्, तर यो उचित छैन कि तश्रीकका दिनहरूभन्दा पनि यसमा विलम्ब गरोस् ।

र रह्यो कुरो बाँकी सात व्रतहरूको त त्यसलाई तब बसोस् जब आफ्नो घर फर्कोस्, र यी सातवटै व्रतलाई पनि चाहे निरंतरताले एकैचोटि बसोस् वा अलग अलगगरी छुट्टा छुट्टै बसोस्, यसमा कुनै आपत्ति छैन, किनकि अल्लाहले मात्र व्रत अनिवार्य गरेको छ र यो शर्त लगाएको छैन कि यसलाई एकैचोटि बसियोस् ।

## बलिको जनावरको बारेमा केही महत्वपूर्ण विवरण

- पहिलो विवरण : बलिको थरीको बारेमा ।
- दोस्रो विवरण : बलिको विशेषताको बारेमा ।
- तेस्रो विवरण : बलि गर्ने स्थानको बारेमा ।
- चौथो विवरण : बलि गर्ने समयको बारेमा ।
- पाँचौं विवरण : बलि गर्ने तरिकाको बारेमा ।
- छठौं विवरण : बलिको मासुलाई वितरण गर्नुको बारेमा ।

**हदिय् (बलि) का थरीहरू:** बलिको जनावर ऊँट, गाई, बाखा, र भेंडा मध्येको हुनुपर्छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلِكُلِّ أُمَّةٍ جَعَلْنَا مَنسَكًا لِّيَذْكُرُوا اسْمَ اللَّهِ عَلَىٰ مَا رَزَقَهُم مِّن بَهِيمَةِ الْأَنْعَامِ ﴾ الحج: ٣٤

अर्थ : र हामीले प्रत्येक समुदायको लागि कुर्बानीको तरिका निर्धारित गरेका छौं ताकि अल्लाहले जुन पशुहरू उनीहरूलाई दिएको छ त्यसमाथी, (हलाल गर्ने बेला) अल्लाहको नाम लेउन् । ( सूरतुल् हज्ज ३४ )

त अअल्लाहले यस श्लोकमा जुन पशु (बहीमतुल् अन्आम) को वर्णन गरेको छ त्यसको अर्थ ऊँट, गाई र बाखाहरू हुन् । र एक बाखा एक मान्छेको बलिको लागि प्रयाप्त छ । र एक गाई वा ऊँट सात मान्छेको बलिको लागि प्रयाप्त छ । जस्तोकि हजरत जाबिरको हदीसमा छ कि: “ रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यो आदेश दिनु भयो कि ऊँट र गाईमा हामी सात मान्छेहरू सहभागी होऔं ” । ( बुखारी, मुस्लिम)

**बलिको जनावरमा पाइने विशेषताहरू :** बलिको जनावरमा दुई विशेषता पाइनु जरुरी छ :

१- निर्धारित अनिवार्य उमेर सम्म पुग्नु, र यसको विवरण यस प्रकार छ:

ऊँट पाँच वर्षको भइसकेको होस्, गाई दुई वर्षको भइसकेको होस्, र बाख्रा एक वर्षको भइसकेको होस्, र भेंडा ६ महिनाको भइसकेको होस् । त वर्णित जनावरहरूलाई वर्णित उमेरसम्म पुग्नु अनिवार्य छ, र जुन वर्णित उमरेसम्म पुगेको हुँदैन त्यसको बलि पनि जायज छैन । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : “ वर्ष ( निर्धारित उमेर) पूर्ण नभएको जनावरलाई बलि नगर, यस अवस्था बाहेक कि तिमीलाई गरिबीको कारण त्यस्तो खालको मिल्नु असम्भव भइहालोस् त (जज्अह) ६ महिनाभन्दा बढी उमेरको भेडालाई बलि गर ” । ( यसलाई बुखारी बाहेक मुस्लिम, नेसाई, इब्ने माजा, अबू दाऊद तिर्मिजीले वर्णन गरेका छन् )

२- ती चारवटै ऐब र दोषबाट मुक्त हुनु जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले वर्णन गरेका छन् र जुन निम्न हुन्:

- काना जसको कानापना पूर्णतया जाहेर होस् त्यो बलिको लागि उपयुक्त छैन ।
- यस्तो रोगी जसको रोग जाहेर होस् ।
- खुट्टा आदि भाँचिएको वा कान आदि कुनै अंग कटेको जनावर जसको टूटफूट जाहेर होस् ।
- यस्तो दुब्लो पात्लो दुर्वल जनावर जसमा कुनै बोसो र स्वाद नहोस् ।

ज्सरीकि मुवत्ताको हदीसमा छ बराअ् बिन आजिब रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: “ रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि बलिको जनावरलाई कुन निषेधित कुराहरूबाट स्वच्छ हुनु जरुरी छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले संकेत गर्दै चार कुराहरूलाई वर्णन गर्नु भयो, र बराआ आफ्नो हातले संकेत गर्दै भन्छन् कि मेरो हात उहाँ सल्लल्लाहो अलैहे वसल्लमको हातभन्दा सानो छ, (र ती जनावर निम्न हुन) बाँगो जनावर (टूटफूट भएको जनावर) जसको बाँगोपना जाहेर होस्, काना जसको कानापना जाहेर होस्, र रोगी जसको रोग जाहेर होस्, र अति पात्लो जसमा गुदा ( बोसो) नहोस् ” ।

र रह्यो कुरो यस बाहेक ऐबहरूको जसरी कान र सींगका ऐबहरू त कान र सींगमा कुनै ऐब भएको जनावरको बलि मक्रुह छ तर बलिको लागि प्रयाप्त छ ।

यसर्थ बलिको जनावरमा यो विशेषता पाइनु उचित मानिन्छ कि त्यो सशक्त र हृष्टपुष्ट होस् र निर्धारित उमेरको होस् सुन्दर र हेर्नुमा राम्रो देखियोस् । र जनावर जति राम्रो हुन्छ अल्लाहलाई त्यति नै प्रिय लाग्छ किनकि अल्लाह सुनदर छ र सुन्दरतालाई मनपराउँछ ।

□ **बलिको स्थान :** रह्यो कुरो बलि गर्ने स्थानको त त्यसको स्थान **मिना** हो, र हरमको सीमाभित्र मककाको कुनै पनि ठाउँमा बलि गर्नसकिन्छ । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः " मककाका समस्त बाटो र गल्लीहरू बलि गर्ने स्थान हुन् " । ( अबूदाऊद)

र इमाम शाफईको भनाई छः पूर्ण हरम बलि स्थान हो यसर्थ हरमको सीमाभित्र जुनसुकै हाजी र उमरा गर्ने व्यक्तिले बलि गऱ्यो त्यसको बलि पूर्ण भयो, यसलेगर्दा यदि मककामा बलि गर्नु अधिक लाभदायक होस् भने मिनामा बलि नगरिकन् मककामा बलि गरोस् चाहे ईदको दिन होस् वा त्यस पश्चात तश्रीकका दिनहरूमा । तर जसले हरमको सीमा बाहिर बलि गर्छ जसरी अरफात ... आदिमा त त्यसको यो बलि गर्नु सही कथनानुसार प्रयाप्त छैन ।

□ **बलिको समय :** यसको मुख्य समय कुर्बानीको दिन अर्थात १० जिल्हिज्जाको दिन हो, जब सूर्य एक भाला बराबर जति उच्च भइहालोस् तबदेखि यसको समय आरम्भ हुन्छ, र १३ जिल्हिज्जाको सूर्य अस्त नहुन्जेल रहन्छ । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो बलि बक्रीदको दिन गर्नु भएको छ र भन्नु भएको छः " समस्त तश्रीकका दिनहरू जब्ह गर्ने (बलि गर्ने) दिन हुन् " । यसर्थ कुर्बानीको दिनभन्दा अघि बलि गर्नु जायज छैन किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कुर्बानीको ईदभन्दा अघि बलि गर्नु भएन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः "मसित हज्ज गर्ने तरिका सिकिहाल" । र यस्तै १३ जिल्हिज्जा पश्चात पनि बलि गर्नु दुरुस्त छैन, किनकि बलिको समय समाप्त भयो । र यी चार दिन

अर्थात १०, ११, १२, १३ जिल्हिज्जाको दिन र रात्री दुवैमा बलि गर्न सकिन्छ, तर दिनमा बलि गर्नु श्रेष्ठ छ ।

□ **बलि गर्ने तरिका :** ऊँटलाई बलि गर्नुको सुन्नतीय तरिका यो हो कि त्यसलाई उभेको अवस्थामा त्यसको बायाँ हात अर्थात अगाडिको खुट्टालाई बाँधेर नहर गरियोस्, (नहर ऊँटलाई जब्ह गर्ने एक प्रकारको तरिका हो जसमा ऊँट उभेकै अवस्थामा छाकुले त्यसको घाँटीको एउटा नसालाई काटिन्छ) अनि त्यसलाई बसालेर जब्ह गरियोस् । र ऊँट बाहेक समस्त बलिका जनावरहरूलाई जब्ह गर्ने तरिका यो हो कि त्यसलाई करवट (पहलूमा) लेटाएर जब्ह गरियोस् ।

र जब्ह एवं नहरमा भिन्नता यो छ कि नहर सीना (छाती) को निकट गरिन्छ र जब्ह टाउको निकट गरिन्छ । र नहर एवं जब्ह दुवैमा यो अनिवार्य छ कि दुवै प्रमुख नसाहरूलाई काट्ने कारण रगत निस्कोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः " जसले रगत बगायो र त्यसमाथि अल्लाहको नाम पनि पुकाऱ्यो त यस्तो जनावरको दाँत र खुर बाहेक सबै खाऊ " । (बुखारी, मुस्लिम)

र रगत दुवै नसालाई काटेर बगाइन्छ जुन घाँटीलाई घेरेको हुन्छ र अलि बाक्लो र सशक्त पनि हुन्छ, त जब घाँटीलाई रेटिन्छ त त्यो नसाहरू पनि कटिहाल्छन् ।

र बलि गर्ने मान्छेलाई जब्हगर्दा वा नहरगर्दा बिस्मिल्लाह भन्नु पर्छ किनकि यदि जब्ह गर्दाखेरि त्यसमाथि अल्लाहको नाम पुकारिएन भने यस्तो बलिको मासु खानु जायज छैन । अल्लाहको फर्मान छ :

﴿ وَلَا تَأْكُلُوا۟ مِمَّا لَمْ يُذْكَرِ ٱسْمُ ٱللَّهِ عَلَيْهِ وَإِنَّهُۥ لَفِسْقٌ ﴾ الأنعام: ١٢١

अर्थ : जुन जनावरमा अल्लाहको नाम लिइन्न त्यसलाई नखाऊ किन भने निःसन्देह त्यो आज्ञाको उलंघन हो । ( सूरतुल् अन्आम १२१ )

तसर्थ यस्तो अवस्थामा त्यो बलिको लागि प्रयाप्त हुँदैन किनकि त्यसमाथि अल्लाहको नाम पुकारिएको छैन, र त्यो मुर्दा भइसक्यो जसको मासु खानु हलाल छैन ।

□ **बलिको मासु वितरण गर्ने तरिका :** अल्लाहको फर्मान छः

﴿ فَكُلُوا۟ مِنْهَا وَأَطْعِمُوا۟ ٱلْبَآئِسَ ٱلْفَقِيرَ ﴿٢٨﴾ ﴾ الحج: ٢٨

अर्थ : अनि त्यसबाट स्वयम् पनि खाऊ र गरीब निमुखाहरूलाई पनि खुवाऊ । ( सूरतुल् हज्ज २८ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो अन्तिम हज्जमा यो आदेश गर्नु भएको थियो किः " समस्त ऊँटहरूबाट एक एक मासुको टुक्रा जममा गरियोस्, अनि एउटा भाँडामा जम्मा गरियो र पकाइयो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसबाट मासु खानु भयो र त्यसको सुरुवा .(झोल) पिउनु भयो " । (मुस्लिम)

त सुन्नतको तरिका यो हो कि मान्छे स्वयम् त्यसबाट खाओस् र अरुलाई पनि खुवाओस् ।

र यो जायज छैन कि बलिलाई नत स्वयम् खाइयोस् नत अरुलाई खुवाइयोस्, किनकि यस्तो गर्नु माललाई विनष्ट गर्नु हो र व्यर्थ खर्च गर्नु हो, र अल्लाहको आदेशको पालना तबसम्म हुन्सक्दैन जबसम्म यसलाई जब्ह गरेर गरिब गुरबाहरूलाई र निमुखा एवं दरिद्रहरूलाई नखुवाइयोस् र स्वयम् नखाइयोस् ।

यसर्थ हाजीलाई चाहियो कि उपरोक्तमा वर्णित कुराहरूलाई कार्यन्वयन गरोस् ताकि त्यसको बलि स्वीकृत होस्, र अल्लाहका भक्तहरूलाई पनि त्यसद्वारा लाभ पुगोस् ।

र यो कुरो ज्ञात रहोस् कि तमत्तुअ् र केरान गर्ने मान्छेहरूमाथि जुन बलि अनिवार्य छ वा बलि नभएको खण्डमा व्रत बस्नु अनिवार्य छ त यो अनिवार्यता उनीहरूमाथि कुनै दण्ड होइन, बरु यो हज्जका कार्यहरू मध्ये एउटा कार्य र त्यसको परिपूर्णता हो, र अल्लाहको दया एवं कृपा मध्येको हो, जसलेगर्दा भक्तहरूको पूजा परिपूर्ण भइहालोस् र अल्लाहको प्रसन्नता प्राप्त होस्, र तिनका पुण्यहरूमा अभिवृद्धि होस्, र तिनका श्रेणी उच्च भइहालोस्, र तिनको जीविकामा वृद्धिको कारण बनोस्, र त्यसको अनुकम्पामाथि कृतज्ञताको माध्यम बनोस् । त यो अल्लाहको अनुकम्पा र उपकार हो जसमाथि बलि गरेर कृतज्ञता प्रकट

गर्नु अति उचित छ, त यो कृतज्ञताको बलि हो नकि जरिवानाको जसबाट हामी स्वयम् खान्छौं र अरुलाई पनि खुवाउँछौं ।

तर अधिकांश मान्छेहरूबाट यो तत्वदर्शिता लुप्त नै रहन्छ, र यसको बारेमा उनीहरू चिन्तन् मनन् पनि गर्दैनन् यसैकारण उनीहरू बलि गर्नुबाट भाग्दछन्, र यसलाई स्थगित गर्नुको लागि प्रत्येक प्रकारले प्रयत्न गर्छन्, त कतिपय मान्छेहरू यसै कारण हज्जे इफ्राद गर्छन्, ताकि बलि नगर्नु परोस् नत व्रत बस्नु परोस्, तर उनी यस्तो गरेर आफूलाई बलि र हज्जे तमत्तुअ्को लाभबाट वंचित गरिहाल्छन् । र अल्लाह नै सहायता प्रदान गर्नेवाला छ ।

# पाँचौं अध्याय

## एहरामका बन्देज र निषेधित कार्यहरू

महजुरातुल् एहराम अर्थात एहरामका बन्देजहरू वा एहरामका निषेधित कार्यहरूको अर्थ हो: ती समस्त कुराहरू जसबाट बाँच्नु एहराम लगाएको मान्छेलाई अनिवार्य छ। र यसका तीन थरीहरू छन्:

१- जुन महिला र पुरुष दुवैका लागि निषेधित छन्।

२- जुन मात्र पुरुषहरूको लागि निषेधित छन्।

३- जुन मात्र महिलाहरूको लागि निषेधित छन्।

□ **जुन महिला र पुरुष दुवैको लागि निषेधित छन्:**

**१- कपाल काट्नु वा खौराउनु :** अल्लाहको फर्मान छ :

﴿ وَلَا تَحۡلِقُواْ رُءُوسَكُمۡ حَتَّىٰ يَبۡلُغَ ٱلۡهَدۡيُ مَحِلَّهُۥۚ ﴾ البقرة: ١٩٦

अर्थ : जबसम्म बली आफ्नो ठाउँमा पुग्दैन, तबसम्म आफ्नो कपाल नफाल। ( सूरतुल् बकर: १९६ )

र कपालको साथै शरीरका समस्त बालहरूलाई विद्हरूले कपालकै हुकुममा राखेका छन्, यसर्थ एहराम लगाएको मान्छेलाई यो जायज छैन कि आफ्नो शरीरको कुनै पनि बाललाई काटोस् वा खौराओस् .(सेब गरोस्) ।

र कपाललाई खौराउनु वा कटाउनुको कफ्फारा (जरिवान, क्षतिपूर्ति) लाई अल्लाहले यसरी वर्णन गरेका छन् :

﴿ فَمَن كَانَ مِنكُم مَّرِيضًا أَوۡ بِهِۦٓ أَذٗى مِّن رَّأۡسِهِۦ فَفِدۡيَةٞ مِّن صِيَامٍ أَوۡ صَدَقَةٍ أَوۡ نُسُكٖۚ ﴾ البقرة: ١٩٦

अर्थ : तर यदि तिमीहरूमध्ये कोही बिरामी छ, अथवा त्यसको टाउकोमा कुनै प्रकारको व्यथा छ, (र मुन्डन गराइदिन्छ) त त्यसको बदलामा ब्रत बसोस् वा दान गरोस् वा कुर्बानी गरोस्। ( सूरतुल् बकर: १९६ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमले यो स्पष्ट पार्नु भएको छ कि व्रतको संख्या तीन छ, र तीन साअ् खाद्यान्नबाट दान गर्नुपर्छ ६

गरिबहरूलाई, प्रत्येक गरिबलाई आधा साअ् अर्थात १ किलो ५०० ग्राम दिनुपर्छ, वा एउटा बाख्रा जब्ह गर्नुपर्छ, जुन बलिको जनावरको शर्त बमोजिमको होस् अर्थात दोष ऐबबाट मुक्त होस्, र पूर्ण उमेरको होस्। र यस फिदियालाई विद्हरू **फिदियतुल् अजा** भन्छन् अल्लाहको यस कथन ( أَوْ بِهِۦٓ أَذًى مِّن رَّأْسِهِۦ ) को कारण ।

**२- नङ्गलाई उखेल्नु वा काट्नु :** र यसलाई विद्हरूले कपाल काट्नुसित संलग्न गरेका छन् । त हात एवं खुट्टा दुवैको नङ्ग काट्नु एकनास छ दुवैमा कुनै भिन्नता छैन । तर यदि कसैको नङ्ग भाँचियो जसलेगर्दा त्यसलाई दुःख हुन्छ वा नङ्ग आफै उखेलियो त जति नङ्गले कष्ट पुगिरहेको छ त्यसलाई सीमामा रही काट्नुमा कुनै दोष लाग्दैन, नत त्यसमाथि कुनै फिदिया (जरिवाना) छ ।

**३- एहराम लगाए पश्चात एहराम वा शरीरको कुनै भागमा सुगन्ध लगाउनु :** किनकि इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मुहरिम (एहराम लगाएको मान्छे) को लागि भन्नु भयो: “ त्यो यस्तो लुगा प्रयोग नगरोस् जसमा सुगन्ध, जअ्फरान ... आदि लागेको होस् ” । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको बारेमा भन्नु भयो जुन अरफातमा उभेको थियो अनि त्यसको सवारीले त्यसलाई गिराइदिएको थियो जसकारण त्यसको मृत्यु भइहालेको थियो कि: “ त्यस निकट सुगन्ध नलैजानु होला, किनकि प्रलयको दिन त्यो तल्बिया पुकार्दै आउनेछ ” । ( र उपरोक्तका दुवै हदीस सही छन्)

त यसबाट यो प्रष्ट भयो कि मुहरिमको लागि सुगन्धलाई सुंघनु पनि वर्जित छ । त मुहरिम मान्छे आफ्नो काफी चियामा पनि यस्तो कुरा नहालोस् जसमा सुगन्ध होस् नत त्यसमा गुलाबको पानी नै मिसाओस् जसको रंग अथवा स्वाद जाहेर भइहालोस् । यस्तै सुगन्धित साबुनको प्रयोग पनि वर्जित छ । तर जुन सुगन्ध त्यसले एहराम लगाउनुभन्दा पहिला नै प्रयोग गरेको थियो यदि त्यसको सुगन्ध बाँकी छ भने कुनै आपत्ति छैन, जस्तो कि हजरत आइशा रजिअल्लाहो अन्हाको हदीसमा छ कि: “म रसूल सल्लल्लाहो अलैहे वसल्लमको

कपालको माँगमा सुगन्धलाई पाउँथें यस्तो अवस्थामा कि उहाँ एहराममा हुनुहुन्थ्यो" । (बुखारी, मुस्लिम)

**४- विवाह गर्नु :** किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "नत मुहरिम विवाह गरोस् नत विवाहको आमन्त्रण नै देओस्" । (मुस्लिम)

यसर्थ एहराम लगाएको मान्छे नत कुनै महिलासित विवाह (निकाह) गरोस्, नत कसैको निकाह गराओस् वलि (अभिभावक) बनेर वा वकील (उत्तरदायी) बनेर, नत कुनै महिलालाई आमन्त्रण देओस् यहाँसम्म कि एहरामबाट हलाल भइहालोस् । यस्तै कुनै महिलाको मुहरिम भएको अवस्थामा विवाह नगरियोस् किनकि एहराम लगाएको अवस्थामा गरिएको विवाह अमान्य छ दुरुस्त छैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "जसले कुनै यस्तो कार्य गर्‍यो जसको आदेश हामीले दिएका छैनौ त त्यो कार्य अमान्य र अस्वीकृत छ" ।

**५- वासनपूर्ण इच्छाले महिलाले पुरुषलाई वा पुरुषले महिलालाई चुम्नु स्पर्श गर्नु वा बाँहमा थिच्नु :** किनकि अल्लाहको फर्मान छः

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ ﴾ البقرة: ١٩٧

अर्थ : तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस् । (सूरतुल् बकरः १९७ )

र यस श्लोकमा आएको शब्द رَفَثَ रफसको अर्थ अन्तर्गत सम्भोग र सहवास एवं त्यसका आरम्भिक कार्यहरू जसरी स्पर्श चुम्बन... आदि पनि आउँछन् । यसर्थ मुहरिमको लागि आफ्नो स्वास्नीलाई वासनाको साथ चुम्नु जायज छैन, र यो पनि जायज छैन कि त्यसलाई वासनाको साथ स्पर्श गरोस् वा आफ्नो बाँहमा थिचोस् । र स्वास्नीको लागि पनि यो जायज छैन कि एहरामको अवस्थामा आफ्नो स्वामीलाई यस्तो गर्न

देओस्, यस्तै यो पनि जायज छैन कि दुवै एकआर्कालाई वासनाको दृष्टिले हेरुन्, किनकि यो पनि वास्तविक सम्भोगको स्वाद झैं छ ।

**६- सम्भोग गर्नु :** अल्लाहको फर्मान छः

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ ﴾ البقرة: ١٩٧

अर्थ : तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस् । (सूरतुल् बकरः १९७ )

र यस श्लोमा आएको शब्द رَفَثَ रफसको अर्थ अन्तर्गत सम्भोग पनि आउँछ ।

र सम्भोग गर्नुको प्रभाव हज्जमाथि सबैभन्दा नकारात्मक हुन्छ, र यसका दुई अवस्थाहरू छन्ः

□ **पहिलो अवस्थाः** सम्भोग तहल्लुल् ऊला अर्थात पहिलो हलाल हुनुभन्दा अघि नै गरेको होस्, अर्थात कुर्बानीको दिन कंकरी हान्नु र कपाल खौराउनु र कुर्बानी गर्नुभन्दा अघि नै सम्भोग गरिसकेको होस्, त यसको कारण मान्छेमाथि निम्नका कुराहरूलाई गर्नु आवश्यक र अनिवार्य भइहाल्छः

१- त्यसलाई फिदिया दिनु अनिवार्य भइहाल्छ, अर्थात यस्तो ऊँट वा गाई जुन बलिको जनावरको विशेषता राखोस् त्यसलाई जब्ह गर्नुपर्छ, र जब्ह गरे पश्चात त्यसको मासु गरिबहरूमा वितरण गर्नुपर्छ, तर त्यो मान्छे स्वयम् त्यसबाट खान सक्दैन ।

२- जस हज्जलाई गर्नुमा त्यसले यो सम्भोग गरेको छ त्यो हज्ज भंग भयो । तर त्यसमाथि यो अनिवार्य छ कि यस हज्जलाई पूण र सम्पन्न गरोस् र हज्जका समस्त कार्यहरूलाई उस्तै गरोस् जसरी अरु मानिसहरू गर्छन् । र आउनेवाला वर्ष यसको सट्टामा आर्को हज्ज गरोस्, र आर्को हज्ज गर्नुमा विलम्ब नगरोस् ।

र इमाम मालिक मुवत्तामा भन्छन्: मलाई खबर मिलेको छ कि हजरत उमर र अली एवं अबू हुरैरह रजिअल्लाहु अन्हुम अज्मअीनसित त्यस मान्छेको बारेमा सोधियो जसले एहरामको अवस्थामा आफ्नो स्वास्नीसित सम्भोग गरिहाल्यो ? त उहाँहरूले भने: दुवै त्यस हज्जलाई त्यस्तै पूर्ण गर्छन्, र आउनेवाला वर्ष पुन: हज्ज र बलि गर्छन् । र हजरत अली भन्छन् कि: आउनेवाला वर्ष जब दुवै हज्ज गर्ने उद्देश्यले आउँछन् त दुवैलाई अलग गरियोस् यहाँसम्म कि दुवै अआफ्ना हज्जलाई सम्पन्न गरुन् ।

र मात्र सम्भोग बाहेक बाँकी जति पनि निषेधित कुराहरू छन् तिनलाई गरेमा हज्ज भंग हुँदैन ।

□ **दोस्रो अवस्था** : सम्भोग पहिलो तहल्लुल् पश्चात गरेको होस्, अर्थात ठूलो जमरहलाई कंकरी हानेर कपाल खौराई कुर्बानी गरे पश्चात तवाफे इफाजा गर्नुभन्दा अघि सम्भोग गरेको छ। त यस्तो अवस्थामा त्यसको हज्ज सही र शुद्ध छ तर त्यसमाथि दुई कुरा गर्नु अनिवार्य छ :

१- एक बाखाको फिदिया जसलाई जब्ह गरेर पूरा पूर गरिब निमुखाहरूमा वितरण गरोस्, तर आफू त्यसबाट नखाओस् ।

२- त्यो हरमको सीमाभन्दा बाहिर गएर एहराम लगाएर आओस् र तवाफे इफाजा गरोस् ।

**७- शिकारलाई मार्नु :** र शिकारको अर्थ हो: प्रत्येक थलमा बस्ने ( सुख्खा ठाउँमा बस्ने) हलाल जनावर र पशुहरू जसरी हिरण, खरायो, ढुकुर... आदि । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَحُرِّمَ عَلَيۡكُمۡ صَيۡدُ ٱلۡبَرِّ مَا دُمۡتُمۡ حُرُمٗاۗ ﴾ المائدة: ٩٦

अर्थ : र एहरामको अवस्थामा रहेसम्म सुख्खा ठाउँको शिकार तिम्रो निम्ति हराम गरिएको छ । ( सूरतुल् माइद: ९६ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَقۡتُلُواْ ٱلصَّيۡدَ وَأَنتُمۡ حُرُمٞۚ ﴾ المائدة: ٩٥

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! जब तिमी एहरामको अवस्थामा हुन्छौ त्यतिखेर शिकार नगर्नु । ( सूरतुल् माइद: ९५ )

यसर्थ एहराम लगाएको मान्छेलाई शिकार गर्नु हराम छ, र त्यसलाई बध गर्नु पनि हराम छ चाहे त्यो यस कार्यलाई प्रत्यक्ष तरिकाले गरोस् वा अप्रत्येक्ष तरिकाले जसरी संकेत गरेर वा सहायता गरेर वा शिकारको यन्त्र दिएर... आदि, त यी समस्त कार्य त्यसको लागि हराम छन्। तर त्यस शिकारको मासु खानेबारे **तीन अवस्था छन्:**

१- यदि त्यस शिकारलाई मुहिरम मान्छेले वध गरेको छ वा त्यसको शिकार गर्नुमा सहायता गरेको छ भने यस्तो शिकारको मासु नत मुहरिमको लागि जायज छ नत कुनै अरुको लागि।

२- जुन शिकारलाई मुहरिम बाहेक कुनै अरु मान्छेले शिकार गरेको छ तर त्यसमा मुहरिमले सहायता गरेको छ जसरी मुहरिमले मुहरिम नभएको मान्छेलाई शिकार यता छ बताएको होस्, त यस्तो शिकारको मासु मुहरिम मान्छेमाथि हराम छ, तर अरु मानिसहरू यस शिकारलाई खान सक्छन्।

३- जस शिकारलाई हलाल मान्छेले मुहरिम मान्छेको लागि शिकार गरेको होस् त त्यस शिकारलाई खानु मुहरिम मान्छेको लागि हराम छ तर अरु मानिसहरूको लागि जायज छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लको फर्मान छ: "थलमा बस्ने शिकारहरू तिम्रो लागि हलाल छन् जबकि तिमीले शिकार गरेका छैनौ नत तिमीहरूको लागि शिकार गरिएको छ"।

र अबू कतादा रजिअल्लाहो अन्होको भनाइ छ: कि उनले हलाल भएको अवस्थामा एउटा जंगली गद्हाको शिकार गर्नु भयो र उनका साथीहरू एहरामको अवस्थामा थिए, अनि उनी र उनका साथीहरूले त्यस शिकारबाट खाए, अनि उनीहरूलाई त्यसलाई खानुबारे शंका भयो त रसूल सल्लल्लाहो अलैहे वसल्लसित यसबारेमा प्रश्न गरे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लले भन्नु भयो: "के तिमीहरू मध्ये कसैले शिकारतर्फ संकेत गरेको थियो ? त उनीहरूले भने: हामीहरूले यस्तो गरेका थिएनौं, त उहाँले भनन् भयो: यसो भए तिमीहरू त्यस शिकारको मासु खान सक्दछौ"।

र यदि एहराम लगाएको मान्छेले जानिबूझिकन् शिकारलाई मार्‍यो भने त्यसलाई त्यसको यस क्रमको दण्डको रूपमा जरिवान तिर्नुपर्छ । जस्तो कि अल्लाहको फर्मान छ:

﴿ وَمَن قَتَلَهُۥ مِنكُم مُّتَعَمِّدٗا فَجَزَآءٞ مِّثۡلُ مَا قَتَلَ مِنَ ٱلنَّعَمِ يَحۡكُمُ بِهِۦ ذَوَا عَدۡلٖ مِّنكُمۡ هَدۡيَۢا بَٰلِغَ ٱلۡكَعۡبَةِ أَوۡ كَفَّٰرَةٞ طَعَامُ مَسَٰكِينَ أَوۡ عَدۡلُ ذَٰلِكَ صِيَامٗا ﴾ المائدة: ٩٥

अर्थ : र तिमीहरूमध्ये जसले जानि जानि (त्यसलाई) हत्या गर्छ भने उसमाथि त्यसको क्षतिपूर्ति त्यस्तै खालको एउटा चौपया हुनेछ । जसलाई तिमीहरूमध्ये दुईजना न्यायप्रिय फैसला गरिदिन्छन् । त्यस्तो पशुलाई कअ्बासम्म (मक्का) पुर्‍याइ कुर्बानी गरियोस् वा खानेकुरा गरीबहरूलाई दिइहालोस् अथवा त्यो व्रत (रोजा) राखोस् । ( सूरतुल् माइद: ९५ )

त उदाहरणस्वरूप जब मान्छेले ढुकुरलाई मार्‍यो त त्यसमाथि निम्नमा वर्णित कुराहरू मध्ये एउटालाई गर्नु अनिवार्य भइहाल्छ:

एउटा बाखालाई जब्ह गरी त्यसको मासुलाई गरिबहरूमा वितरण गर्नु, वा त्यसको मुल्य जतिको माललाई गरिबहरूमा वितरण गर्नु र प्रत्येक गरिबलाई आधा साअ् जति अनाज दिनु, वा प्रत्येक गरिबलाई खाना दिनुको सट्टामा व्रत बस्नु ।

र रह्‌यो कुरा वृक्षलाई काट्नुको त मुहरिमको लागि यो हराम छैन किनकि यसको कुनै प्रभाव एहराममाथि पर्दैन, बरु हरमको सीमाभित्र वृक्ष काट्नु मुहरिम र गैर मुहरिम दुवैको लागि निषेधित छ । यस्तै मिना र मुजदलिफामा पनि मुहरिम र गैर मुहरिम दुवैको लागि वृक्ष अदि काट्नु उखेल्नु निषेधित छ किनकि यी दुवै हरमको सीमाभित्र छन् अरफात बाहेक किनकि त्यो हरमको सीमाभित्र आउँदैन त्यसबाट बाहिर छ ।

त यी सातवटै कार्यहरू महिला र पुरुष दुवैमाथि निषेधित छन् ।

□ **र दुई कुरा मात्र पुरुषहरूको लागि निषेधित छन्** जुन निम्न हुन्:

१- **टाउको छोप्नु :** किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको लागि भनेका थिए जुन एहराममा थियो अनि त्यसको सवारीले त्यसलाई आफ्नो माथिबाट गिराइदिएको थियो अनि त्यस मान्छेको मृत्यु भइहालेको थियो कि: "त्यसलाई पानीमा बयरीको पात मिसाएर स्नान गराउनु र त्यसलाई त्यसको लुगामा (एहराममा) नै कफनाउनु, र त्यसको टाउकोलाई नछोप्नु"। (बुखारी, मुस्लिम)

यसर्थ पुरुष मान्छे आफ्नो टाउकोलाई कुनै यस्तो वस्तुबाट नछोपोस् जुन त्यसलाई छोएको होस् जसरी टोपी, अमामा, पगडी.. आदि, र जुन कुरा त्यसलाई छोएको हुँदैन जसरी छाता गाडिको छत.. आदि त त्यसबाट छहरी प्राप्त गर्नुमा कुनै दोष लाग्दैन, किनकि उम्मे हुसैनको वर्णन छ कि: "हामीले रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा हज्ज गरें (अन्तिम हज्जमा) त मैले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई हेरें कि जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम ठूलो जमरहलाई कंकरी हानेर आफ्नो सवारीमा फर्किराख्नु भएको थियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथमा बिलाल र उसमा रजिअल्लाहो अन्हुमा पनि थिए एउटा उहाँको सवारीलाई हाँकी राखेको थियो आर्कोले आफ्नो लुगाले उहाँको टाउकोमाथि सूर्यको तापबाट छहारी गरिरहेको थियो"। (मुस्लिम)

र एउटा हदीसमा छ कि: "उहाँलाई सूर्यको तापबाट छहारी प्रदान गर्दै रहे यहाँसमम कि उहाँले ठूलो जमरहलाई कंकरी हानिसक्नु भयो"।

र मान्छे यदि आफ्नो सरसामान आफ्नो टाउकोमा बोक्दछ भने कुनै दोष छैन किनकि त्यसको उद्देश्य टाउकोलाई ढाँक्नु होइन। र यस्तै पानीमा डुबुल्कि लगाउनुमा पनि कुनै दोष लाग्दैन चाहे पानीले त्यसको टाउकोलाई किन नछोपोस्।

२- **सिलेको कपडा लगाउनु** : र यसको अर्थ यो हो कि जुन लुगा त्यो सामान्य अवस्थामा लगाउँछ त्यसलाई नलगाओस् चाहे त्यो पूर्ण शरीरलाई छोप्नेवाला लुगा होस् जसरी बुर्नुस् मिड्डी जस्तो लगाउने लुगा) शर्ट..., वा यस्तो कपडा जुन शरीरको केही भागलाई छोपोस्

जसरी पैंट, सिरवाल, मोजा दस्ताना आदि । किनकि इब्ने उमरको हदीसमा छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित मुहरिमले लगाउने कपडाको बारेमा प्रश्न गरियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "त्यो नत कमीच (शर्ट) लगाओस् नत पगडी र बुर्नुस, नत सिरवाल लगाओस् नत मोजा, नत त्यो लुगा जसमा जअ्फरान लगाइएको होस् वा वरस (एक प्रकारको सुगन्ध)" । (बुखारी, मुस्लिम)

तर यदि मान्छेसित लुंगी झैं लगाउने एहराम छैन नत त्यसलाई किन्ने पैसा नै छ त यस्तो अवस्थामा त्यो सिरवाल लगाउन सक्छ, र यदि त्यससित जुत्ता छैन नत जुत्ता किन्ने पैसा नै छ त यस्तो अवस्थामा त्यो मोजा लगाउन सक्छ, किनकि इब्ने अब्बासको हदीसमा छ उहाँ भन्छन्: कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई अरफातको चौरमा खुत्बा दिदै सुनेको छु उहाँले भन्नु भयो: " जससित लुंगीको च्यादर नहोस् त्यो सिरवाल लगाओस् र जससित जुत्ता नहोस् त्यो मोजा लगाओस् " । (बुखारी, मुस्लिम)

यस्तै मान्छेले कमीजलाई शरीरको बाहिरबाट बेर्रिएमा वा अबाअहलाई च्यादर झैं लगाएमा कुनै आपत्ति छैन जब कि त्यसलाई सामान्य अवस्थामा लगाउनु झैं नलगाओस् । यस्तै माथिल्लो च्यादर वा लुंगीको च्यादरलाई धागा वा डोरीसित बाँधेर लगाउनुमा पनि कुनै आपत्ति छैन । यस्तै औठी, घडी, चश्मा, इएर फोन लगाउनुमा पनि कुनै आपत्ति छैन । यस्तै पानी खाने भाँडा र खाने कराहरूलाई आफ्नो घाँटीमा झुन्डियाउनुमा पनि कुनै आपत्ति छैन । र यस्तै लुंगीको एहरामलाई तल झर्नुको भयले बाँध्नुमा पनि कुनै आपत्ति छैन । किनकि यी यस्ता कार्यहरू हुन् जसबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाही गरेका छैनन् नत कुनै आदेशद्वारा नै यी कार्यहरू वर्जित छन् । बरु जब उहाँसित मुहरिमले लगाउने कपडाको बारेमा सोधियो त उहाँले भन्नु भयो: "त्यो नत कमीच (शर्ट) लगाओस् नत पगडी र बुर्नुस, नत सिरवाल लगाओस् नत मोजा,, । अर्थात उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ती कुराहरू वर्णन गर्नु भयो जसलाई मुहरिम नलगाओस्, त यसबाट यो प्रष्ट हुन्छ कि वर्णित लुगाहरू बहेक समस्त

जायज छन् । यस्तै उहाँले यो पनि प्रष्ट पार्नु भयो कि जससित जुत्ता नहोस् त्यो मोजा लगाओस् ताकि आफ्नो पाइलाको रक्षा गरोस्, त यस्तै मान्छे चश्मा पनि लगाउन सक्छ ताकि आफ्नो आँखाको रक्षा गरोस् ।

त यी दुई निषेधित कुराहरू मात्र पुरुषहरूको लागि विशिष्ट छन्, तर महिलाहरू आफ्नो टाउकोलाई छोप्न सक्छिन् र सिलेको लुगा लगाउन सक्छिन् । तर महिलाहरू पनि नत दस्ताना लगाउन् नत नकाब लगाउन् नत आफ्नो अनुहारलाई छोपुन्, यस अवस्था बाहेक कि महिलाको निकट कुनै अपरिचित (अजनबीं) पुरुष होस् त अनुहार छोप्नु अनिवार्य भइहाल्छ किनकि अपरिचित मान्छेहरू समक्ष अनुहारलाई खुल्ला राख्नु जायज छैन ।

र महिला पुरुष दुवैको लागि यो जायज छ कि एहरामको कपडालाई फेरुन्, तर एहराम फेरे पश्चात त्यो कपडा नलगाउन् जुन एहरामको अवस्थामा जायज छैन ।

त यदि एहराम लगाएको मान्छेले उपरोक्तमा वर्णित निषेधित कुराहरू मध्ये जसरी सम्भोग गर्नु शिकार गर्नु... आदिलाई गऱ्यो त यसको तीन अवस्था र निकाय छन्:

१- त्यसले त्यो निषेधित कार्य अनभित्रज्ञताको कारण वा बिर्सेर वा विवश भएर बाध्य भएर गरेको छ भने त्यसमाथि केही छैन, नत त्यसको हज्ज नै भंग हुन्छ किनकि अल्लाहको फर्मान छ:

﴿ رَبَّنَا لَا تُؤَاخِذْنَآ إِن نَّسِينَآ أَوْ أَخْطَأْنَا ﴾ البقرة: ٢٨٦

अर्थ : हे हाम्रा प्रतिपालक ! यदि हामीबाट कुनै भूल वा त्रुटि भएको भए हामीलाई दोषी न ठहराउनु । ( सूरतुल् बकर: २८६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَيْسَ عَلَيْكُمْ جُنَاحٌ فِيمَآ أَخْطَأْتُم بِهِۦ وَلَٰكِن مَّا تَعَمَّدَتْ قُلُوبُكُمْ ﴾ الأحزاب: ٥

अर्थ : यस प्रसंगमा तिमीबाट कुनै भूल वा गल्ती भएको हुन्छ भने, त्यसमा तिमीमाथि कुनै पाप छैन, किन्तु जसको संकल्प तिम्रा हृदयले गरिहाल्यो, त्यसको पाप लाग्दछ । ( सूरतुल् अहजाब ५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ مَن كَفَرَ بِٱللَّهِ مِنۢ بَعۡدِ إِيمَٰنِهِۦٓ إِلَّا مَنۡ أُكۡرِهَ وَقَلۡبُهُۥ مُطۡمَئِنُّۢ بِٱلۡإِيمَٰنِ وَلَٰكِن مَّن شَرَحَ بِٱلۡكُفۡرِ صَدۡرٗا فَعَلَيۡهِمۡ غَضَبٞ مِّنَ ٱللَّهِ وَلَهُمۡ عَذَابٌ عَظِيمٞ ١٠٦ ﴾ النحل: ١٠٦

अर्थ : जुन मानिसले ईमान ल्याएपछि अल्लाहसँग कुफ्र गर्दछ, मात्र त्यो बाहेक जसलाई बाध्य गरिन्छ, र उसको हृदय ईमानकासाथ दृढ हुन्छ, परन्तु त्यो जसले हृदय खोलेर कुफ्र गर्दछ, त यस्ता माथि अल्लाहको क्रोध छ, र तिनीहरूलाई अत्यन्त कडा सजाय हुनेछ । ( सूरतुन्नहल १०६ )

त जब बाध्य भएको मान्छेले गरेको कुफ्र (नास्तिकता) कुफ्र मानिदैन त त्यसभनदा साना पााहरूमाथि यो हुकुम अरु सहजताले लागू हुन्छ, र उपरोक्तका श्लोकहरू समस्त पापहरूको लागि एकनास छन् चाहे ती एहरामका निषेधित कार्य हुन् वा कुनै अरु वर्जित कार्य, र जुन बाध्यतामा गरिएको पापको दोषलाई दोष तुल्याउँदैन ।

र एहरामको निषेधित कुराको बारेमा विशेषरूपले अल्लाहले भनेका छन्:

﴿ وَمَن قَتَلَهُۥ مِنكُم مُّتَعَمِّدٗا فَجَزَآءٞ مِّثۡلُ مَا قَتَلَ مِنَ ٱلنَّعَمِ ﴾ المائدة: ٩٥

अर्थ : र तिमीहरूमध्ये जसले जानि जानि (त्यसलाई) हत्या गर्छ भने उसमाथि त्यसको क्षतिपूर्ति त्यस्तै खालको एउटा चौपया हुनेछ । ( सूरतुल् माइदः ९५ )

त त्यसको दण्ड त्यसले जानेर वध गरेको कारण हो । त कुनै कुरालाई जानेर इच्छाको साथ गरेमा त्यसलाई दण्ड दिनु वा जरिवाना लगाउनु उचित कुरो हो, तर जब मान्छेले इच्छा नै गरेको छैन बरु त्यसलाई त्यसमा बाध्य गरिएको छ वा कुनै अरु कारण छ भने

त्यसमाथि नत दण्ड छ नत दोष । र जहिले पनि बाध्यता र कारण समाप्त भयो जसरी निदाएको मान्छे निद्राबाट जाग्यो, वा अनभिज्ञलाई ज्ञान भयो त तुरुन्तै त्यस निषेधित कुराबाट बाँच्नु र त्यसलाई त्याग्नु जरुरी छ । तर यदि बाध्यता समाप्त भए पश्चात पनि मान्छे त्यसमा निरन्तरता देखाउँछ भने त्यो पापी घोषित हुन्छ र त्यसमाथि जरिवानको रूपमा फिदिया आदि लागू हुन्छ। र यसको उदाहरण हो कि कुनै मान्छे सुतेको अवस्थामा आफ्नो टाउकोलाई छोपेको छ त यस्तो अवस्थामा त्यसमाथि कुनै दोष छैन जबसम्म त्यो सुतेको रहन्छ, तर जब त्यो निद्राबाट जाग्यो त अब त्यसमाथि अनिवार्य छ कि आफ्नो टाउकोलाई तुरुन्त खुल्ला गरोस्, यदि त्यसले यस्तो गरेन भने त्यो पापी हठहर हुन्छ, र त्यसमाथि दण्ड अनिवार्य भइहाल्छ जुन इस्लामले तोकेको छ।

२- मान्छे निषेधित कुरालाई आफ्नो इच्छाले कुनै कारणलेगर्दा गरोस् जुन कारण त्यसलाई जायज गरिदेओस्, त यस्तो गर्नाले पनि त्यो देषी हुँदैन तर त्यसमाथि फिदिया छ, किनकि अल्लाहको फर्मान छ:

﴿ وَلَا تَحۡلِقُواْ رُءُوسَكُمۡ حَتَّىٰ يَبۡلُغَ ٱلۡهَدۡيُ مَحِلَّهُۥۚ فَمَن كَانَ مِنكُم مَّرِيضًا أَوۡ بِهِۦٓ أَذٗى مِّن رَّأۡسِهِۦ فَفِدۡيَةٞ مِّن صِيَامٍ أَوۡ صَدَقَةٍ أَوۡ نُسُكٖۚ ﴾ البقرة: ١٩٦

अर्थ : जबसम्म बली आफ्नो ठाउँमा पुग्दैन, तबसम्म आफ्नो कपाल नफाल तर यदि तिमीहरूमध्ये कोही बिरामी छ, अथवा त्यसको टाउकोमा कुनै प्रकारको व्यथा छ, (र मुन्डन गराइदिन्छ) त त्यसको बदलामा ब्रत बसोस् वा दान गरोस् वा कुर्बानी गरोस् । ( सूरतुल् बकर: १९६ )

३- मान्छे निषेधित कुराहरूलाई अकारण जानेर गरोस् त यस्तो गर्नाले त्यसमाथि जरिवान पनि छ र त्यो पापी पनि हुनेछ ।

**फिदियाको आधारमा निषेधित कुराहरूका थरीहरू**

 **पहिलो:** जसमा कुनै पनि जरिवाना (कफ्फारह) छैन जसरी विवाह गर्नु ।

 **दोस्रो:** जसको फिदिया ऊँटको बलि गर्नु हो, जसरी पहिलो तहल्लुल भन्दा अघि नै सहवास गर्नु ।

 **तेस्रो:** जसको फिदिया त्यसै जस्तो कुरा हो, जसरी शिकारलाई मार्नु ।

 **चौथो:** जसको फिदिया बलि गर्नु, वा दान गर्नु, वा व्रत बस्नु हो, जसरी कि अघि नै वर्णन गरियो टाउकोलाई खौराउनुको बारेमा, र यसैथरीको साथ विद्हरूले अरु समस्त निषेधित कुराहरूलाई संलग्न गरेका छन् तीन बाहेक अर्थात: सहवास, शिकार गर्नु, र विवाह गर्नु बाहेक समस्तको फिदिया यो नै हो ।

# छठौं अध्याय

## उमराको तरिका

उमरा हो: एहराम, तवाफ र सई एवं कपाल कटाउनु वा खौराउनु ।

त रह्यो कुरो एहरामको त यसको अर्थ हो: हज्ज अथवा उमराको नीयत गर्नु र एहरामलाई लगाउनु । र यसलाई लगाउने मान्छेको लागि सुन्नत यो छ कि त्यो जसरी ठूलो अपवित्रताबाट स्नान गर्छ त्यस्तै स्नान गरोस्, र त्यससित जुन सर्वोतकृष्ट सुगन्ध होस् त्यसलाई आफ्नो टाउको र दाह्रीमा लगाओस्, र यो सुगन्ध यदि एहराम लगाए पश्चात पनि बाँकी रहन्छ भने कुनै आपत्ति छैन, जस्तोकि हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “जब रसूल सल्लल्लाहो अलैहे वसल्लम एहराम लगाउने मन बनाउँथे त सर्वोतकृष्ट सुगन्ध प्रयोग गर्थे अनि म त्यस सुगन्धलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लम को टाउको र दाह्रीमा हेर्थे” ।

र एहराम लगाउँदाखेरि महिला र पुरुष दुवैको लागि स्नान गर्नु सुन्नत हो, यहाँसम्म कि महिला रजस्वलाको अवस्थामा किन नहोस् वा सुत्केरीको अवस्थामा किन नहोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत असमा बिन्ते उमैसलाई हज्जतुल् वदाअ्को मौकामा जब उनले जुल्हुलैफाको स्थानमा मुहम्मद बिन अबि बक्रलाई जन्माइन् त उनलाई यो आदेश गर्नु भयो कि: “स्नान गर, र एउटा कपडाद्वारा लंगोट बाँध, र एहराम लगाएर नीयत गरीहाल” । ( यस हदीसलाई मुस्लिमले हजरत जाबिरको माध्यमले वर्णन गरेका छन् )

अनि स्नान पश्चात सुगन्ध प्रयोग गरेर एहरामको लुगा लगाओस्, र एहराम पुरुषहरूको लागि माथिको च्यादर र लुंगीको च्यादर हो, र महिलाहरूको लागि जुनसुकै लुगा त्यसको चाहना बमोजिम जसमा त्यसको श्रृंगार जाहेर नहोस् ।

अनि रजस्वला र प्रसूतिको अवस्थामा भएकी महिलाहरू बाहेक समस्त मानिसहरू अनिवार्य नमाज पढुन् यदि अनिवार्य नमाजको समय भइसकेको छ नत्र वजूको सुन्नतको नीयतले दुई रकअ्त नमाज पढुन्, त जब मान्छे नमाज सम्पन्न गरिहालोस् त एहरामको नीयत गरोस् र

भनोस् : लब्बैक उमरतन्, लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीकालका लब्बैक इन्नल् हम्दा वन्नेअ्मतालका वल्मुल्का लाशरीकालक ।

لبيك عمرة, لبيك أللهم لبيك, لبيك لاشريك لك لبيك, إن الحمد والنعمة لك والملك لاشريك لك

अर्थ : हे अल्लाह मैले उमराको नीयत गरें, हे अल्लाह म हाजिर छु हे अल्लाह म हाजिर छु, म हाजिर छु हे अल्लाह तिम्रो कोही साझीदार छैन म हाजिर छु, निःसन्देह समस्त प्रकारका प्रशंसाहरू र अनुकम्पाहरू र सत्ताहरू तिम्रै लागि छन् तिम्रो कोही साझीदार र सहभागी छैन ।

यो नै नबी सल्लल्लाहो अलैहे वसल्लमको तल्बिया हो, र कहिले काहिँ रसूल सल्लल्लाहो अलैहे वसल्लमले "लब्बैक इलाहल् हक्क" पनि भन्नु हुन्थ्यो ।

र पुरुषहरूको लागि तल्बीया भन्दा स्वरलाई उच्च गर्नु सुन्नत हो, किनकि साइब बिन खल्लादको हदीसमा छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि मेरो पासमा हजरत जिब्रील आउनु भयो र मलाई आदेश गर्नु भयो कि म आफ्नो साथीहरूलाई यो आदेश गरूँ कि उनीहरू तस्बीह गर्दा र तल्बिया भन्दा आफ्नो स्वरलाई उच्च गरुन्" । (यसलाई बुखारी, मुस्लिम, तिर्मिजी, अबु दायऊद र नेसाईले वर्णन गरेका छन् )

र यस्तो गर्नाले अल्लाहका प्रतीकहरूलाई र त्यसको एकत्व र तौहीदलाई जाहेर गर्नु बोध हुन्छ । र रह्यो कुरा महिलाहरूको त महिलाहरू तल्बिया भन्दा र अरु गुणगानहरू गर्दा आफ्नो स्वरलाई उच्च नगरुन् किनकि तिनको लागि लुकाउनु र पर्दा गर्नु नै वैधानिक छ ।

र मान्छे तल्बियाद्वारा आफ्नो प्रतिपालकको आदेशको अनुपालन गरिरहेको छ किनकि अल्लाहले त्यसलाई हज्ज गर्नुतर्फ आफना दुवै मित्र हजरत इब्राहीम र हजरत मुहम्मदको माध्यमले आह्वान गरेको छ, जस्तो कि अल्लाहको फर्मान छः

﴿ وَأَذِّن فِي ٱلنَّاسِ بِٱلۡحَجِّ يَأۡتُوكَ رِجَالٗا وَعَلَىٰ كُلِّ ضَامِرٖ يَأۡتِينَ مِن كُلِّ فَجٍّ عَمِيقٖ ٢٧ ﴾ الحج: ٢٧

अर्थ : र मानिसहरूमा हज्जको निम्ति उद्घोषणा गरिदिनु कि तिनीहरू तिम्रो पासमा टाढा-टाढाबाट, पैदल पनि आउने छन् र दुबला पातला ऊँटहरूमाथि सवार भई अनेक बाटो भएर आउँनेछन् । ( सूरतुल् हज्ज २७ )

र यदि एहराम लगाउने व्यक्ति कुनै यस्तो कुराबाट भयभीत होस् जुन त्यसको हज्ज गर्ने कार्यमा बाध्य हुन्सक्छ जसरी रोग शत्रु आदि, त त्यसको लागि सुन्नत यो हो कि नीयत गर्दाखेरि शर्त लगाओस् कि: **“यदि मलाई कुनै कुराले बाधित गऱ्यो भने म त्यतै हलाल भइहाल्छु जता बाधित हुन्छु”** । अर्थात यदि मलाई कुनै कुराले विरामी विलम्ब.. आदि ले हज्ज पूर्ण गर्नुबाट रोक्यो भने म त्यस ठाउँमा नै एहरामको बन्देजबाट मुक्त भइहाल्छु जुन ठाउँमा मलाई बाधित गरिन्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम जेबाअह बिन्ते जुबैर कहाँ गए त भने कदाचित तिमी हज्ज गर्ने इच्छुक छौ ? त उनले भनिन्: मलाई अति पीडा लागेको छ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिमी हज्ज गर, र नीयत गर्दाखेरि यो शर्त राख र भन कि: हे अल्लाह जहाँ मलाई यो बाध्य गरिदिन्छ त्यहाँ नै म हलाल भइहाल्छु, किनकि तिम्रो लागि तिम्रो प्रतिपालक कहाँ त्यो छ जसको तिमीले शर्त राख्यौ ( जसलाई तिमीले अलग गऱ्यौ) । (यो हदीस सही छ)

र रह्यो कुरा ती मानिसहरूको जुन कुनै कुराबाट भयभीत छैनन् तिनलाई शर्त नलगाउनु नै उचित छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एहराम लगाउनु भयो र शर्त राख्नु भएन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: “मसित हज्ज गर्ने तरिका सिकिहाल्” अर्थात पूजाको तरिका मसित सिकिहाल । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सबैलाई शर्त राख्नुको हुकुम दिएका छैनन् बरु जेबाअह बिन्ते जुबैरलाई मात्र परामर्श दिनु भएको थियो किनकि उहाँलाई रोग लागेको थियो र उहाँलाई यो भय थियो कि त्यो विरामी कदाचित हज्ज गर्ने कार्यमा बाधित भइहाल्ने छ ।

र मुहरिमको लागि यो सराहनीय कुरो हो कि अधिक तल्बिया पढोस् किनकि यो मौखिक पूजा हो, र विशेषरूपले विभिन्न परिस्थितिहरूमा अर्थात उकालो उरालोमा चढ्दा झर्दा, र रात्री दिन आउँदा जाँदा वा कुनै हराम कार्य गर्नुको कल्पना आउँदा विशेषरूपले तल्बिया भनोस् ।

र तल्बिया एहराम लगाउने समयदेखि तवाफ आरम्भ गर्नुसम्म निरन्तरताले भन्दै रहोस् । र हज्जमा हज्जको एहराम लगाउनुदेखि कुर्बानीको ईदको दिन ठूलो जमरहलाई कंकरी हान्नु सम्म निरन्तरताले भन्दै रहोस् ।

अनि जब मक्कासित निकट भइहालोस् त सुन्नत यो हो कि स्नान गरोस्, यदि यस्तो गर्नु सम्भव होस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मककामा प्रवेश गर्ने समय स्नान गर्नु भएको छ ।

र अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: “जब नबी सल्लल्लाहो अलैहे वसल्लम मककामा प्रवेश गर्थे त माथिल्लो सनीयाबाट प्रवेश गर्थे जुनकि बतहामा छ, र जब यहाँबाट निस्कन्थे त तल्लो सनीयाबाट निस्कन्थे” । (बुखारी, मुस्लिम)

त यदि हाजीको लागि सम्भव होस् त त्यसै स्थानबाट मक्कामा प्रवेश गरोस् जहाँबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले प्रवेश गरेका थिए र त्यतैबाट यहाँबाट निस्कोस् जहाँबाट रसूल सल्लल्लाहो अलैहे वसल्लम निस्केका थिए ।

अनि जब मस्जिदे हराम (कअ्बा वरिपरि बनेको मस्जिद) सम्म पुगोस् त त्यसमा प्रवेश गर्नुको निम्ति आफ्नो दायाँ पाइलालाई अगाडि बढाओस्, र भनोस्: “बिस्मिल्लाह, अल्लाहुम्मगि्फरली जुनूबी वफतहली अबवाबा रहमतिका, वअऊजुबिल्लाहिल् अजीम वबेवजहेहिल् करीम, वबेसुल्तानेहिल् कदीम मिनश्शैतानिर्रजीम” । अर्थात: आल्लाहको नामबाट (म प्रवेश गर्दछु), हे अल्लाह मेरा पापहरूलाई क्षमा गरिदेऊ र मेरो लागि आफ्नो दयाको ढोका खोलिदेऊ, र म तिरस्कृत शैतानबाट महान अल्लाहको श्रण र त्यसको प्रताप र आदिय सत्ता सम्राटत्वको श्रण चाहन्छु ।

अनि पूर्ण आस्था श्रद्धा र सदभावको साथ अल्लाहको महानताको बखान गर्दै र त्यसले गरेको अनुकम्पाको जसलेगर्दा त्यो यस घरसम्म पुगेको छ सम्झना गर्दै प्रवेश गरोस्। अनि बैतुल्लाहतर्फ प्रस्थान गरोस्, र हज्रे अस्वद (कालो ढुंगा) सम्म जाओस् ताकि परिक्रमाको आरम्भ गरोस्, र परिक्रमा आरम्भगर्दा यो नभनोस् कि मैले तवाफ गर्ने नीयत गरें किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यस्तो भनेका छैनन् बरु नीयतको स्थान हृदय हो, अनि यदि सम्भव होस् त हज्रे अस्वादलाई दायाँ हातले स्पर्श गरोस् र हज्रे असवदलाई चुमोस्, र यस्तो मात्र अल्लाहलाई सम्मान दिनुको लागि र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले गरोस्, नकि यस आस्थाको साथ कि त्यो ढुंगा हानि अथवा लाभ पुऱ्याउन सक्छ, किनकि हानि र लाभ पुऱ्याउनु त मात्र अल्लाहको शक्तिसीमामा आउँछ । र अमीरुल् मोमिनीन (आस्थावानहरूको नायक) हजरत उमर रजिअल्लाहो अन्हो यस कालो पत्थरलाई चुम्दा भन्थेः "मलाई थाहा छ कि तिमी एउटा पत्थर हौ, तिमी नत लाभ पुऱ्याउन सक्दछौ नत हानि, र यदि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई तिमीलाई चुम्दा नहेरेको भए तिमीलाई चुम्दैन्थें" । ( यस हदीसलाई बुखारी, मुस्लिम, अबूदाऊद, तिर्मिजी, नेसाई र इब्नेमाजाले वर्णन गरेका छन् )

यसर्थ मान्छे यदि हज्रे अस्वादलाई चुम्नुभन्दा असमर्थ भइहालोस् त मात्र हातले स्पर्शगरी त्यसैलाई चुमोस्, किनकि बुखारी र मुस्लिममा इब्ने उमरको हदीस वर्णित छ कि उहाँले हज्रे अस्वदलाई स्पर्श गरेर तयसैलाई चुम्नु भयो र भन्नु भयो किः "जहिलेदेखि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यस्तो गर्दा हेरेको छु त्यस समयदेखि मैले पनि यस्तो गर्नालाई छाडेको छैन" ।

तर यदि यस्तो गर्नु पनि सम्भव नहोस् भने त्यो त्यहाँ भीड र हूल नगरोस् किनकि हूलले त्यसलाई पनि कष्ट पुग्छ र अरु हाजीहरूलाई पनि कष्ट पुग्छ, र कहिले काहिँ यस्तो गर्नाले हानि पनि हुन्सक्छ, र यस कारण श्रद्धा र सदभाव लुप्त भइहाल्छ र परिक्रमाको मूल उद्देश्य जसको निम्ति त्यसलाई अनिवार्य गरिएको छ त्यो पनि लुप्त भइहाल्छ, र कहिलेकाहिँ यसैकारण अनुचित र अनर्गलका कुराहरू गरिन्छ र

झगडा पनि गरिन्छ । यसर्थ कालो ढुंगालाई दूरबाटै संकेत गरोस्, किनकि बुखारीमा इब्ने अब्बास रजिअल्लाहो अन्होको माध्यमबाट एउटा हदीस वर्णित छ कि: "एकचोटि रसूल सल्लल्लाहो अलैहे वसल्लम एउटा ऊँटमा सवार भई तवाफ गरिरहेका थिए, त जब कुना (ढुंगा स्थापित भएको कुना) सम्म आउँथे त त्यसतर्फ संकेत गर्थे" । र आर्को हदीसमा छ: "कुनै वस्तु जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथ हुन्थ्यो त्यसैद्वारा संकेत गर्थे, र तक्बीर भन्थे" ।

अनि मान्छे बैतुल्लाहको दायाँतर्फ लागोस् र बैतुल्लाहलाई आफ्नो देब्रेतर्फ गरोस् रपरिक्रमा गर्दै जब रुक्ने यमानी (यमनी कुना) सम्म पगोस् त यदि सम्भव होस् त त्यसलाई स्पर्श गरोस् तर यसलाई चुम्नु दुरुस्त छैन नत यसलाई स्पर्श गरेर हातलाई चुम्नु नै दुरुस्त छ, तर यदि यसलाई स्पर्श गर्नु सम्भव नहोस् भने त्यहाँ हूल नगरोस् । र बैतुल्लाहको रुकने यमानी र हज्रे अस्वद बाहेक कुनै अरु कुरालाई स्पर्श गर्नु जायज छैन, र यी दुवैलाई स्पर्श गर्ने कारण यो हो कि यी दुवै त्यसै जगमा छन् जसमा यसलाई हजरत इब्राहीमले राखेका थिए, र यस कारण पनि किनकि यी दुवैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्पर्श गरेका छन् र यसबाहेक अरु कुनै ठाउँलाई स्पर्श गरेका छैनन् ।

र इमाम अहमदले एउटा हदीस वर्णन गरेका छन् जसमा इमाम मुजाहिद हजरत इब्ने अब्बासको माध्यमले वर्णन गर्छन् कि: "हजरत इब्ने अब्बास हजरत मुआवियाको साथ बैतुल्लाहको तवाफ गरिराख्नु भएको थियो, अनि हजरत मुआवियाले कअबाका समस्त कुनहरूलाई स्पर्श गर्नथाले, त हजरत इब्ने अब्बासले भने: तिमीले यी दुवै कुनाहरूलाई किन स्पर्श गर्‍यौ जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यी दुवैलाई स्पर्श गर्नु भएको छैन ? त हजरत मुआवियाले भने: कअ्बाको कुनै पनि ठाउँ छाड्ने योग्य छैन, त हजरत इब्ने अब्बासले भन्नु भयो: ( لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٌ ) अर्थात निःसन्देह रसूल सल्लल्लाहो अलैहे वसल्लममा तिम्रो लागि सर्वोत्तम आदर्श राखिएको छ, त हजरत मुआवियाले भन्नु भयो: तपाईले सत्य भन्नु भयो" ।

र हाजी हज्रे अस्वद एवं रुक्ने यमानी बीच यो दुआ पढोस्:

﴿ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ٢٠١ ﴾ البقرة: ٢٠١

रब्बना आतिना फिद्दुनिया हसनतौं वफिल् आखिरति हसनतौं वकेना अजाबन्नार ।

अर्थः हे पालनकर्ता ! हामीलाई संसारमा पनि भलाई प्रदान गर, र आखिरतमा (परलोकमा) पनि पुण्य प्रदान गर र नर्कको कष्टबाट रक्षा गर्नु । (सूरतुल् बकरः २०१ )

र जहिले पनि हज्रे अस्वदबाट गुज्रोस् त्यस्तै गरोस् जसरी पहिलो पटक गरेको थियो र तक्बीर भनोस्, र अरु पूर्ण तवाफमा जे मनपरोस् दुआ गरोस् र अल्लाहको महानताको वर्णन एवं गुणगान गरोस् । र यस्तै सफा र मरवा बीच सईमा पनि अल्लाहको अधिकभन्दा अधिक गुणगान गरोस्, र यस्तै कंकरी हान्दा पनि अधिकभन्दा अधिक अल्लाहको गुणगान गरोस् किनकि यी समस्त अल्लाहको स्तुति र गुणगान गर्ने उद्देश्यले नै अनिवार्य गरिएका छन् ।

र यस तवाफे कुदूम (आरम्भिक तवाफ) को पूर्ण तवाफमा इज्तेबाअ् गर्नु र पहिलाका तीन चक्रहरूमा रमल गर्नु सुन्नत हो ।

इज्तेबाअ् यो हो कि मान्छे आफ्नो दायाँ काँधालाई खुल्ला गरी त्यसको तलबाट च्यादरलाई लैजाओस् अनि च्यादरका दुवै कुनलाई बायाँ काँधामाथि हालोस् ।

र रमलको अर्थ होः तीव्रताले पाइलालाई नजिक नजिक राखेर हिंड्नु ।

र परिक्रमा (तवाफ) सात चक्र हुन्छ जसलाई हज्रे अस्वदबाट आरम्भ गरेर त्यसैमा अन्त गरिन्छ । त जब सात चक्र पूर्ण भइहालोस् त मान्छे मुकामे इब्राहीमतिर जाओस्, र यो श्लोक पढोस्ः

﴿ وَٱتَّخِذُواْ مِن مَّقَامِ إِبۡرَٰهِـۧمَ مُصَلّٗى ﴾ البقرة: ١٢٥

अर्थः र इब्राहीमले उभेको स्थानलाई नमाज पढ्ने ठाउँ बनाउनु । ( सूरतुल् बकरः १२५ )

अनि त्यसै निकट दुई रकअ्त नमाज पढोस् यदि त्यस निकट सम्भव होस् नत्र अलि पर गएर नमाज पढोस् जसको पहिलो रकअ्तमा सूरतुल् फातिहा पश्चात कुल या अईयुहल् काफिरून... पढोस् र आर्को रकअ्तमा सूरतुल् फातिहा पश्चात कुल् हुवल्लाहु अहद.... पढोस् ।

अनि कालो पत्थरतिर प्रस्थान गरोस्, र यदि सम्भव होस त त्यसलाई स्पर्श गरोस नत्र मात्र संकेत गरोस्, अनि मस्आ (सई गर्ने ठाउँ) तर्फ प्रस्थान गरोस्, अनि जब सफा पर्वतसम्म पुगोस् त यो श्लोक पढोस्:

﴿ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ فَمَنۡ حَجَّ ٱلۡبَيۡتَ أَوِ ٱعۡتَمَرَ فَلَا جُنَاحَ عَلَيۡهِ أَن يَطَّوَّفَ بِهِمَاۚ وَمَن تَطَوَّعَ خَيۡرٗا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ١٥٨ ﴾ البقرة: ١٥٨

अर्थ : (नि:सन्देह) सफा र मरवा (पर्वत) अल्लाहका निशानी मध्ये हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज अथवा उमरा गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन । र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ । ( सूरतुल् बकर: १५८ )

र यस बाहेक कुनै अरु ठाउँमा यस श्लोकलाई नपढोस्, । अनि सफा पर्वतमाथि यति चढोस् कि कअ्बालाई हेर्न सकोस्, अनि त्यसैतर्फ अनुहार गरेर आफ्नो दुवै हात उठाएर अल्लाहको गुणगान गरोस् र जे मनपरोस् दुआ (याचना) गरोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस ठाउँमा यो दुआ गरेका थिए: “लाइलाहा इल्लल्लाहु वह्दहु लाशरीकलहु, लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर, लाइलाहा इल्लल्लाहु वहदहु अन्जजा वअ्दहु वनसरा अब्दहु वहजेमल् अहजाबा वहदहु” ।

अर्थ: अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ त्यसको कोही साझीदार छैन, त्यसैको लागि समस्त सत्ता र प्रशंसाहरू छन् र त्यो प्रत्येक कुरामाथि सामर्थ्यवान छ, त्यस एकलो बाहेक कोही सत्य पूज्य छैन जसले आफ्नो अठोटलाई पूर्ण गऱ्यो र आफ्नो भक्तको

सहायता गऱ्यो र समस्त समूहहरूलाई एकलै परास्त गऱ्यो। र यसलाई तीन पटक पढोस् र यस बीच अरु दुआहरू गर्दै रहोस्।

अनि सफा पर्वतबाट झरेर मरवातर्फ लागोस्, अनि जब हरियो बत्तीसम्म पुगोस् त तीव्रताले दौड लगाओस् यदि यस्तो गर्नु सम्भव होस्, तर यस्तो गर्नुमा कसैलाई कष्ट नपुऱ्याओस् यहाँसम्म कि दोस्रो अगाडि भएको हरियो बत्तीसम्म पुगोस्, अनि सामान्य चाल चल्दै मरवासम्म जाओस्, अनि त्यसमाथि चढेर त्यस्तै गरोस् जसरीकि सफमाथि गरेको थियो ।

अनि मरवादेखि सफातर्फ लागोस्, र सामान्य चाल चल्ने ठाउँमा सामान्य चाल चलोस् र दुगुर्ने ठाउँमा दुगुरोस् जसरीकि पहिलो पटक गरेको थियो । र बाँकी सईमा जे मनपरोस् दुआ गरोस् वा अल्लाहको गुणगान गरोस् वा अल्लाहको महिमागान गरोस् वा कुरआनको पाठ गरोस् ।

र सफा एवं मरवा पर्वतहरूमाथि चढनु, र दुवै हरियो बत्ति बीच दुगुर्नु दुआ याचाना गर्नु... आदि सबै सुन्नत हुन् अनिवार्य छैनन् ।

अनि जब सात चक्र पूर्ण गरिहालोस् र यो ज्ञात रहोस् कि सफादेखि मरवासम्म एक चक्र भयो र मरवादेखि सफासम्म दोस्रो चक्र । अनि यस पश्चात यदि पुरुष मान्छे हो भने आफ्नो कपाल खौराओस् वा कटाओस्, र कपाल खौराउनु नै श्रेष्ठ छ, यस अवस्था बाहेक कि हज्ज नजिक होस् र त्यो मान्छे हज्जे तमत्तुअ् गर्ने इच्छुक होस् र कपाल खौराएमा पुनः राम्ररी कपाल आउनुको सम्भावना नहोस् त यस्तो अवस्थामा कपाल कटाउनु नै श्रेष्ठ छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना ती साथीहरूलाई जुन ४ जिल्हिज्जाको बिहान मक्का पुगेका थिए तिनलाई बाल कटाउने आदेश गरेका थिए ।

र रह्यो कुरो महिलाहरूको त महिलाहरू कपाल काट्छिन् उनीलाई कपाल खौराउनु कुनै पनि अवस्थामा जायज छैन । यसर्थ महिला आफ्नो कपालको प्रत्येक लट (चोटि) बाट औलाको एक पोर जति केश काटोस् ।

र कपाल खौराउनु वा कटाउनुमा समस्त कपाललाई कटाउनु र खौराउनु नै मान्य छ किनकि अल्लाहको फर्मान छः

﴿ مُحَلِّقِينَ رُءُوسَكُمْ وَمُقَصِّرِينَ ﴾ الفتح: ٢٧

अर्थ : आफ्नो टाउकोको कपाल खौराएको वा केश सानो पार्दै । ( सूरतुल् फतह २७ )

र यस कारण पनि किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो समस्त टाउकोको कपाललाई खौराउनु भएको थियो, र भन्नु भएको थियो: “मसित हज्ज गर्ने तरिका सिकिहाल” ।

र यति गरे पश्चात त्यसको उमरा पूर्ण र सम्पन्न भयो, र अब त्यसको लागि समस्त निषेधित कुराहरू जायज र हलाल भए ।

## संक्षेपमा उमराका कार्यहरूको विवरण

□ १- ठूलो पवित्रताबाट स्नान गर्ने जस्तै स्नान गर्नु, र सुगन्ध प्रयोग गर्नु ।

□ २- एहरामको लुगा लगाउनु अर्थात माथिको च्यादर र लुंगीको च्यादर लगाउनु पुरुषहरूको लागि । र महिलाहरूको लागि हलाल लुगा मध्ये जुनसुकै लुगा लगाई एहरामको नीयत गर्नसक्छिन् ।

□ ३- तल्बिया भन्नु र त्यसलाई तवाफ आरम्भ गर्ने समयसम्म निरन्तरताले भन्दै रहनु ।

□ ४- हज्रे अस्वदबाट तवाफको आरम्भ गर्नु र सात चक्र पूर्ण गरी त्यसै कालो पत्थरमा सम्पन्न गर्नु ।

□ ५- मुकामे इब्राहीम पछाडि दुई रकअ्त सुन्नत पढ्नु ।

□ ६- सफा र मरवा पर्वत बीच सात चक्र सई गर्नु जसलाई सफाबाट आरम्भ गरेर मरवामाथि सम्पन्न गर्नु ।

□ ७- पुरुष मान्छेले कपाल खौराउनु वा काट्नु, र महिलाले केशलाई प्रत्येक लटबाट एक औंलाको पोर जतिको केश काट्नु ।

# सातौं अध्याय

## हज्जको तरिका

**हज्जको एहराम:** तरवियाको दिनको (८ जिल्हिज्जाको दिनको) एक पहर बिते पश्चात मान्छे जता पनि होस् त्यतैबाट हज्जको एहराम लगाओस्, र यो सुन्नत होइन कि कोही आफ्नो बासस्थान वा डेराबाट एहराम लगाउनुको लागि मस्जिदे हराममा जाओस् वा कुनै अरु मस्जिदसम्म जाओस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नुभएको छैन, नत उहाँका साथीहरूले नै यस्तो गरेका छन् । बुखारी र मुस्लिममा हजरत जाबिरको यो हदीस वर्णित छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूसित भने: “हलाल भएर अआफ्ना बसस्थानहरूमा बास गर यहाँसम्म कि तरवियाको दिन आओस् अनि त्यतैबाट हज्जको एहराम लगाऊ” । र मुस्लिममा हजरत जाबिरबाटै वर्णित छ कि: “जब हामीहरू हलाल भएँ त रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई आदेश गरे कि हामीहरू जब मिना जाने इच्छा गरौं त एहराम लगाऔं, अनि हामीहरूले अब्तह नामक स्थानबाट हज्जको एहराम लगाएँ” । किनकि उनीहरूको मक्काको बासस्थान अब्तहमा नै थियो ।

र हाजी हज्जको एहराम लगाउँदा पनि त्यही कार्यहरू गरोस् जुन उमराको एहराम लगाउँदा गरेको थियो, अर्थात स्नान गरोस्, सुगन्ध लगाओस्, वजूको दुई रकअ्त नमाज पढोस्, अनि एहराम लगाओस्, र तल्बिया त्यस्तै पुकारोस् जसरी उमराको लागि पुकारेको थियो तर हज्जको तल्बियामा **लब्बैक उमरतन्**को सट्टामा **लब्बैक हज्जन्** भनोस् ।

र यदि त्यसलाई हज्ज सम्पन्न गर्नुबाट कुनै कुराको भय होस् त यो शर्त पनि लगाओस् कि: म त्यहीँ हलाल भइहाल्दछु जहाँ यसको लागि बाधित हुन्छु, र यदि कुनै कुराको भय छैन भने शर्त नलगाओस् ।

**मिनातर्फ प्रस्थान:** अनि एहराम लगाए पश्चात मिनातर्फ प्रस्थान गरोस् र त्यहाँ जुहर, अस्र, मग्रिब र ईशाको नमाज कस्रको साथ बिना जम्मागरीकन् पढोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तै गरेका छन् । र सही मुस्लिममा हजरत जाबिरको माध्यमले यो हदीस वर्णित छ कि: “जब तरवियाको दिन आयो त सबै मिनातर्फ प्रस्थान गरे

र हज्जको एहराम लगाए, र नबी सल्लल्लाहो अलैहे वसल्लम आफ्नो सवारीमा सवार भए र मिनामा जुहर, अस्र, मग्रिब इशा र फज्रको नमाज पढे" । र बुखारीमा इब्ने उमर रजिअल्लाहो अन्होको माध्यमले वर्णित छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले मिनामा दुई रकअत गरेर नमाज पढे र हजरत अबू बक्र र उमरले पनि, र हजरत उसमानले पनि आफ्नो शासनकालको आरम्भिक कालमा यस्तै पढेका थिए, र नबी सल्लल्लाहो अलैहे वसल्लम मिनामा जुहर एवं अस्र र मग्रिब एवं इशालाई जम्मा गरेर पढ्दैन्थे" । र यदि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले जम्मा गरेको भए यसलाई पनि सहाबाहरूले उस्तै वर्णन गर्थे जसरी अरफात र मुजदलिफाका नमाजलाई जम्मा गर्ने कार्यलाई वर्णन गरेका छन् ।

र मक्काबासी र बाहिरबाट आएकाहरू सबै मानिसहरू मिना, मुजदलिफा र अरफातमा नमाजलाई कस्र (कम) गरेर पढछन् किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो अन्तिम हज्जमा सबैलाई कस्र गरेर नमाज पढाउँथे जस नमाजीहरूमा मक्काबासीहरू पनि हुन्थे, तर उनीहरूलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमले पूर्ण नमाज पढने आदेश गरेनन्, र यदि मक्काबासीहरूमाथि नमाजलाई पूर्ण गरेर पढनु अनिवार्य हुन्थ्यो भने उहाँ सल्लल्लाहो अलैहे वसल्लम उनीहरूलाई उस्तै पूर्ण नमाज पढने आदेश गर्थे जसरी कि फतहे मक्काको समय आदेश गरेका थिए कि हे मक्काबासीहरू तिमीहरू नमाजलाई पूर्ण गरेर पढ किनकि हामी यात्री हौं ।

**अरफातको चौरमा उभ्नु:** जब ९ जिल्हिज्जाको दिन सूर्य उदय भइहालोस् त मान्छे अरफाततर्फ प्रस्थान गरोस्, अनि नमेरह नामक स्थानसम्म जानु सम्भव होस् त त्यहीं जाओस् र यदि सम्भव नहोस् त अरफातमा जता पनि ठाउँ पाओस् त्यतै जाओस्, किनकि नमेरह नामक स्थानमा जानु सुन्नत हो अनिवार्य हैन । अनि जब सूर्य ठलोस् त जुहर र अस्रको नमाज जुहरको समयमा दुई दुई रकअ्त गरी पढोस् जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले पढनु भएको छ । सही मुस्लिममा छ हजरत जाबिर रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले नमेरह नामक स्थानमा आफ्नो

लागि कुब्बा (खिमा) लगाउने आदेश गरे अनि अरफातर्फ प्रस्थान गरे अनि जब हेरे कि उहाँको लागि नमेरहमा कुब्बा लगाइयो त त्यहाँ पुगे, र जब सूर्य ढल्यो त आफ्नो कसवा सवारीलाई तयार गर्ने आदेश गरे अनि त्यसमा सवार भएर अरफातको बीच घाटीमा आए, अनि खुत्बा दिए, अनि अजान भनियो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले जुहरको नमाज पढाउनु भयो, अनि इकामत भनियो, अनि अस्रको नमाज पढाउनु भयो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले दुवै नमाजको बीच कुनै पनि सुन्नत नमाज पढेनन्, अनि आफ्नो सवारीमा सवार भएर उभ्ने ठाउँमा आए अनि आफ्नो कसवा सवारीको पेट चट्टानतर्फ गरे र पद्यात्रीहरूको मार्गलाई आफ्नो सामुन्ने गरे, र किब्लातर्फ अनुहार गरे, र यसै अवस्थामा उभिरहे यहाँसम्म कि सूर्य अस्त भयो" । र अरफातमा नमाजलाई कस्र र जम्मा गर्नु मक्काबासी र अरु बाहिरबाट आएका मानिसहरू सबैमाथि अनिवार्य छ ।

र यहाँ (अरफातमा) जमअ् तक्दीम (जुहरको समयमा अस्रलाई पनि पढिन्छ) यस कारण गरिन्छ ताकि मान्छेहरूलाई दुआ गर्नुको प्रयाप्त समय मिलोस्, अनि इमामको साथ नमाज पढेर अआफ्नो ठाउँतर्फ जाउन् ।

त हाजीहरूको लागि अरफातको दिनको अन्तिम समयलाई दुआ याचना, गुणगान एवं पाठनको लागि विशिष्ट गर्नु अति सराहनीय कुरो हो, र यहाँ रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित दुआहरू गर्नु अति उत्तम मानिन्छ किनकि ती दुआहरू सर्वोत्तम र अति लाभदायक छन्, र ती दुआहरू मध्ये केही निम्न हुन्:

अल्लाहुम्मा लकल् हम्दु कल्लजी नकूलु वखैरम् मिम्मा नकूलु, अल्लाहुम्मा लका सलाती वनुसुकी वमहयाया वममाती, वइलैका रब्बी मआबी, वलका रब्बी तुरासी, अल्लाहुम्मा इन्नी अऊजुबिका मिन्

---

यसै हदीसबाट केही मानिसहरूले यो प्रमाणीकरण गर्न खोजेका छन् कि नमेरह अरफात मध्येको हो तर यसबाट यो प्रमाणीकरण हुँदैन नत यसमाथि कुनै आर्को प्रमाण छ, बरु नमेरह अरफात निकट छ अरफातको सीमामा छैन, र हजरत जाबिर रजिअल्लाहो अन्होको भनाईको तात्पर्य यो हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लम अरफातसम्म गए र त्यस्तो गरेनन् जसरी अनभिज्ञकालमा कुरैशका बहुदेववादीहरू गर्थे कि मुजदलिफामा नै आएर बस्थे अनि त्यतैबाट फर्कि हाल्थे र अरफातमा प्रवेश गर्दैन्थे ।

अजाबिल कब्रि ववस्वसतुस्सदरि वशतातिल् अमर, अल्लाहुम्मा इन्नी अऊजुबिका मिन् शर्रे मा तजीउ बिहिर्रीह, अल्लाहुम्मा इन्नका तसमउ कलामी, वतरा मकानी, वतअ्लमु सिर्रि वअलानियती, ला यखफा अलैका शैयुम् मिन अमरी, अनल् बाइसुल् फकीरुल् मुस्तगीसुल् मुस्तजीरुल् वजलुल् मुश्फिकुल् मुकिर्रुल् मुअ्तरिफु बिजुनूबी, अस्अलुका मस्अलतुल् मिस्कीन, वअब्तहिलु इलैका इबतेहालुल् मुज्निबुज्जलील, वअद्ऊका दुआअ् मन खज्अत् लका रकबतहु वफाजत लका अैनाह, वजल्ला लका जसदहु, वरगेमा लका अन्फहु, अल्लाहुम्मा लातज्अल्नी बिदुआइका रब्बी शकीया, वकुन बी रऊफर्रहीमा या खैरल् मस्ऊलीना वया खैरल् मुअ्तीन, अल्लाहुम्मज्अल् फि कल्बी नूरन् वफि सदरी नूरा, वफि समअी नूरन् वफि बसरी नूरा, अल्लाहुम्मश्रह ली सदरी वयस्सिरलि अमरी, अल्लाहुम्मा इन्नी अऊजुबिका मिन शर्रि मा यलिजु फिल्लैल, वशर्रि मा यलिजु फिन्नहार, वशर्रि मा तहबु बिहिर्रियाह, वशर्रि बवाइकिद्दहर । अल्लाहुम्मा रब्बना आतिना फिद्दुनिया हसनतौं वफिल् आखिरति हसनतौं वकेना अजाबन्नार । अल्लाहुम्मा इन्नी जलम्तु नफ्सी फग्फिरली इन्नका अन्तल् गफूरुर्रहीम, अल्लाहुम्मा इन्नी अऊजुबिका मिन जहदिल् बलाइ वमिन दरकिश्शकाइ वमिन सूइल् कजाइ वमिन् शमाततिल् अअ्दाअ् । अल्लाहुम्मा इन्नी अऊजुबिका मिनल् हम्मि वल् हुज्नि, वल् अजजि वल् कसलि, वल् जुबुनि वल् बुख्लि, वजिलइद्दैनि वगलबतिर्रिजाल, वअउजुबिका अन् उरद्दु इला अर्जलिल् उमर, वअऊजुबिका मिन् फित्नतिद्दुनिया । अल्लाहुम्मा इन्नी अऊजुबिका मिनल् मअ्समि वल्मग्रम, वमिन् शर्रि फित्नतिल् गिना, वअऊजुबिका मिन् फितनतिल् फक्र । अल्लाहुम्मा अग्सिल् अन्नी खतायाया बेमाइस्सलजि वल्बर्द, वनक्के कलबी मिनल् खताया कमा नकैतस्सौबल् अब्यजा मनिद्दनस, वबाअिद बैनी वबैना खतायाया कमा बाअद्ता बैनल् मश्रिकि वल् मग्रिब ।

اَللّٰهُمَّ لك الحمد كالذي نقول وخيرا مما نقول, أَللّٰهُمَّ لك صلاتي ونسكي ومحياي ومماتي وإليك رب مآبي ولك رب تراثي, أَللّٰهُمَّ إني أعوذبك من عذاب القبر ووسوسة الصدر وشتات الأمر, أَللّٰهُمَّ إني أعوذبك من شر ما تجيء به الريح, أَللّٰهُمَّ إنك تسمع كلامي, وترى

مكاني, وتعلم سري وعلانيتي, لا يخفى عليك شيئ من أمري, أنا البائس الفقير المستغيث المستجير الوجل المفشفق المقر المعترف بذنوبي, أسألك مسألة المسكين, وأبتهل إليك ابتهال المذنب الذليل وأدعوك دعاء من خضعت لك رقبته وفاضت لك عيناه, وذل لك جسده, ورغم لك أنفه, أَللّٰهُمَّ لا تجعلني بدعائك ربي شقيا, وكن بي رؤفا رحيما يا خير المسؤولين ويا خير المعطين. أَللّٰهُمَّ اجعل في قلبي نورا, وفي سمعي نورا, وفي بصري نورا, أَللّٰهُمَّ اشرح لي صدري ويسرلي أمري, أَللّٰهُمَّ إني أعوذبك من شر ما يلج في الليل, وشر ما يلج في النهار,

وشر ما تهب به الرياح, وشر بوائق الدهر. أَللّٰهُمَّ ربنا آتنا في الدنيا حسنة وفي الآخرة حسنة وقنا عذاب النار. أَللّٰهُمَّ إني ظلمت نفسي فاغفر لي إنك أنت الغفور الرحيم, أَللّٰهُمَّ إني أعوذبك من جهد البلاء, ومن درك الشقاء, ومن سوء القضاء, ومن شماتة الأعداء. أَللّٰهُمَّ إني أعوذبك من الهم والحزن, والعجز والكسل, والجبن والبخل, وضلع الدين وغلبة الرجال, وأعوذبك من أن أرد إلى أرذل العمر, وأعوذبك من فتنة الدنيا. أَلهم إني اعوذبك من المأثم والمغرم, ومن شر فتنة الغنى, وأعوذبك من فتنة الفقر. أَللّٰهُمَّ اغسل عني خطاياي بماء الثلج والبرد, ونق قلبي من الخطايا كما نقيت الثوب الأبيض من الدنس, وباعد بيني وبين خطاياي كما باعدت بين المشرق والمغرب.

अर्थ: हे अल्लाह तिम्रै लागि समस्त प्रशंसाहरू छन् जसरी कि हामी भनिराखेका छौं र हामीले भनिरहेको भन्दा राम्रो, हे अल्लाह तिम्रो लागि नै हाम्रो नमाज र बलि, मृत्यु र जीवन छ, र हामी तिमीतिर नै फर्कि जानेछौं, र तिम्रो लागि नै हाम्रो वरासत छ, हे अल्लाह म तिम्रो शरण चाहन्छु चिहानको यातनाबाट, र छातीको उकसाहटबाट, र कुराको विविधताबाट, हे अल्लाह म तिम्रो शरण चाहन्छु त्यस बुराईबाट जसलाई वायु ल्याउँछ, हे अल्लाह तिमी मेरो कुरा सुनिरमखेका छौ, र मेरो स्थान हेरिराखेका छौ, र तिमीलाई मेरो दृश्य अदृश्य कुराहरू थाहा छ, र तिम्रो सामु मेरो कुनै कुरा लुकेको छैन, र म असमर्थ, गरिब, निमुखा, मुखापेक्षी, त्रसित शरणको अभिलाषी आफ्नो पापलाई स्वीकार गर्दै मिस्कीन र निमुखा झैं तिमीसित माँगिरहेको छु, र पापी झैं रोई रोई माँगिरहेको छु, र त्यो मान्छे झैं माँगिरहेको छु जसको टाउको तिमीलाई

नतमस्तक गरिरहेको छ र जसको शरीर तिम्रो भयले कम्पित छ र जसको आँखा आँसु झराइरहेको छ र जुन आफ्नो नाकलाई तिम्रो सामु घिसारिरहेको छ, हे अल्लाह मलाई आफ्नो याचनाको स्वीकृतिबाट वंचित नगर्नुहोला, हे अल्लाह ममाथि दया गर तिमी त याचना स्वीकार गर्नेवाला परम् दयालु हौ, हे अल्लाह मेरो हृदयलाई प्रकाशमान गरिदेऊ, र मेरो कानलाई र आँखालाई प्रकाशित गरिदेऊ, हे अल्लाह मेरो छातीलाई फराकिलो गरिदेऊ, र मेरो समस्याको समाधान गरिदेऊ, हे अल्लाह म तिम्रो श्रण चाहुन्छु त्यस बुराईबाट जुन रात्रीमा प्रविष्ट हुन्छ, र जुन दिनमा प्रविष्ट हुन्छ, वा जसलाई वायु ल्याउँछ, वा जुन समयको चक्रित हुने कारण घटित हुन्छ । हे अल्लाह हामीलाई यस संसारमा भलाई प्रदान गर परलोकमा पनि भलाई र पुण्य प्रदान गर, र हामीलाई नर्कको यातनाबाट सुरक्षा प्रदान गर । हे अल्लाह मैले आफूमाथि अत्याचार गरें यसर्थ मलाई क्षमा गर, तिमी महान क्षमादाता हौ, हे अल्लाह म तिम्रो श्रण चाहन्छु प्रकोपहरूको कष्टबाट, र बुराईको अन्तिम चरणसम्म पुग्नुबाट, र नराम्रो अन्त्यबाट, र शत्रुको ईर्ष्या र हाँसोबाट, र हे अल्लाह म तिम्रो श्रण चाहन्छु व्याकुलता र शोकाकूलताबाट, र असमर्थता र सुस्तीबाट, र कञ्जूसी र कायरताबाट, र श्रृणको भारी र मान्छेहरूको अधिपत्यबाट, र तिम्रो श्रण चाहन्छु अति वृद्ध अवस्था सम्म पुग्नुबाट, र तिम्रो श्रण चाहन्छु संसारीय उपद्रवबाट, हे अल्लाह म तिम्रो श्रण चाहन्छु श्रृणको भारी र पापको भारीबाट, र सम्पत्तिको उवद्रवी अशुद्धिबाट, र तिम्रो श्रण चाहन्छु गरिबीको प्रकोपबाट, हे अल्लाह मेरो पापहरूलाई हिउँ र असिनाबाट पवित्र गरिदेऊ, र मेरो हृदयलाई यसरी पापबाट स्वच्छ गरिदेऊ जसरी सेतो कपडालाई मैलो र फोहोरबाट स्वच्छ गर्दछौ र म र मेरो पापहरू बीच उस्तै दूरी गरिदेऊ जसरी पूर्व र पश्चिम बीच दूरी गरेका छौ ।

त अरफातको दिनको दुआ सर्वोत्कृष्ट दुआ हो रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः “सबैभन्दा राम्रो दुआ अरफाको दिनको दुआ हो, र सबैभन्दा राम्रो दुआ जुन मैले र मभन्दा पहिलाका सन्देशवाहकहरूले गरेका छन् यो होः लाइलाहा इल्लल्लाहु वहदहु

लाशरीकलहु लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर" ।

अर्थात त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही साझीदार छैन, त्यसैको लागि सत्ता छ र त्यसैको लागि समस्त प्रशंसाहरू छन्, र त्यो समस्त कुराहरूमाथि शक्ति सम्पन्न छ ।

र जुन मान्छेलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित दुआ याद नहोस् त त्यसलाई जुनसुकै हलाल र वैध दुआ याद होस् त्यसैलाई गरोस् । अनि जब त्यो गरेर थाकोस् र आफ्नो साथीहरूसित लाभान्वित कुराहरू गर्न चाहोस् वा कुरआनको पाठन गर्न चाहोस्, वा कुनै यस्तो लाभदायक किताबको अध्ययन गर्न चाहोस् जुन अल्लाहको कृपा दयाको वर्णन गर्छ वा अरफातको दिन अल्लाहको उदारताको बखान गर्छ त त्यो यस्तो गर्न सक्छ, र यस्तो गर्नु राम्रो कुरा मानिन्छ, अनि यो गरे पश्चात फेरि त्यो दोआ गरोस् र अल्लाहसित रोई रोई क्षमायाचना गरोस्, र मान्छेलाई चाहियो कि यस दिनको अन्तिम पहरमा अत्याधिक दुआ गरोस् ।

र मान्छेलाई यो पनि आवश्यक छ कि दुआगर्दा आफ्नो अनुहार कअ्बातर्फ राखोस् चाहे जबले अरफात (जबले रहमत) त्यसको दायाँ बायाँ वा पछाडि किन नहोस्, किनकि किब्लातर्फ अनुहार गर्नु सुन्नत हो । र दुआगर्दा आफ्नो दुवै हातलाई उठाएको होस्, र यदि एउटा हातमा कुनै बाध्यता होस् जसकारण त्यसलाई उठाउनुबाट असमर्थ होस् भने जुन हात खाली र स्वस्थ छ त्यसलाई नै उठाओस्, किनकि हदीसमा वर्णित छ, हजरत उसामा रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: "म अरफातमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको पछाडि सवारीमा बसेको थिएँ, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो दुवै हात उठाएर दुआ गरिरहेका थिए, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको ऊँट्नी एकतर्फ झुक्यो अनि त्यसको लगाम तल खस्यो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक हातले त्यसलाई समाते र आर्को हातलाई दुआको लागि उठाए नै रहे" । (नेसाई)

र मान्छे आफ्नो गरिबीको अवस्थालाई र दुःख कष्टलाई अल्लाह समक्ष राखोस्, र अत्याधिक दुआ गरोस्, र दुआ गर्नुमा पनि सीमा

उल्लंघन नगरोस् अर्थात यस्तो दुआ नगरोस् जुन हराम होस् वा जुन असम्भव होस् जस्तोकि अल्लाहको फर्मान छः

﴿ ٱدۡعُواْ رَبَّكُمۡ تَضَرُّعٗا وَخُفۡيَةًۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلۡمُعۡتَدِينَ ٥٥ ﴾

الأعراف: ٥٥

अर्थ : (मानिसहरू !) आफ्नो पालनकर्तासंग विनम्र बिन्ती गर्ने गर ठूलो स्वरले र एकान्तमा प्रार्थना गर । वास्तवमा अल्लाहले सीमा उल्लंघन गर्नेहरूलाई प्रेम गर्दैन । ( सूरतुल् अअ्राफ ५५ )

र हराम खानुबाट पनि बाँचोस् किनकि याचना कबूल नहुनुको यो सर्वोत्कृष्ट कारण हो । सही मुस्लिममा हजरत अबू हुरैरहद्वारा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "अल्लाह पवित्र छ पवित्रतालाई मनपराउँछ" । र यसै हदीसभित्र यो पनि वर्णन छ किः एउटा मान्छे अति टाढाबाट यात्रा गरेर आउँछ जसका कपालहरू छरिएका हुन्छन् र त्यसमाथि माटो धूल हुन्छ, अनि त्यो आफ्नो दुवै हातलाई उठाएर भन्छ हे अल्लाह, हे अल्लाह, हे प्रतिपालक हे प्रतिपालक, (अर्थात याचना गर्छ) र त्यसको खाना हराम हुन्छ त्यसको पिउने पानी हराम हुन्छ, त्यसको लुगा हरामबाट किनिएको हुन्छ त त्यसको याचना कहाँ स्वीकार हुन्छर ? ।

त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको याचना कबूल हुनुलाई असम्भव भनेका छन् जसको खाना कपडा हराम मालबाट किनिएको होस् ।

र जब मान्छेलाई त्यस ठाउँमा उभ्ने अवसर प्राप्त होस् जहाँ रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेका थिए अर्थात चट्टानहरू निकट, त यो अति उत्कृष्ट कुरो हो, र यदि यस्तो सम्भव नहोस् त अरफातको चौरमा जता ठाउँ पाओस् त्यतै उभोस्, किनकि हजरत जाबिर रजिअल्लाहो अन्होको हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "मैले यता बलि गरें र पूर्ण मिना बलि गर्ने ठाउँ हो, यसर्थ अआफ्ना बासस्थानमा नै बलि गर, र म यता उभें र समस्त अरफात उभिने स्थान हो, र म मुजिदलिफमा यता बास बसें र समस्त मुजदलिफा बास गर्ने ठाउँ हो" । (मुस्लिम)

र अरफातमा उभिने मान्छेमाथि यो अनिवार्य छ कि अरफातको सीमाहरूको छानबिन र अनुसंधान गरोस्, र त्यसका सीमाहरूमा संकेत (बोर्ड लगाइएको छ) राखिएको छ जुन त्यसलाई खोज्दछ पाइहाल्छ, र यो यस कारण किनकि कतिपय हाजीहरू यसबाट अनभिज्ञताको कारण अरफातको सीमाबाट बाहिर नै उभिहाल्छन्, वा अरु हाजीहरूको देखादेखी यस्तो गरिहाल्छन् । र यी हाजीहरू जुन अरफातको सीमा बाहिर उभे तिनको हज्ज भएन, किनकि हज्ज वास्तवमा अरफातको चौरमा उभिनु नै हो, जस्तोकि अब्दुर्रहमान बिन यअ्मरको वर्णन छ कि: "नजदका केही मानिसहरू रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष यस्तो अवस्थामा आए कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम अरफातमा उभेका थिए, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित प्रश्न गरे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले एउटा आह्वान गर्ने मानिसलाई यो आह्वान गर्ने आदेश गरे कि त्यो आह्वान गरोस् कि वास्तवमा हज्ज अरफाको दिन नै हो, र जुन मान्छे अरफाको दिन पश्चात आउने रात्रीको सूर्य उदयभन्दा पहिला नै अरफासम्म पुग्यो त्यसको हज्ज भयो, र मिनाका गणनाका दिन तीन छन् तसर्थ जुन व्यक्ति दुई दिनमा जान चाहोस् त्यसमाथि कुनै आपत्ति छैन र जुन पूर्ण गणनाका दिन बस्न चाहोस् त्यसमाथि पनि कुनै दोष छैन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफूसँगै आफ्नो सवारीमा एउटा मान्छेलाई बसाल्नु भयो जुन यस कुराको एलान गर्दै रह्यो" । (यस हदीसलाई बुखारी, मुस्लिम, अबू दाऊद, तिर्मिजी, र नेसाईले वर्णन गरेका छन्)

यसर्थ मान्छेमाथि यो अनिवार्य छ कि अरफातको सीमाहरूको महत्वलाई बुझोस् र त्यसको ज्ञान प्राप्त गरोस् ताकि त्यसलाई यो दृढ विश्वास होस् कि त्यो अरफाको सीमाभित्र उभेको छ ।

र जुन व्यक्ति अरफातमा दिनको समय उभेको छ त्यसमाथि यो अनिवार्य छ कि सूर्य अस्ताएसम्म त्यतै रहोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम सूर्य अस्ताएको बेलासम्म त्यतै उभेका थिए, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ: "हज्ज गर्ने तरिका मसित सिकिहाल" । र यस कारण पनि किनकि सूर्य अस्ताउनु भन्दा अघि

अरफातबाट निस्कनु अनभिज्ञकालका कार्यहरू मध्येको हो जसको इस्लामले विरोध गरेको छ ।

र अरफातमा उभिने समय कुर्बानीको ईदको दिनको सूर्य उदय हुनेसम्म रहन्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: "जुन व्यक्ति अरफात पश्चात आउने रात्री ( जुन रातीमा मुजदलिफमा बास बसिन्छ) को सूर्य उदय हुनुभन्दा अघि अरफातमा पग्यो त्यसको हज्ज पूर्ण भयो" । तर यदि कुनै मान्छे यस्तो समयमा अरफातको चौरमा पुग्यो कि ईदको दिनको सूर्य उदय भइसकेको छ भने त्यसको हज्ज भएन, त यदि त्यस मान्छेले हज्जको नीयतगर्दा यो र्शत राखेको थियो कि यदि मलाई कुनै कुरोले बाध्य गऱ्यो भने म बाधित भएको ठाउँमा नै हलाल भइहाल्छु त त्यो त्यतै आफ्नो एहराम फुकालेर हलाल भइहालोस्, र त्यसमाथि कुनै दण्ड जरिवाना छैन । तर यदि त्यसले हज्जको नीयतगर्दा कुनै शर्त राखेको थिएन भने त्यो उमराको नीयत गरी कअ्बासम्म गएर तवाफ र सई गर्छ अनि टाउको खौराएर यदि त्यसको साथमा बलिको जनावर छ भने त्यसलाई बलि गर्छ, र आउनेवाला वर्ष पुन: हज्ज गर्छ र पुन: बलि दिन्छ, र यदि बलिको जनावर छैन भने दश दिन व्रत बस्छ तीन दिन हज्जमा र सात दिन आफ्नो घर फर्केर, जस्तोकि इमाम मालिकले मुवत्तामा हदीस वर्णन गरेका छन् कि " हजरत उमरले अबू अय्यूब र हेबार बिन अस्वदलाई जिनको हज्ज छुटिसकेको थियो यो आदेश गरेका थिए कि उमरा गरेर हलाल भइहालुन्, र आउनेवाला वर्ष हज्ज गरुन् र बलि पनि गरुन्, र जससित बलि गर्ने क्षमता नहोस् त्यो हज्जमा तीन दिन र घर फर्केपछि सात दिन व्रत बसोस्" ।

**मुजदलिफमा रात व्यतीत गर्नुः**

अनि सूर्य अस्त भए पश्चात अरफातमा उभेका मानिसहरू मुजदलिफातर्फ प्रस्थान गरुन्, अनि मसजदलिफा पुगे पश्चात मग्‌रिब र इशाको नमाज एकसाथ पढुन् जसमध्ये मग्‌रिबलाई तीन रकअ्त र इशालाई दुई रकअ्त पढुन् । र बुखारी एवं मुस्लिममा हजरत उसामा बिन जैद रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम अरफातबाट मुजदलिफाको लागि हिंडे अनि जब वादीमा (घाटीमा) पुगे त पिशाब फेरे र वजू गरे तर पूर्णतया जसरी उहाँ वजू गर्नुहुन्थ्यो त्यसरी गरेनन्, अनि मैले भनें हे अल्लाहको रसूल नमाज ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भनेः नमाज अरु अगाडि पढिन्छ, अनि जब मुज्दलिफा पुगे त पूर्णरूपले वजू गरे, अनि इकामत भनियो त मग्‌रिबको नमाज पढे, अनि सबैले अआफ्‌ना सवारीहरूलाई अआफ्‌नो बस्ने स्थानमा बसाले, अनि इशाको इकामत भनियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले इशाको नमाज पढनु भयो" ।

त हाजीको लागि सुन्नत यो हो कि मग्‌रिब र इशालाई मुजदलिफामा नै पढोस् रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले, यस अवस्था बाहेक कि मध्य रात्री आइपुग्ने भय होस् जसलेगर्दा इशाको समय सिद्धिने खतरा लागोस् त यस्तो अवस्थामा मान्छे जता होस् त्यतै इशाको समय सिद्धिनुभन्दा अघि नै नमाज पढिहालोस् ।

र हाजीलाई चाहियो कि मुजदलिफामा रात्री सुतेर व्यतीत गरोस्, र यस रात्रीमा जागेर गुणगान अथवा नमाज नपढोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नु भएको छैन । जस्तोकि बुखारीको हदीसमा छ इब्ने उमर रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले मग्‌रिब र इशा नमाजलाई जम्मा गरेर पढे, र दुवै बीच तस्बीह आदि भन्नु भएन नत दुवैलाई सम्पन्न गरे पश्चात नै तस्बी पढनु भयो" । र सही मुस्लिमको हदीसमा छ हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लम मुजदलिफा आए त एक अजान र दुई इकामतले मग्‌रिब र इशाको नमाज पढे, र दुवै नमाज बीच तस्बीह भन्नु भएन,

अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम सुते यहाँसम्म कि फज्र उदय भयो" ।

र दुर्वल र कम्जोर एवं विरामी मान्छे र महिला एवं बच्चाहरूको लागि यो जायज छ कि मध्य रात्री पश्चात मुजदलिफाबाट मिनातर्फ जाउन्, सही मुस्लिममा एउटा हदीस वर्णित छ इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: "मलाई सरसामान दिएर एउटा समूहको साथ रात्रीमा नै रसूल सल्लल्लाहो अलैहे वसल्लमले (मिना) पठाउनु भयो" । र बुखारी मुस्लिमा आर्को हदीसमा छ इब्ने उमरको वर्णन छ कि: "उनी आफ्नो परिवारका कम्जोर र वृद्ध मान्छेहरूलाई मुजदलिफामा मश्अरुल् हरामसम्म ल्याउँथे अनि उनीहरू त्यहाँ रुक्थे, अनि जति  अल्लाहको स्तुति र गुणगान गर्न सक्थे गर्थे अनि मिनातर्फ प्रस्थान गर्थे, त ती जानेहरू मध्ये केही फज्रभन्दा पहिला नै मिना पुगिहाल्थे र केही फज्र पश्चात पुग्थे अनि कंकरी हान्थे, र इब्ने उमर भन्थे कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले यिनीहरूलाई यस्तो गर्नुको लागि अनुमति प्रदान गरेका छन्" ।

तर जुन मान्छे नत कम्जोर र दुर्वल होस् नत कम्जोर र दुर्वल मान्छेको साथ सहायक होस् त त्यो मुजदलिफामा नै बास गरोस् यहाँसम्म कि फज्रको नमाज पढोस् रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नुको लागि ।

र सही मुस्लिममा हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "हजरत सौदह रजिअल्लाहो अन्हाले मुजदलिफाको रात्री रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो अनुमति माँग्नु भयो कि उनी मान्छेहरूको भीड त्यहाँबाट प्रस्थान गर्नुभन्दा अघि नै त्यहाँबाट मिनाको लागि निस्किहालुन्, र उनी अति मोटी स्त्री थिइन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई यस्तो गर्नुको अनुमति प्रदान गरिबक्स्नु भयो, र हामीहरूलाई प्रात:काल सम्म त्यहाँ नै रोकिराख्नु भयो, अनि बिहान भए पश्चात नै हामीहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथ त्यहाँबाट प्रस्थान गरें, त यदि मैले पनि हजरत सौदा झैं उहाँको अनुमति प्राप्त गरी त्यहँबाट गएको भए कति राम्रो हुन्थ्या" । र आर्को

हदीसमा छः “कति राम्रो हुन्थ्यो यदि मैले पनि सौदा जस्तै अनुमति लिएको भए” ।

अनि जब हाजी फज्रको नमाज पढिसकोस्, त मश्अरुल् हराम आओस् र किब्लातर्फ अनुहार गरेर अल्लाहको भक्ति स्तुति र गुणगान गरोस् यहाँसम्म कि भोर भइहालोस्, र यदि मश्अरुल् हरामससम पुग्नु सम्भव नहोस् त जहाँ छ त्यहीँ अल्लाहको पवित्रताको वर्णन गरोस् र जति गुणगान गर्न सकोस् त्यति गुणगान गरोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः “म यता बास बसें र पूर्ण मुजदलिफा बास बस्ने ठाउँ हो” ।

**मिनातर्फ प्रस्थान गर्नु र त्यहाँ पुग्नुः**

अब मुजदलिफामा भएका मानिसहरू जबकि उनीहरू अल्लाहको गुणगान अआफ्नो क्षमतानुसार गरिसके त सूर्य उदय हुनुभन्दा अघि नै मिनातर्फ प्रस्थान गरुन्, र जब मिना पुगिहालुन् त निम्नका कार्यहरू गरुन्ः

□ १- ठूलो जमरहलाई कंकरी हान्नु जुनकि मक्कासित नजिक छ र मीनाको सीमाको अन्त्यमा (चर्म सीमा निकट) छ । तसर्थ सातवटा यस्तो कंकरी जुन (खज्फ जस्तो) चनाको गेडाभन्दा अलि ठूलो आकारको होस् त्यसलाई कतैबाट पनि लिएर ठूलो जमरहलाई हानोस्, र यदि सम्भव होस् त हाजी मिना घाटीको बीचमा गएर कअ्बालाई आफ्नो द्ब्रेतर्फ गरेर मिनालाई आफ्नो दायाँतर्फ गरी कंकरी हानोस्, किनकि इब्ने मसऊदको वर्णन छः “ उहाँ रजिअल्लाहो अन्हो जब जमरहसम्म पुग्नु भयो त कअ्बालाई आफ्नो देब्रेतर्फ गरेर मिनालाई आफ्नो दायाँतिर गरी कंकरी हुन्नु भयो, र भन्नु भयोः यस्तै त्यस महापरुषले कंकरी हानेका छन् जसमाथि सूरतुल् बकरह उदभाषित गरिएको छ (अर्थात रसूल सल्लल्लाहो अलैहे वसल्लम)” । (बुखारी, मुस्लिम)

र हाजी प्रत्येक कंकरीलाई हान्दा अल्लाहु अक्बर भनोस्, र धेरै ठूलो कंकरी अथवा जुत्ता चप्पल... आदि हान्नु जायज छैन ।

र हाजी अल्लाहको महानताको बखान गर्दै पूर्ण श्रद्धा सदभाव र धर्मपरायणताको साथ कंकरी हानोस्, र अनभिज्ञहरू झैं होहल्ला र

गालीगलोज गर्दै कंकरी नहानोस् किनकि जमरहलाई कंकरी हान्नु अल्लाहको प्रतीक र पूजा मध्येको हो, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَمَن يُعَظِّمْ شَعَٰٓئِرَ ٱللَّهِ فَإِنَّهَا مِن تَقْوَى ٱلْقُلُوبِ ﴿٣٢﴾ ﴾ الحج: ٣٢

अर्थ : जुन व्यक्तिले अल्लाहका निशानीहरूको आदर र सम्मान गर्दछ, निःसन्देह ती कुराहरू उसको हृदयको धर्मपरायणता सित सम्बन्ध राख्दछन् । ( सूरतुल् हज्ज ३२ )

र हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "बैतुल्लाहको परिक्रमा र सफा एवं मरवाको सई गर्नु र जमरहहरूलाई कंकरी हान्नुलाई अल्लाहको गुणगान र स्तुति गर्ने उद्देश्यले अनिवार्य गरिएको छ" ।

यसर्थ आफ्नो भाइहरूलाई धक्का नदेओस् कि उनीहरूलाई यस्तो पावन स्थानमा कष्ट पुगोस् वा उनी त्यसको यस अनुचित कार्यबाट दुखी भइहालुन् ।

□ २- अनि जमरहलाई कंकरी हाने पश्चात यदि त्यससित बलिको जनावर छ भने त्यसलाई बलि (जब्ह) गरोस् वा यदि त्यससंग जनावर छैन भने जनावर किनेर बलि गरोस्, र बलिसित संलग्न समस्त कुराहरूलाई अघि नै वर्णन गरिएको छ ।

□ ३- अनि बलि गरे पश्चात आफ्नो टाउको खौराओस् वा कपाल कटाओस् यदि हाजी पुरुष मान्छे हो, तर कपाल खौराउनु नै श्रेष्ठ छ, किनकि अल्लाहको फर्मान छ : ( مُحَلِّقِينَ رُءُوسَكُمْ ) अर्थात कपाल खौराएर । र यस कारण पनि श्रेष्ठ छ किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यस्तै गरेका छन् । अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ किः " नबी सल्लल्लाहो अलैहे वसल्लम मिना आए, अनि जमरहलाई कंकरी हाने, अनि आफ्नो बासस्थानसम्म गऐ जुनकि मिनामा थियो, अनि बलि गरेर हल्लाक (नाउ) लाई आदेश गरे खौराऊ, र पहिला टाउकोको दायाँतर्फ संकेत गरे अनि बायाँतर्फ संकेत गरे, र

जुन कपाल उहाँ सल्लल्लाहो अलैहे वसल्लमको टाउकोबाट निस्कन्थ्यो सबैलाई दिन्थे" । (मुस्लिम)

र यस कारण पनि श्रेष्ठ छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कपाल खौराउनेहरूको लागि तीन चोटि दयाको याचना गर्नु भएको छ, र कपाल कटाउनेहरूको लागि मात्र एक चोटि । र यस कारण पनि किनकि कपाल खौराउनुले अल्लाहको अत्याधिक महानता र पवित्रता गर्नुको बोध हुन्छ ।

र कपाल कटाउनु वा खौराउनु पूर्ण टाउकोलाई शामेल हुनुपर्छ किनकि अल्लाहको फर्मान छ :( مُحَلِّقِينَ رُءُوسَكُمْ ) अर्थात पूर्ण कपाल खौराएर । यसर्थ टाउकोको केही भागलाई कटाउनु वा खौराउनु अवैधानिक छ, किनकि यस्तो गर्नुबाट रोकिएको छ । बुखारी र मुस्लिममा एउटा हदीस वर्णन छ नाफेअ् बिन उमरको भनाइ छ कि: इब्ने उमरले भन्नु भयो कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले कजअ्बाट रोकेका छन्, त उहाँसित सोधियो कि कजअ् के हो ? त उहाँ रजिअल्लाहो अन्होले भने: यसको अर्थ हो बच्चाको टाउकोको केही भागलाई खौराइयोस् र अरुभागलाई त्यस्तै छाडियोस" ।

त जब कजअ्बाट मनाही गरिएको छ त यो हुनैसक्दैन कि यसद्वारा अल्लाहको प्रसन्नता प्राप्त गरियोस् । र नबी सल्लल्लाहो अलैहे वसल्लमले त आफ्नो पूर्ण टाउकोलाई खौराउनु भएको थियो मात्र अल्लाहको पूजा गर्ने उद्देश्यले । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: " आफ्नो हज्ज गर्ने तरिका मसित सिकिहाल" ।

र रह्यो कुरो महिलाहरूको त महिलाहरू आफ्नो केशका समस्त लटहरूबाट औंलाको एक पोर जतिको केश काटुन् ।

त जब मान्छे उपरोक्तका समस्त कार्यहरूलाई सम्पन्न गऱ्यो त त्यसको लागि एहरामको कारण जति पनि कुराहरू हराम थिए सबै हलाल भए स्त्रीसित सहवास गर्नु बाहेक, यसर्थ अब त्यसको लागि सुगन्ध प्रयोग गर्नु नङ्ग काट्नु सिलेको लुगा लगाउनु बाल काट्नु....आदि हलाल भयो ।

र सुन्नत यो छ कि जब मान्छे एहरामको बन्देजहरूबाट मुक्त होस् त सुगन्ध प्रयोग गरोस्, जस्तोकि हजरत आइशा रजिअल्लाहो अन्हाको

वर्णन छ कि: “म रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई एहराम लगाउनु भन्दा अघि पनि सुगन्ध लगाउँथें, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम जब एहरामबाट हलाल हुन्थे तब पनि तवाफ गर्नुभन्दा अघि सुगन्ध लगाउथें” । (बुखारी, मुस्लिम, र शब्द मुस्लिमका हुन्)

र आर्को हदीसमा छ कि: “म रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई एहराम लगाउनुभन्दा अघि सुगन्ध लगाउथें, र कुर्बानीको दिन तवाफ गर्नुभन्दा अघि पनि सुगन्ध लगाउथें” ।

र यी कुराहरू (अर्थात सुगन्ध लगाउनु नङ्ग काट्नु...) हज्जका समस्त कार्यहरूलाई सम्पन्न गरे पश्चात नै हलाल हुन्छन् यो धारण सही छैन बरु यी समस्त कुराहरू जमरहलाई कंकरी हानेर कपाल खौराए बित्तिकै हलाल भइहाल्छन् सम्भोग बाहेक ।

□ ४- तवाफे इफाजा गर्नु, र यसलाई तवाफे जियारह पनि भनिन्छ, अल्लाहको फर्मान छ:

﴿ ثُمَّ لْيَقْضُوا۟ تَفَثَهُمْ وَلْيُوفُوا۟ نُذُورَهُمْ وَلْيَطَّوَّفُوا۟ بِٱلْبَيْتِ ٱلْعَتِيقِ ﴿٢٩﴾ ﴾ الحج: ٢٩

अर्थ : फेरि उनीहरूलाई आवश्यक छ कि आफ्ना फोहोर-मैला समाप्त पारुन् (कपाल इत्यादि सफा गरुन्) र आफ्ना कबोल गरेका कुराहरू (मन्नतहरू) पूरा गरुन् र अल्लाहको यस पूरातन घरको तवाफ (परिक्रमा) गरुन् । ( सूरतुल् हज्ज २९ )

र सही मुस्लिममा छ हजरत जाबिर रजिअल्लाहो अन्हो नबी सल्लल्लाहो अलैहे वसल्लमको हज्ज गर्ने तरिकालाई वर्णन गर्दै भन्छन्: “फेरि रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो सवारीमाथि सवार भई बैतुल्लाहतर्फ प्रस्थान गरे, र तवाफे इफाजा गरे, अनि मक्कामा जुहरको नमाज पढे.... ” । र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “हामीले रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा हज्ज गरें, अनि कुर्बानीको दिन तवाफे इफाजा गरें” । (बुखारी, मुस्लिम)

र यदि हाजी हज्जे तमत्तुअ् गरिरहेको छ भने तवाफे इफाजा गरे पश्चात सई पनि गरोस् किनकि पहिला गरिएको सई उमराको सई

थियो, यसर्थ त्यसमाथि अनिवार्य छ कि हज्जको सई पनि गरोस् । र बुखारी एवं मुस्लिममा छ हजरत आइशा रजिअल्लाहो अन्हाले वर्णन गर्नुहुन्छ कि: “जुन मानिसहरूले उमराको नीयत गरेका थिए तिनीहरूले तवाफ गरे पश्चात सफा र मरवाको सई पनि गरे, अनि हलाल भए, फेरि उनीहरू जब मिनाबाट फर्केर आए त आफ्नो हज्जको लागि आर्को तवाफ र सई गरे, तर जसजसले हज्ज र उमरालाई एकैसाथ जम्मा गरेका थिए अर्थात हज्जे केरानको नीयत गरेका थिए तिनीहरूले मात्र एउटा सई गरे” ।

र सही मुस्लिममा हजरत आइशाकै वर्णन छ कि: “ अल्लाह त्यस मान्छेको हज्ज र उमरा पूर्ण गर्दैनन् जसले सफा र मरवाको सई गरेको छैन” । (यस हदीसलाई बुखारीले तअ्लीकन् वर्णन गर्नु भएको छ अर्थात अध्याय कायम गर्नुमा वर्णन गरेका छन् मूल किताबमा वर्णन गर्नु भएको छैन)

र सही बुखारीमा छ इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: “ फेरि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई ८ जिल्हिज्जाको दिन आदेश गर्नु भयो कि हामी हज्जको एहराम लगाऔं, त जब हामीहरूले हज्जका अरु समस्त कार्यहरू सम्पन्न गरें त मक्का आएर बैतुल्लाहको तवाफ गरें र सफा र मरवा बीच दौड लगाएँ, अनि हाम्रो हज्ज पूर्ण भयो र हामीमाथि बलि पनि अनिवार्य थियो” । (यस हदीसलाई इमाम बुखारीले बाबो जालिका लिमन लम यकुन् अहलहु हाजेरिल मस्जिदिल् हराम अन्तर्गत वर्णन गर्नु भएको छ)

र यदि हाजी हज्जे इफ्राद वा केरान गरिरहेको छ र त्यसले उमराको तवाफको साथ सई गरिसकेको छ भने पुन: सई गर्ने आवश्यकता छैन किनकि हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ: “रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँ सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले सफा मरवा बीच मात्र एक सई गरेका थिए ( अर्थात उमराको साथ मात्र सई गरेका थिए) ” । (मुस्लिम)

तर जसले उमराको साथ सई गरेको छैन भने त्यसलाई सई गर्नु आवश्यक छ किनकि बिना सई हज्ज सम्पन्न हुँदैन जस्तोकि हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णित हदीसबाट स्पष्ट भयो ।

र यदि इफ्राद र केरान गर्ने मान्छेले तवाफे जियारत गऱ्यो र सई पनि गऱ्यो वा सई पहिला नै गरेको थियो त त्यो पूर्णतया हलाल भयो जसलाई तहल्लुले सानी वा तहल्लुले अक्बर भनिन्छ, र यस तहल्लुल पश्चात (हलाल हुनु पश्चात) त्यसको लागि समस्त निषेधित कुराहरू हलाल भए (सम्भोग गर्नु पनि) जुन एहरामको कारण हराम थिए, जस्तोकि बुखारी र मुस्लिमको हदीसमा छ हजरत इब्ने उमर रसूल सल्लल्लाहो अलैहे वसल्लमको हज्जको विशेषता वर्णन गर्दै भन्छन्: "अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले बलिको जनावरलाई जब्ह गर्नु भयो, र मक्का गएर तवाफे इफाजा गर्नु भयो, अनि एहरामका समस्त बन्देजहरूबाट मुक्त हुनु भयो जुन एहरामको कारण निषेधित थिए" ।

र सर्वोत्कृष्ट कुरो यो छ कि मान्छे कुर्बानीको दिनका कार्यहरूलाई निम्नमा वर्णित क्रम बमोजिम गरोस् ।

- १- ठूलो जमरहलाई कंकरी हान्नु ।
- २- बलिको जनावरलाई जब्ह गर्नु ।
- ३- कपाल खौराउनु वा कटाउनु ।
- ४- तवाफ र सई गर्नु यदि हाजी हज्जे तमत्तुअ् गरिरहेको छ, वा इफ्राद र केरान गरिरहेको छ तर पहिला तवाफे कुदूमको साथमा सई गरेको छैन ।

किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यस्तै क्रमबद्ध तरिकाले यी चारवटै कार्यहरूलाई गरेका छन्, र भनेका छन्: " मसित हज्ज गर्ने तरिकालाई सिकिहाल " । तर यदि मान्छेले यी कार्यहरूलाई अघिपछि गऱ्यो भने कुनै दोष छैन, जस्तोकि इब्ने अब्बास रजिअल्लाहो अन्होको हदसिमा वर्णित छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमसित बलि गर्नु, कंकरी हान्नु, कपाल खौराउनु र यसलाई अघिपछि गर्नुको बारेमा सोधियो त उहाँले भन्नु भयो: (यस्तो गर्नुमा) कुनै आपत्ति (हर्ज) छैन" । (बुखारी, मुस्लिम)

र बुखारीको हदीसमा छ इब्ने अब्बास भन्नुहुन्छ कि: "कुर्बानीको दिन नबी सल्लल्लाहो अलैहे वसल्लमसित जति पनि प्रश्न गरिन्थ्यो त्यसको उत्तरमा उहाँ सल्लल्लाहो अलैहे वसल्लम भन्थे कुनै आपत्ति

छैन, त एउटा मान्छेले प्रश्न गऱ्यो हे अल्लाहका रसूल मैले बलि गर्नुभन्द अघि नै कपाल खौराएँ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: बलि गरिहाल कुनै आपत्ति छैन, र एउटा मान्छेले भन्यो: मैले साँझ्फा कंकरी हानें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कुनै आपत्ति छैन" । र सही मुस्लिममा अब्दुल्लाह बिन अमर रजिअल्लाहो अन्होको माध्यमले हदीस वर्णित छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमसित कंकरी हान्नुमाथि कपाल खौराउनुलाई प्राथमिकता दिने र कंकरी हान्नु अघि नै बलि गर्ने, र तवाफे इफाजालाई कंकरी हान्नु भन्दा अघि नै गर्नेबारे प्रश्न गरियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कंकरी हान र यस्तो गर्नुमा कुनै दोष छैन, त अब्दुल्लाह भन्छन्: कि त्यस दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमसित जति पनि प्रश्न गरियो सबैको उत्तरमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिमीहरू जसरी पनि गर कुनै आपत्ति छैन" ।

र यदि मान्छेको लागि कुर्बानीको दिन तवाफे इफाजा गर्नु सम्भव नहोस् त त्यसमा विलम्ब गर्नुमा पनि कुनै आपत्ति छैन बरु यस्तो गर्नु जायज छ, तर मान्छेको लागि उत्तम यो नै छ कि तवाफे इफाजा तश्रीकका दिनहरूमा नै सम्पन्न गरिहालोस् अर्थात १३ जिल्हिज्जा सम्ममा सम्पन्न गरिहालोस्, तर यदि त्ससित कुनै बैधानिक कारण छ जसरी रोग रजस्वला र सुत्केरीको अवस्था ... आदि त तवाफे इफाजा गर्नुमा अरु विलम्ब गर्न सकिन्छ ।

**पुन: मिना फर्केर आउनु र कंकरी हान्नु:**

कुर्बानीको दिन तवाफ र सई गरे पश्चात हाजी पुन: मिना फर्केर आओस् र ईदको दिनको साथै तश्रीकका दिन र रात्रीहरूमा पनि मिनामा बास बसोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम यी दिन रात्रीहरूमा मिनामा नै बसेका थिए । र मान्छेमाथि अनिवार्य छ कि ११, १२, १३ जिल्हिज्जाको रात्री मिनामा नै गुजारोस् किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यी रात्रीहरूलाई मिनामा व्यतीत गर्नु भएको छ, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ: "हज्ज गर्ने तरिका मसित सिकिहाल" । र कुनै कारण वा यस्तो कारण जुन हाजीहरूको लागि हितकर छ मिनाको बास गर्ने कार्यलाई त्याग्न पनि

सकिन्छ, किनकि बुखारी र मुस्लिममा हदिस छ हजरत अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: "अब्बास बिन अब्दुल मुत्तलिबले नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो अनुमति चाहे कि मिनामा व्यतीत गर्ने रात्रीहरूलाई उनी मक्कामा व्यतीत गरुन् ताकि हाजीहरूलाई पानी खुवाउन सकुन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई यस्तो गर्ने अनुमति प्रदान गर्नु भयो"। र हजरत आसिम बिन अदि रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले ऊँट चराउने मान्छेहरूलाई मिनामा रात्री व्यतीत नगर्नुको अनुमति प्रदान गर्नु भयो"। (यस हदीसलाई बुखारी, मुस्लिम, अबू दाऊद। तिर्मिजी, नेसाईले वर्णन गरेका छन्)

र हाजी तश्रीकका दिनहरूमा तीनौं जमरहहरूलाई क्रमबद्ध तरिकाले सात सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दाखेरि अल्लाहु अक्बर पनि भन्दैरहोस्, र सूर्य ढल्के पश्चात मात्र कंकरी हानोस् ।

त पहिला त्यस जमरहलाई कंकरी हानोस् जुन मस्जिदे खैफ निकट छ, अनि अलि अगाडि गएर किब्लातिर आफनो अनुहार गरी दुवै हात उठाएर लामो समयसम्म दुआ गरोस् । अनि बीचको जमरहलाई कंकरी हानोस्, अनि अलि अगाडि गएर किब्लातिर अनुहार गरी दुवै हात उठाएर लामो समयसम्म दुआ गरोस् । अनि अघि बढेर तेस्रो र ठुलो जमरहलाई कंकरी हानोस्, र फर्केर आफ्नो बासस्थानतिर आओस् त्यहाँ दुआ गर्नुको लागि नरुकोस् ।

र इमाम बुखारी इब्ने उमरको माध्यमले यो हदीस वर्णन गरेका छन् कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम यसरी नै गर्थे"।

र यदि हाजीको लागि लामो समयसम्म दुआ गर्नु सम्भव नहोस् त जति समयसम्म सम्भव होस् त्यती समयसम्म दुआ गरोस् ताकि यो सुन्नत जीवित रहोस् जसलाई अधिकांश मान्छेहरूले त्यागिसकेका छन् छ्राहे अनभिज्ञताको कारण वा सुस्तीको कारण । तर त्यहाँ दुआको लागि रुक्नुलाई त्याग्नु दुरुस्त छैन किनकि यस्तो गर्नाले यो सुन्नत नष्ट भइहाल्छ । र जहिले पनि कुनै सुन्नत त्यागिन्छ त्यसलाई गर्नु अति आवश्यक भइहाल्छ ताकि त्यो सुन्नत मानिसहरू बीच प्रचलित होस्, र त्यसलाई गर्ने श्रेष्ठता पनि प्राप्त होस् ।

र यी तश्रीकका दिनहरूमा सूर्य ढल्नुभन्दा अघि कंकरी हान्नु जायज छैन किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूर्य ढल्के पश्चात नै कंकरी हान्नु भएको छ, र उहाँको भनाई छ: "हज्ज गर्ने तरिका मसित सिकिहाल" ।

र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले कुर्बानीको दिन चाश्तको समय कंकरी हान्नु भयो र अरु दिनहरूमा सूर्य ढल्के पश्चात कंकरी हान्नु भयो" । ( मुस्लिम)

र यसरी नै सहाबाहरू पनि गर्थे, त सही बुखारीमा हदीस छ अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्होसित सोधियो कि: हामी कंकरी कहिले हानौं ? त उहाँले भन्नु भयो: हामी (रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा) तयारी गर्थें, अनि जब सूर्य ढल्कन्थ्यो त कंकरी हान्थें ।

र जब हाजीले ११ र १२ जिल्हिज्जाको दिन कंकरी हान्यो त त्यसले अनिवार्यतालाई सम्पन्न गऱ्यो, अब त्यसलाई अख्तियार छ यदि चाहोस् त मिनामा रुकेर १३ तारिखमा पनि सूर्य ढल्के पश्चात कंकरी हानोस्, र यदि चाहोस् त १२ तारिखको दिन कंकरी हानेर त्यहाँबाट जाओस् किनकि अल्लाहको फर्मान छ:

﴿ فَمَن تَعَجَّلَ فِي يَوْمَيْنِ فَلَآ إِثْمَ عَلَيْهِ وَمَن تَأَخَّرَ فَلَآ إِثْمَ عَلَيْهِ لِمَنِ ٱتَّقَىٰ ﴾ البقرة: ٢٠٣

अर्थ : यदि कसैले छिटो गर्दछ (र) दुई (एघार, बाह्र) दिनमै हिंडिहाल्छ भने त्यसलाई कुनै गुनाह छैन । र जो पछि (तेह्र तारिखसम्म) बसिरहन्छन्, तिनी माथि पनि कुनै गुनाह छैन, यी त्यो मानिसको लागि हुन् जो सदाचारी होस् । ( सूरतुल् बकर: २०३ )

र १३ तारिखसम्म बस्नु श्रेष्ठ छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तै गरेका छन्, र यस कारण पनि किनकि यसद्वारा त्यो अरुभन्दा अधिक सुकार्य गर्छ अर्थात एक दिन अरु मिनामा बस्छ र कंकरी हान्छ ।

र यदि १२ तारिखको दिन मान्छे मिनाबाट निस्कन चाहन्छ तर त्यसले मिनाबाट निस्कनु भन्दा अघि नै सूर्य अस्त भयो भने त्यो मिनाबाट ननिस्कोस्, किनकि अल्लाहको फर्मान छः

﴿ فَمَن تَعَجَّلَ فِي يَوْمَيْنِ ﴾ البقرة: ٢٠٣

अर्थ : यदि कसैले छिटो गर्दछ (र) दुई (एघार, बाह्र) दिनमै हिंडिहाल्छ । ( सूरतुल् बकरः २०३ )

त अल्लाहले दुई दिनको बन्देज लगाएका छन् त जब दुई दिन बित्यो त जल्दी गर्ने समय सिद्धयो, र यो थाहै नै छ कि दिन सूर्य अस्ताए पश्चात नै सिद्धिन्छ । र मुवत्तामा नाफेअ् अब्दुल्लाह बिन उमरको माध्यमले वर्णन गर्छन् कि अब्दुल्लाह बिन उमर भन्थेः यदि तश्रीकका दिनहरूमा सूर्य अस्ताई हालोस् त मान्छे आउनेवाला दिनमा पनि कंकरी हानेर मात्र मिनाबाट निस्कोस् । तर यदि त्यसको विलम्बको कारण हूल भीड वा कुनै यस्तो कारण होस् जुन त्यसको वशमा छैन त यस्तो अवस्थामा त्यो सूर्य अस्ताए पश्चात पनि मिनाबाट निस्कन सक्छ र त्यसलाई कुनै दोष लाग्दैन ।

**कंकरी हान्नुको लागि वकील बनाउनुः**

कंकरी हान्नु हज्जका कार्यहरू मध्ये एउटा कार्य र एउटा अटूट अंग हो, यसलेगर्दा हाजीमाथि यो अनिवार्य छ कि यसलाई स्वयम् सम्पन्न गरोस् यदि त्यसमा यसलाई गर्ने क्षमता छ चाहे त्यो अनिवार्य हज्ज गरिरहेको होस् वा नफिली हज्ज किनकि अल्लाहको फर्मान छः

﴿ وَأَتِمُّوا الْحَجَّ وَالْعُمْرَةَ لِلَّهِ ﴾ البقرة: ١٩٦

अर्थ : र अल्लाहको लागि हज र उमरा सम्पन्न गर । ( सूरतुल् बकरः १९६ )

त यदि मानिसले हज्ज र उमरा आरम्भ गऱ्यो त त्यसमाथि यो अनिवार्य छ कि त्यसलाई सम्पन्न गरोस् चाहे त्यो नफिली हज्ज र उमरा किन नहोस् । र मान्छेको लागि यो जायज छैन कि आफू यस कार्यलाई गर्नुमा सूक्ष्म भए पनि अरु कसैलाई वकील बनाओस् । तर यदि त्यो कंकरी हान्नुमा स्वयम् सूक्ष्म छैन कुनै विरामीको कारण वा अति वृद्ध भएको कारण वा कुनै पनि वैधानिक कारणले, त यस्तो

अवस्थामा त्यो मान्छे कुनै यस्तो मान्छेलाई वकील बनाओस् जसको ज्ञान र धर्मपरायणताबाट सन्तुष्ट होस् कि त्यो व्यक्ति त्यसको तर्फबाट पनि कंकरी हानोस्, अब चाहे मान्छे स्वयम् त्यसलाई कंकरी खोजेर देओस्, वा त्यो व्यक्ति आफै कंकरी खोजेर लैजाओस् र त्यसको तर्फबाट पनि कंकरी हानोस् ।

र वकीलले कंकरी हान्ने तरिका यो हो किः पहिला त्यो आफ्नो लागि सातवटा कंकरी हानोस्, अनि आफ्नो मुवम्मिलको तर्फबाट हानोस्, र मुवक्किलको तर्फबाट मार्ने मात्र नीयत गरिहालोस् वा नीयत गर्नुको साथै मुखले पनि भनोस् कि फलाँको तर्फबाट कंकरी हानिरहेको छु । र त्यो यस्तो पनि गर्न सक्छ कि एकैचोटि आफ्नो र आफ्नो मुवक्किलको कंकरी हानोस् (अर्थात एक जमरहलाई आफ्नो कंकरी हानि आफ्नो मुवक्किलको पनि कंकरी हानोस् अनि आर्को जमरहतिर प्रस्थान गरोस्) किनकि त्यसलाई यो आवश्यक छैन कि पहिला आफ्नो लागि तीनौं जमरहलाई कंकरी हानोस् अनि फेरि चक्र लगाएर आओस् र मुवक्किलको तर्फबाट कंकरी हानोस्, र यस्तो गर्नुमाथि कुनै प्रमाण पनि छैन ।

**अन्तिम अर्थात विदाईको पवाफः**

जब हाजी मिनाबाट फर्केर आओस् र हज्जका समस्त कार्यहरूलाई पूर्णतया सम्पन्न गरिहालोस्, र आफ्नो देश र घर फर्केर जाने इच्छुक होस् त सात चक्र तवाफ गरोस्, र यसलाई तवाफे वदाअ् (विदाईको तवाफ वा अन्तिम तवाफ) भनिन्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले विदाईको तवाफ गर्नु भएको छ र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः "हज्ज गर्ने तरिका मसित सिकिहाल" ।

र अनिवार्य यो छ कि मान्छेको मक्काको अन्तिम कार्य तवाफे वदाअ् होस्, किनकि इब्ने अब्बास रजिअल्लाहो अन्होको हदीसमा वर्णित छ उहाँ वर्णन गर्नुहुन्छ किः "मान्छेहरू हतार हतार अआफ्ना घरहरूतर्फ फर्कनुमा व्यस्त थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः कोही पनि तबसम्म नफर्कोस् जबसम्म बैतुल्लाहको ( विदाईको) तवाफ नगरिहालोस् जुन त्यसको मक्काको अन्तिम कार्य होस्" । (मुस्लिम)

यसर्थ तवाफे वदाअ् गरे पश्चात मक्कामा बास बस्नु जायज छैन नत कुनै अरु कार्यहरूमा व्यस्त हुनु जायज छ, तर यात्रासित सम्बन्धित कार्यहरू गर्नु जायज छ जसरी यात्राका सामानहरू किन्नु, साथीहरूको प्रतिक्षा गर्नु गाडिको प्रतिक्षा गर्नु.... आदि, यदि त्यसका साथीहरू वा गाडि चालकले समय दिएको थियो अनि आउनुमा विलम्ब गऱ्यो ।

तर यदि कुनै मान्छे उपरोक्त कारणहरू बाहेक कुनै अरु स्वार्थिक कारणले रुक्यो भने त्यसलाई पुनः तवाफ गर्नुपर्छ ताकि मक्कामा त्यसको अन्तिम कार्य तवाफे वदाअ् नै होस् ।

र तवाफे वदाअ् रजस्वला र सुत्केरी अवस्थामा भएकी महिलाहरूमाथि अनिवार्य छैन जस्तोकि इब्ने अब्बासको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले समस्त मान्छेहरूलाई तवाफे वदाअ् गर्ने आदेश गरे तर रजस्वलाको अवस्थामा भएकी महिलालाई यसमा छूट प्रदान गरे" । (बुखारी, मुस्लिम)

र सही मुस्लिममा हजरत आइशा रजिअल्लाहो अन्हाद्वारा वर्णित छ कि: "सफीयह बिन्ते हुयिय्अ्लाई तवाफे इफाजा पश्चात रजस्वला आयो त हजरत आइशा रजिअल्लाहो अन्हा भन्छिन् कि मैले यो कुरा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भनें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: के त्यसले हामीलाई रोकिहाल्छे ? त मैले भनें: हे अल्लाहको रसूल त्यसलाई मासिक धर्म तवाफे इफाजा गरे पश्चात आएको छ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यदि कुरो यस्तो छ भने त्यो पनि यहाँबाट जानसक्छे" । र सुत्केरीको अवस्था पनि रजस्वला झैं छ किनकि यस अवस्थामा पनि महिलामाथि तवाफ गर्नु वर्जित छ ।

# संक्षेपमा हज्जका कार्यहरू

## हज्जको पहिलो दिन अर्थात ८ जिल्‌हिज्जाको दिनका कार्यहरू

 १- हाजी स्नान गरेर सुगन्ध लगाएर हज्जको नीयतगरी आफ्नो होटल् र डेराबाट एहराम लगाओस्, र भनोस् : लब्बैक हज्जन्, लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीकालका लब्बैक इन्नल् हम्दा वन्नेअ्‌मतालका वल्‌मुल्का लाशरीकालक ।

لبيك حجا، لبيك أَللّٰهُمَّ لبيك, لبيك لاشريك لك لبيك، إن

الحمد والنعمة لك والملك لاشريك لك

अर्थ : हे अल्लाह मैले हज्जको नीयत गरें, हे अल्लाह म हाजिर छु हे अल्लाह म हाजिर छु, म हाजिर छु हे अल्लाह तिम्रो कोही साझीदार छैन म हाजिर छु, निःसन्देह समस्त प्रकारका प्रशंसाहरू र अनुकम्पाहरू र सत्ताहरू तिम्रै लागि छन् तिम्रो कोही साझीदार र सहभागी छैन ।

 २- मिनातर्फ प्रस्थान गरोस् र ९ जिल्‌हिज्जाको दिन सूर्य उदय हुनेसम्म त्यहीँ रहोस्, र ८ जिल्‌हिज्जाको दिन जुहर, अस्र, मग्‌रिब, इशा र आउनेवाला दिनको फज्र नमाज पढोस्, र सबै नमाजलाई त्यसको निर्धारित समयमा नै पढोस्, तर चार रकअ्‌त भएको नमाजलाई दुई दुई गरेर पढोस् ।

## हज्जको दोस्रो दिन अर्थात ९ जिल्‌हिज्जाको दिनका कार्यहरू

 १- हाजी सूर्य उदय भए पश्चात अरफाततर्फ प्रस्थान गरोस्, र त्यहाँ जुहर र अस्रलाई कस्र गरेर अस्रलाई पनि जुहरको समयमा नै अर्थात दुवै नमाजलाई एकै साथ पढोस् । र सूर्य ढल्कनुभन्दा अघि नै यदि सम्भव होस् त नमेरह नामक स्थानमा जाओस् ।

 २- नमाज पढे पश्चात सूर्य अस्त नहुन्जेल कअ्‌बाको तर्फ अनुहार गरेर आफ्नो दुवै हात उठाएर दुआ र स्तुति एवं अल्लाहको गुणगानमा व्यस्त रहोस् ।

□ ३- सूर्य अस्ताए पश्चात मुजदलिफातर्फ प्रस्थान गरोस्, र त्यहाँ पुगे पश्चात मग्‌रिब तीन रकअ्त र ईशालाई दुई रकअ्त गरी एकै साथ पढोस्, र फज्र उदय नहुन्जेल त्यहीँ विश्राम गरोस् ।

□ ४- फज्र उदय भए पश्चात फज्रको नमाज पढोस्, अनि भोर नहुन्जेल दुआ र अल्लाहको गुणगान गर्दै रहोस् ।

□ ५- भोर भए पश्चात सूर्य उदय हुनुभन्दा अघि नै मिनातर्फ प्रस्थान गरोस् ।

**हज्जको तेस्रो दिन अर्थात १० जिल्‌हिज्जाको दिनका कार्यहरू**

□ १- हाजी जब मिना पुगोस्, त ठूलो जमरहसम्म जाओस् र त्यसलाई सात कंकरी एकपछि आर्को अल्लाहु अक्‌बर भन्दै हानोस् ।

□ २- यदि त्यसमाथि बलि अनिवार्य छ भने आफ्‌नो बलिको जनावरलाई जब्ह गरोस् ।

□ ३- आफ्‌नो कपाललाई खौराओस् वा कटाओस् । यति गरे पश्चात त्यसलाई पहिलो तहल्लुल् प्राप्त भयो अनि अब त्यो सिलेको लुगा लगाओस् र सुगन्ध प्रयोग गरोस्, र अब त्यसको लागि महिलासित सहवास बाहेक समस्त निषेधित कुराहरू जायज भए ।

□ ४- अब मक्का जाओस् र तवाफे इफाजा गरोस्, र यो तवाफ हज्जको तवाफ हो, अनि सफा र मरवा बीच सई गरोस् यदि हज्जे तमत्तुअ् गरिरहेको छ वा हज्जे केरान गरिरहेको छ र तवाफे कुदूमको साथमा सई गरेको छैन । यति गर्नाले मान्छेलाई दोस्रो तहल्लुल प्राप्त भयो जसलाई ठूलो तहल्लुल पनि भनिन्छ, अब हाजीको लागि समस्त निषेधित कुराहरू हलाल भए स्वास्नीसित सहवास गर्नु पनि ।

□ ५- अनि मिना फर्केर आओस् र ११ जिल्‌हिज्जाको रात्री पनि मिनामा व्यतीत गरोस् ।

**हज्जको चौथो दिन अर्थात ११ जिल्‌हिज्जाको दिनका कार्यहरू**

 १- हाजी तीनवटै जमरहहरूलाई सूर्य ढल्के पश्चात सात सातवटा कंकरी हानोस्, पहिला सानो जमरहलाई अनि बीचको जमरअलाई अनि ठूलो जमरहलाई कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दाखेरि तक्बीर भन्दै रहोस् । र सूर्य ढल्कनुभन्दा अघि कंकरी हान्नु जायज छैन । यस्तै सानो र बीचको जमरहलाई कंकरी हानेर दुआ गर्नुको लागि रुक्नु पनि जरुरी छ ।

 २- मिनामा १२ जिल्हिज्जाको रात्री पनि व्यतीत गरोस् ।

**हज्जको पँचौं दिन अर्थात १२ जिल्हिज्जाको दिनका कार्यहरू**

 १- हाजी तीनवटै जमरहहरूलाई कंकरी हानोस् जसरी कि यसभन्दा अघिको दिन हानेको थियो ।

 २- यदि त्यसलाई हतार छ भने सूर्य अस्ताउनुभन्दा अघि नै मिनाको सीमाबाट बाहिर निस्किहालोस्, वा त्यतै आउनेवाला रात्री पनि व्यतीत गरोस् यदि विलम्ब गर्ने इच्छा छ ।

**हज्जको छठौं दिन अर्थात १३ जिल्हिज्जाको दिनका कार्यहरू**

यो दिन मात्र उनीहरूको लागि विशिष्ट छ जुन विलम्ब गरेका छन् ।

 १- यस दिन पनि हाजी तीनवटै जमरहहरूलाई उस्तै कंकरी हानोस् जसरी पहिलाका दुई दिनहरूमा हानेको थियो ।

 २- मिनाको सीमाबाट बाहिर निस्कोस् ।

अनि सबैभन्दा अन्त्यमा तवाफे वदाअ् गरोस् जब त्यो आफ्नो घर फर्कने मन बनाओस् । ( रअल्लाह नै यसबारे अधिक ज्ञानी छ )

# आठौं अध्याय

## हज्जका (वाजिबात) अनिवार्य कार्यहरू

हज्जका वाजिबात (अनिवार्य कार्यहरू) दुई प्रकारका छन्: एउटा त्यो थरी जसलाई नगरिकन् हज्ज हुँदैन । र आर्को जसलाई नगरे पनि हज्ज पूर्ण भइहाल्छ ।

त जुन वाजिबात यस्ता छन् कि त्यसलाई नगरिकन् हज्ज नै हुँदैन त्यसलाई अरकानुल् हज्ज (हज्जका आधारहरू) भनिन्छ र ती निम्न हुन्:

१- **एहरामः** अर्थात हज्जको नीयत गर्नु किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: “ प्रत्येक कार्य नीयतमा नै निर्भर हुन्छ, र मान्छेको लागि त्यो नै छ जसको त्यसले नीयत गऱ्यो” । र यसको समय शौवाल महिनाको आरम्भदेखि नै आरम्भ हुन्छ जस्तोकि अल्लाहको फर्मान छ:

﴿ ٱلْحَجُّ أَشْهُرٌ مَّعْلُومَٰتٌ ۚ فَمَن فَرَضَ فِيهِنَّ ٱلْحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِى ٱلْحَجِّ ۗ ﴾ البقرة: ١٩٧

अर्थ : हजका महीनाहरू निर्धारित छन् । तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस् । ( सूरतुल् बकर: १९७ )

त यी महिनाहरू मध्ये शौवाल प्रथम महिना हो, र अन्तिम महिना जिल्हिज्जा हो, र एहरामको लागि पाँच स्थान (मीकात) निर्धारित छन्:

- **जुल्हुलैफाः** र यसलाई अबयारे अलि पनि भनिन्छ, र यो मदीनाबासीहरूको मीकात हो ।
- **अल् जुहफाः** यो राबिग निकट एउटा गाउँ हो जुन नष्ट भइसकेको छ यसर्थ त्यसको सट्टामा राबिगबाट नै एहराम लगाइन्छ, र यो शामबासीहरूको मीकात हो ।

□ **यलमलम:** यो एउटा  पर्वत अथवा स्थान हो जुन यमनद्खि मक्का आउँदाखेरि पर्छ, र यो यमनबासीहरूको लागि मीकात हो, र यसको आर्को नाम अस्सअ्दीयह पनि हो ।

□ **करनुल् मनाजिल:** र यसलाई सैल पनि भनिन्छ, र यो नज्दबासीहरूको लागि मीकात हो ।

□ **जाते इर्क:** र यसलाई जरबीयह पनि भनिन्छ, र यो इराकबासीहरूको लागि मीकात हो ।

२- **अरफातको चौरमा उभ्नु:** जस्तोकि अल्लाहको फर्मान छ:

﴿ فَإِذَآ أَفَضۡتُم مِّنۡ عَرَفَٰتٖ فَٱذۡكُرُواْ ٱللَّهَ عِندَ ٱلۡمَشۡعَرِ ٱلۡحَرَامِۖ ﴾ البقرة: ١٩٨

अर्थ : जब तिमीहरू अरफातबाट फर्कन्छौ, तब “मश्अरुल हराममा” (मुजदलेफामा) अल्लाहलाई स्मरण गर । ( सूरतुल् बकर: १९८ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: “हज्ज अरफाको दिन नै हो, यसर्थ जुन व्यक्ति पनि मुजदलिफाको रात्रीमा फज्र उदय हुनुभन्दा पहिला यहाँ (अरफातमा) पुग्यो त्यसको हज्ज भयो” ।

र यसको समय ९ जिल्हिज्जाको दिन सूर्य ढले पश्चात आरम्भ हुन्छ र १० जिल्हिज्जाको फज्र उदेय हुनुसम्म बाँकी रहन्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम सूर्य ढल्के पश्चात नै अरफातमा उभेको थिए, र उहाँले भन्नु भएको छ कि: “जुन व्यक्ति पनि मुजदलिफाको रात्रीमा फज्र उदय हुनुभन्दा पहिला यहाँ (अरफातमा) पुग्यो त्यसको हज्ज भयो” ।

र यो पनि भनिएको छ कि यसको समय ९ जिल्हिज्जाको फज्र उदय भए पश्चात आरम्भ हुन्छ । र यसको स्थान अर्थात उभिने स्थान अरफातको पूर्ण चौर हो, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लको फर्मान छ: “म यता उभेको छु, र अरफा पूराको पूरा उभिने ठाउँ हो” ।

३- **बैतुल्लाहको तवाफ (परिक्रमा गर्नु:** जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ٢٩ ﴾ الحج: ٢٩

अर्थ : र अल्लाहको यस पूरातन घरको तवाफ (परिक्रमा) गरुन् । ( सूरतुल् हज्ज २९ )

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत सफीयाको बोरमा भन्नु भयो जब उहाँलाई रजस्वाला आएको थियो कि: "के यसले हामीलाई रोकिहाल्छे ? त जब उहाँसित भनियो कि हे अल्लाहका रसूल उनले रजस्वला आउनुभन्दा पहिला नै तवाफे इफाजा गरिसकेका थिइन् त उहाँले भन्नु भयो: यसो भए त्यो पनि जान सक्छे" । त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको यो कथन कि "के यसले हामीलाई रोकिहाल्छे ?" यस कुरामा प्रमाण हो कि तवाफे इफाजालाई गर्नु अति अनिवार्य छ, र यदि यसलाई नगरिकन् हज्ज पूर्ण हन्थ्यो भने रसूल सल्लल्लाहो अलैहे वसल्लम सफीयाको बारेमा यस्तो भन्दैन्थे, त यसैकारण जब उहाँलाई यो खबर दिइयो कि हजरत सफीयाले तवाफे इफाजा गरिसकेका छिन् त उहाँलाई पनि जाने अनुमति प्रदान गरे ।

र यसको समय अरफा र मुजदलिफामा उभे पश्चात आरम्भ हुन्छ जस्तोकि अल्लाहको फर्मान छ:

﴿ ثُمَّ لۡيَقۡضُواْ تَفَثَهُمۡ وَلۡيُوفُواْ نُذُورَهُمۡ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ٢٩ ﴾ الحج: ٢٩

अर्थ : फेरि उनीहरूलाई आवश्यक छ कि आफ्ना फोहोर-मैला समाप्त पारुन् (कपाल इत्यादि सफा गरुन्) र आफ्ना कबोल गरेका कुराहरू (मन्नतहरू) पूरा गरुन् र अल्लाहको यस पूरातन घरको तवाफ (परिक्रमा) गरुन् । ( सूरतुल् हज्ज २९ )

र अरफा एवं मुजदलिफामा नबसिकन् हज्जको भाकल (मन्नत) र फहोरलाई फाल्ने कार्य पूर्ण हुँदैन ।

४- **सफा र मरवा पर्वत बीच सई (दौड):** जस्तोकि अल्लाहको फर्मान छ:

﴿ ۞ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ ﴾ البقرة: ١٥٨

अर्थ : (नि:सन्देह) सफा र मर्वा (पर्वत) अल्लाहका निशानी मध्ये हुन् । ( सूरतुल् बकर: १५८ )

र इब्ने अब्बासको भनाई छ कि: “अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई तरवियाको दिन चाश्तको समय हज्जको लागि एहराम लगाउने आदेश गरे, अनि जब हामीहरूले हज्जका समस्त कार्यहरूलाई सम्पन्न गरें त मक्का आएँ र बैतुल्लाहको तवाफ र सफा एवं मरवाको सई गरें त हाम्रो हज्ज सम्पन्न भयो” । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत आइशा रजिअल्लाहो अन्हासित भन्नु भयो: “सफा र मरवा बीच गरिएको सई तिम्रो हज्ज र उमराको लागि प्रयाप्त छ” । र हजरत आइशाको भनाई छ कि: “कुनै मान्छेको हज्जलाई अल्लाह तबसम्म पूर्ण गर्दैनन् जबसम्म त्यो सफा र मरवाको सई नगरोस्” ।

र सईको समय हो तवाफे इफाजा गरे पश्चात, तर यदि यसलाई तवाफे इफाजाभन्दा पहिला नै गरियोस् तै पनि कुनै आपत्ति छैन, र यदि मान्छेले बिर्सेर वा अनभिज्ञताको कारण यस सईलाई पहिला गरेको छ भने झन् कुनै दोष छैन, किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित एउटा मान्छेले प्रश्न गर्‍यो कि हे अल्लाहको रसूल मैले तवाफभन्दा पहिला नै सई गरिहालें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तवाफ गरिहाल, र तिमीमाथि कुनै आपत्ति छैन ।

त यी चार कार्यहरू अर्थात एहराम, अरफामा उभ्नु, तवाफे इफाजा, र सफा एवं मरवाको सई यस्ता कार्यहरू हुन् जसलाई नगरिकन् हज्ज सम्पन्न हुँदैन (बरु हज्ज भंग भइहाल्छ) ।

र रह्यो ती वाजिबातहरूको कुरो जसलाई नगरे पनि हज्ज पूर्ण भइहाल्छ, र जसलाई मात्र पारिभाषिकतौरले वाजिबात भनिन्छ निम्न हुन्:

१- **वैधानिकतौरले प्रमाणित मीकातबाट एहराम लगाउनु:** रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन अनुकूल: “मदीनाबासीहरू जुल्हुलैफाबाट एहराम लगाउन्...... ” पूर्ण हदीस । त यस हदीसमा खबर दिनु आदेशको हुकुममा छ, किनकि आर्को हदीस जसलाई इब्ने उमर रजिअल्लाहो अन्होले वर्णन गरेका छन् जसमा यो वर्णन छ कि

जब उहाँसित यो प्रश्न गरियो कि हामी कताबाट एरहाम लगाऔं ? त उहाँले भन्नु भयो: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले नजदबासीहरूको लागि करनुल मनाजिललाई एहराम लगाउने ठाउँ निर्धारित गरेका छन् ...." पूर्ण हदीस। ( र उपरोक्तका दुवै हदीस इब्ने उमरको माध्यमले बुखारीले वर्णन गरेका छन्)

२- **९ जिल्हिज्जाको दिन सूर्य अस्त नहुन्जेल अरफातको चौरमा उभिराख्नु:** किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम सूर्य अस्ताउनु सम्म यहाँ उभेका थिए, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: "हज्ज गर्ने तरिका मसित सिकिहाल" । र यस कारण पनि किनकि सूर्य अस्ताउनुभन्दा अघि नै त्यहाँबाट निस्कनुमा अनभिज्ञकालको अनुरूपता छ किनकि अनभिज्ञकालमा मानिसहरू सूर्य अस्ताउनुभन्दा अघि नै गइहाल्थे ।

३- **कुर्बानीको रात्री मुजदलिफामा व्यतीत गर्नु:** किनकि अल्लाहको फर्मान छ:

﴿ فَإِذَآ أَفَضۡتُم مِّنۡ عَرَفَٰتٖ فَٱذۡكُرُواْ ٱللَّهَ عِندَ ٱلۡمَشۡعَرِ ٱلۡحَرَامِۖ ﴾ البقرة: ١٩٨

अर्थ : जब तिमीहरू अरफातबाट फर्कन्छौ, तब "मश्अरुल हराममा" (मुजदलेफामा) अल्लाहलाई स्मरण गर । ( सूरतुल् बकर: १९८ )

र यसको समय फज्र नमाज सम्म छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उरुवा बिन मुजरससित भनेको थिए: "जुन व्यक्ति पनि हामीसँग यस नमाजमा उपस्थित भयो र यतै रह्यो यहाँसम्म कि हामी यहाँबाट प्रस्थान गरें, र यसभन्दा पहिला नै त्यो रात अथवा दिनको समयमा अरफातमा पनि उभिसकेको छ त त्यसको हज्ज पूर्ण भयो" ।

र कम्जोर महिला पुरुष एवं बच्चाहरूको लागि यो जायज छ कि मुजदलिफाबाट रातको अन्तिम भागमा मिनातर्फ जाउन् ताकि मान्छेहरूको भीडबाट बाँच्न सकुन् र भीड पुग्नुभन्दा अगावैं कंकरी हानिहालुन्, किनकि इब्ने उमर रजिअल्लाहो अन्हो आफ्नो परिवारका

कम्जोर मान्छेहरूलाई पहिला नै पठाइदिन्थे त उनीहरू मध्ये केही फज्र नमाजभन्दा अघि नै मिना पुगिहाल्थे त केही फज्र नमाजभन्दा पछि पुग्थे अनि मिना पुगे पश्चात जमरहलाई कंकरी पनि हानिहाल्थे । र इब्ने उमर भन्थे कि: यिनीहरूलाई यस्तो गर्नुको रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनुमति प्रदान गरेका छन् । र अस्मा बिन्ते अबी बक्र चन्द्र अस्ताउनुको प्रतिक्षा गरिराख्थिइन् अनि जब चन्द्र अस्ताइहाल्थ्यो त मिनातर्फ जान्थिइन् र कंकरी हानेर आफ्नो बासस्थानमा पुगेर फज्रको नमाज पढथिइन्, र यो भन्थिइन् कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नुको महिलाहरूलाई अनुमति प्रदान गरेका छन् । ( यस हदीसलाई बुखारीले वर्णन गरेका छन्)

र पूर्ण मुजदलिफा विश्राम गर्ने ठाउँ हो, र हाजीलाई यो आवश्यक छ कि त्यसको सीमाको पुष्टिकरण गरोस् ताकि त्यसको सीमा बाहिर नै विश्राम नगरोस् ।

४- **कुर्बानीको दिन ठूलो जमरहलाई कंकरी हान्नु, र त्यसको साथै तश्रीकका दिनहरूमा अरु दुई जमरहहरूलाई पनि त्यसको निर्धारित समयमा कंकरी हान्नु**: जस्तोकि अल्लाहको फर्मान छ:

﴿ ۞ وَٱذۡكُرُواْ ٱللَّهَ فِيٓ أَيَّامٖ مَّعۡدُودَٰتٖۚ فَمَن تَعَجَّلَ فِي يَوۡمَيۡنِ فَلَآ إِثۡمَ عَلَيۡهِ وَمَن تَأَخَّرَ فَلَآ إِثۡمَ عَلَيۡهِۖ لِمَنِ ٱتَّقَىٰۗ ﴾ البقرة: ٢٠٣

अर्थ : र अल्लाहको स्मरण गर, गणनाका दिनहरूमा (तीन दिन) । यदि कसैले छिटो गर्दछ (र) दुई (एघार, बाह्र) दिनमै हिंडिहाल्छ भने त्यसलाई कुनै गुनाह छैन । र जो पछि (तेह्र तारिखसम्म) बसिरहन्छन्, तिनी माथि पनि कुनै गुनाह छैन, यी त्यो मानिसको लागि हुन् जो सदाचारी होस् । ( सूरतुल् बकर: २०३ )

त गणनाका दिनहरू तश्रीकका दिनहरू नै हुन, र जमरहलाई कंकरी हान्नु अल्लाहको गुणगान गर्नु हो जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लको फर्मान छ: "बैतुल्लाहको तवाफ र सफा मरवाको सई र जमरहहरूलाई कंकरी हान्नु अल्लाहको गुणगान गर्ने उद्देश्यले नै अनिवार्य गरिएका छन्" ।

५- **कपाल खौराउनु वा कटाउनुः** पुरुष मान्छेको लागि कपाल खौराउनु वा कटाउनु, र महिलाको लागि मात्र केशलाई काट्नु, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लको फर्मान छः "महिलाहरूमाथि कपाल खौराउनु छैन बरु उनीहरू आफ्नो कपाल काटुन्" ।

६- **११, १२ जिल्हिज्जाको रात्री मिनामा नै व्यतीत गर्नुः** जसलाई हतार छ, र जसलाई विलम्ब गर्नु छ त्यसलाई ११, १२, १३ जिल्हिज्जाको रात्री मिनामा व्यतीत गर्नु, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लले यी सबै रात्रीलाई मिनामा व्यतीत गर्नु भएको छ, र उहाँ सल्लल्लाहो अलैहे वसल्लको फर्मान छः "हज्ज गर्ने तरिका मसित सिकिहाल" । र इब्ने उमरको वर्णन छ किः "अब्बास बिन अब्दुल् मुत्तलिबले नबी सल्लल्लाहो अलैहे वसल्लमबाट यो अनुमति माँग्नु भयो कि उनी मिनामा व्यतीत गर्ने रात्रीहरूलाई मक्कामा व्यतीत गरुन् ताकि हाजीहरूलाई पानी खुवाउन् सकुन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई यस्तो गर्ने अनुमति प्रदान गरे " । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँ रजिअल्लाहो अन्होलाई अनुमति प्रदान गर्नुले यो प्रमाणित गर्छ कि मिनामा रात्री व्यतीत गर्नु वाजिब छ, र बिना कुनै वैधानिक कारण यसलाई छाड्नु जायज छैन ।

त यी ६ वटै कार्यहरू वाजिब (अनिवार्य) छन् तर यसलाई नगरे पनि हज्ज पूर्ण भइहाल्छ । तर विद्हरूको कथनानुसार जसले पनि यी कार्यहरू मध्ये कसैलाई त्याग्छ त्यसमाथि फिदिया छ अर्थात एक बाख्रा जबह गर्नुपर्छ वा ऊँटको सातौंभाग वा गाईको सातौं भाग, र मक्काका दरिद्रहरूमा वितरण गर्नुपर्छ ।

र रह्यो कुरो तवाफे वदाअ्को त यो ती हाजीहरूमाथि अनिवार्य छ जुन मक्काबाट आफ्नो घरतर्फ प्रस्थान गर्न चाहुन्, किनकि इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ किः "मानिसहरूलाई यो आदेश गरियो कि उनीहरूको मक्काको अन्तिम कार्य बैतुल्लाहको तवाफ गर्नु हुनुपर्छ, तर यसमा पनि रजस्वला अवस्थामा भएकी महिलाहरूलाई छूट दिइएको छ" । र यो प्रमाणित छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले हज्जतुल् वदाअ् (अन्तिम हज्ज) को मौकामा मक्काबाट जाँदा बैतुल्लाहको तवाफ गर्नु भएको थियो ।

# नव्वौं अध्याय

## केही यस्ता त्रुटिहरूको वर्णन जसलाई हाजीहरू गरिहाल्छन्

अल्लाहको फर्मान छः

﴿ لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٌ لِّمَن كَانَ يَرْجُواْ ٱللَّهَ وَٱلْيَوْمَ ٱلْآخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرًا ﴿٢١﴾ ﴾ الأحزاب: ٢١

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस व्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ । ( सूरतुल् अहजाब २१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ فَـَٔامِنُواْ بِٱللَّهِ وَرَسُولِهِ ٱلنَّبِيِّ ٱلْأُمِّيِّ ٱلَّذِى يُؤْمِنُ بِٱللَّهِ وَكَلِمَٰتِهِۦ وَٱتَّبِعُوهُ لَعَلَّكُمْ تَهْتَدُونَ ﴿١٥٨﴾ ﴾ الأعراف: ١٥٨

अर्थ : तसर्थ अल्लाह माथि ईमान ल्याऊ र उसका अनपढ नबीमा , जो स्वयं अल्लाह तआला र उसका आदेशमा आस्था राख्दछन् । उनको अनुशरण गर ताकि तिमी (सही) मार्ग पाउन सक ।" ( सूरतुल् अअ्राफ १५८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ قُلْ إِن كُنتُمْ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِى يُحْبِبْكُمُ ٱللَّهُ وَيَغْفِرْ لَكُمْ ذُنُوبَكُمْ ۗ وَٱللَّهُ غَفُورٌ رَّحِيمٌ ﴿٣١﴾ ﴾ آل عمران: ٣١

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ । ( सूरतु आले इम्रान ३१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ فَتَوَكَّلْ عَلَى ٱللَّهِ إِنَّكَ عَلَى ٱلْحَقِّ ٱلْمُبِينِ ۝٧٩ ﴾ النمل: ٧٩

अर्थ : तसर्थ तपाईले अल्लाहमा भरोसा राख्नुस् । निश्चित रूपले तपाई त स्पष्ट र खुल्ला धर्ममा हुनुहुन्छ । ( सूरतुन्नमल ७९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ فَذَٰلِكُمُ ٱللَّهُ رَبُّكُمُ ٱلْحَقُّ ۖ فَمَاذَا بَعْدَ ٱلْحَقِّ إِلَّا ٱلضَّلَٰلُ ۖ فَأَنَّىٰ تُصْرَفُونَ ۝٣٢ ﴾ يونس: ٣٢

अर्थ : यही अल्लाह नै त तिम्रो वास्तविक पालनहार हो, र सत्य कुरा प्रकट भइसकेपछि पथ भ्रष्टता बाहेक अरु बाँकी नै के रहन्छर ? तसर्थ तिमी किन असल बाटोबाट टाढिदै गएका छौ ? ( सूरतु यूनुस ३२ )

त जुन कुरा पनि नबी सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरुद्ध छ त्यो पथभ्रष्टता हो र यस्तो कार्य अस्वीकृत छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः “जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो आदेश छैन त त्यो कार्य अस्वीकृत छ” । अर्थात त्यो कार्य त्यसलाई गर्ने मान्छेसित कबूल गरिन्न ।

 त केही मुसलमानहरू अल्लाह उनीहरूलाई पथप्रदर्शित गरोस् अधिकांश पूजाहरूमा यस्ता कुराहरू गर्छन् जुन नत कुरआनबाट प्रमाणित हुन्छ नत सुन्नत (हदीस) बाट । र रह्यो कुरो हज्जको त यसमा पनि केही मान्छेहरू बिना ज्ञान फतवा दिन्छन् र फतवा दिनुमा हतार गर्छन् र कुरो यहाँसम्म पुगिसकेको छ कि वर्तमानमा फतवा दिनु व्यवसाय र आफूलाई प्रसिद्ध गर्नुको माध्यम बनिसकेको छ, त यसै कारण पथभ्रष्टता र कुटिलतामा धेरै वृद्धि भइसकेको छ । र मुसलमानमाथि त यो अनिवार्य थियो कि बिना ज्ञान फतवा नदेओस् किनकि त्यो आफ्नो फतवाद्वारा अल्लाहको बारेमा कुरा गरिरहेको छ, र त्यो अल्लाहको प्रचारकको स्थानमा विराजमान छ त्यसकोबारेमा कुरा गरिरहेको छ, यसर्थ त्यसलाई चाहियो कि फतवा दिदा नबी सल्लल्लाहो

अलैहे वसल्लमको बारेमा भनिएको अल्लाहको यस कथनलाई यादराखोस् :

﴿ وَلَوْ تَقَوَّلَ عَلَيْنَا بَعْضَ ٱلْأَقَاوِيلِ ﴿٤٤﴾ لَأَخَذْنَا مِنْهُ بِٱلْيَمِينِ ﴿٤٥﴾ ثُمَّ لَقَطَعْنَا مِنْهُ ٱلْوَتِينَ ﴿٤٦﴾ فَمَا مِنكُم مِّنْ أَحَدٍ عَنْهُ حَٰجِزِينَ ﴿٤٧﴾ ﴾ الحاقة: ٤٤ - ٤٧

अर्थ : र यदि यस पैगम्बरले हाम्रो बारेमा कुनै झूठा कुरा बनाएर ल्याएको भए, त हामीले उनलाई दाहिने हातबाट समातिहाल्थ्यौं । अनि उनको हृदयको धमनी काटिदिंथ्यौं । अनि तिमीमध्ये कोही पनि हामीलाई यसबाट रोक्नेवाला हुँदैन्थ्यो । ( सूरतुल् हाक्का ४४-४७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ قُلْ إِنَّمَا حَرَّمَ رَبِّيَ ٱلْفَوَٰحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَٱلْإِثْمَ وَٱلْبَغْيَ بِغَيْرِ ٱلْحَقِّ وَأَن تُشْرِكُوا۟ بِٱللَّهِ مَا لَمْ يُنَزِّلْ بِهِۦ سُلْطَٰنًا وَأَن تَقُولُوا۟ عَلَى ٱللَّهِ مَا لَا تَعْلَمُونَ ﴿٣٣﴾ ﴾ الأعراف: ٣٣

अर्थ : भनिदिनुस् कि बरु मेरो पालनकर्ताले त निर्लज्जताका कुराहरू चाहे ती खुला रूपमा हुन् वा गोप्य, र प्रत्येक पापलाई र अकारण कसैमाथि अत्याचार गर्ने कुरालाई त्याज्य बनाएको छ । र कसैलाई अल्लाहको साझेदार ठान्ने कुरा, जसको निम्ति उसले कुनै प्रमाण प्रदान गरेको छैन र अल्लाहको बारेमा तिमीलाई कुनै ज्ञान नभएको कुरा गर्न पनि त्याज्य छ । ( सूरतुल् अअ्राफ ३३ )

□ र हाजीहरू जुन त्रुटिहरू गर्छन् त्यसको कारण यो बिना ज्ञान फतवा दिनु, र अंधविश्वास एवं अरु हाजीहरूलाई हेरेर बिना प्रमाण तिनीहरूको अनुपालन गर्नु नै हो । र हामी अल्लाहको सहायताले यस्ताखालका कुराहरूमा सुन्नतको तरिकालाई स्पष्ट गर्नेछौं जसमा हाजीहरू विशेषरूपले गल्ती गर्छन्, र त्यस गल्तीलाई पनि प्रष्ट पार्ने छौं यस याचनाको साथ कि अल्लाह हामीलाई सत्य भन्ने अवसर प्रदान गरोस्, र यसद्वारा हाम्रा मुसलमान भाइहरूलाई लाभ पुऱ्याओस्, त्यो अति कृपालु र परम् दयालु छ ।

# एहराम र त्यसमा गरिने त्रुटिहरू

 इब्ने अब्बास रजिअल्लाहो अन्होको माध्यमले बुखारी र मुस्लिममा यो प्रमाणित छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले मदीनाबासीहरूको लागि जुल्हुलैफालाई मीकात निर्धारित गर्नु भएको छ, र नजदबासीहरूको लागि करनुल् मनाजिल, र यमनबासीहरूको लागि यलमलमलाई मीकात निर्धारित गर्नु भएको छ र भन्नु भएको छ किः यी तिनीहरूको लागि र तिनी बाहेक जुन यिनीहरूबाट हज्ज र उमराको नीयतले गुज्रन्छन् ती सबैको लागि मीकात हो ।

र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले इराकबासीहरूको लागि जाते इर्कलाई मीकात निर्धारित गर्नु भयो" । (अबू दाऊद, नेसाई)

 र हजरत अब्दुल्लाह बिन उमरको हदीसबाट बुखारी र मुस्लिममा यो पनि प्रमाणित भइसकेको छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "मदीनाबासीहरू जुल्हुलैफाबाट एहराम लगाउन्, र शामबासीहरू जुहफाबाट एहराम लगाउन्, र नजदबासीहरू करनुल् मनाजिलबाट एहराम लगाउन्....." । (पूर्ण हदीस)

त यी मीकातहरू जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले निर्धारित गरेका छन् वैधानिकीय (शरई) सीमाहरू हुन् जुन नस्ल दर नस्ल (वंशपछि वंश) पैतृक सम्पत्ति झैं हामीहरू सम्म पुगेको छ, यसमा थपघट गर्नु जायज छैन नत यसको सीमा उल्लंघन गर्नु नै जायज छ, नत जुन मान्छे हज्ज वा उमराको नीयतले आइरहेको छ त्यसको लागि बिना एहराम त्यसलाई पार गर्नु नै जायज छ । जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَأُوْلَٰٓئِكَ هُمُ ٱلظَّٰلِمُونَ ﴾ البقرة: ٢٢٩

अर्थ : र जुन मानिसहरू अल्लाहका सीमाहरू उल्लंघन गर्छन्, तिनीहरू अत्याचारी हुन् । ( सूरतुल् बकरः २२९ )

र हजरत उमर रजिअल्लाहो अन्हो वर्णन गर्छन् कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "मदीनाबासीहरू एहराम लगाउँछन् (एहरामको नीयत गरी तल्बिया भन्छन्), नजदबासीहरू

एहराम लगाइ तल्बिया भन्छन्, र शामबासीहरू एहराम लगाइ तल्बिया भन्छन्.....” । (पूर्ण हदीस) त यस हदीसमा जुन खबर दिइएको छ त्यो आदेशको हुकुममा छ, र यसैकारण हजरत अब्दुल्लाह इब्ने उमर भनेका थिए कि यी मीकातहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले निर्धारित गरेर यतैबाट एहराम लगाउनुलाई अनिवार्य गरेका छन् जस्तो कि यस कुरालाई पहिला नै वर्णन गरें ।

र माथिको हदीसमा आएको **एहलाल** (अरबीमा हदीसको मूल श्लोकमा यो शब्द छ) शब्दको अर्थ हो : उच्चस्वरले तल्बिया भन्नु, र यो एहराम लगाए पश्चात नै भनिन्छ ।

 त यी मीकातहरूबाट प्रत्येक त्यस मानिसलाई एहराम लगाउनु अनिवार्य छ जुन हज्ज अथवा उमराको नीयतले यसबाट गुज्रोस् वा यसको बराबरको स्थानबाट गुज्रोस् अब चाहे त्यो जलको बाटो आइरहेको होस् वा थलको बाटो अथवा वायुमण्डलको बाटो ।

 त यदि मान्छे थल (सुख्खा) को बाटोबाट आइरहेको छ त त्यो त्यससम्म (मीकातसम्म) वा त्यसनिकट त्यसैको समान स्थानसम्म जब पुगोस् त त्यो सबै गरोस् जुन एहराम लगाउँदाखेरि गरिन्छ जसरी स्नान गर्नु, सुगन्ध प्रयोग गर्नु.... आदि, अनि त्यहाँबाट मक्कातर्फ प्रस्थानगर्दा एहराम लगाओस् ।

 र यदि जलको बाटोबाट आइरहेको छ अर्थात समुन्दरी बाटोबाट आइरहेको छ भने यदि पानी जहाज मीकात समान स्थानमा रुक्दछ भने स्नान गरेर सुगन्ध आदि लगाएर एहराम लगाओस्, र यदि जहाज त्यहाँ रुक्दैन भने पहिलादेखि नै स्नान गरेर सुगन्ध प्रयोग गरी एहराम लगाएर तयार भइहालोस्, र जब जहाज मीकातको सीमाबाट गुज्रोस् त नीयत गरिहालोस् ।

 र यदि मान्छे हवाइजहाजद्वारा आइरहेको छ भने जहाजमा सवार हुनुभन्दा पहिला नै स्नान गरिहालोस्, र मीकातसम्म पुग्नुभन्दा अघि नै सुगन्ध प्रयोग गरेर एहराम लगाइहालोस्, किनकि हवाइजहाज यति तीव्रताले हिंडछ कि त्यसलाई यी कार्यहरूलाई गर्ने मौका दिदैन, र यदि यसभन्दा पहिला नै एहराम लगाइहाल्छ भने कुनै आपत्ति छैन

अर्थात जहाजमा चढनुभन्दा अघि नै एहराम लगइहालोस् भने कुनै आपत्ति छैन, अनि जब जहाज मीकातको सीमाबाट गुज्रोस् त नीयत गरिहालोस् ।

 त यस सन्दर्भमा मानिसहरू जुन गल्ती गर्छन् त्यो यो हो कि कतिपय मानिसहरू मीकातमाथिबाट वा त्यसको नीकटबाट बिना एहराम गुज्रिहाल्छन् अनि जद्दामा जहाजबाट झरेर एहराम लगाउँछन्, त यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेशको विरोध र अल्लाहको सीमा उललंघन गर्नु हो ।

 र सही बुखारीमा इब्ने उमरको माध्यमले हदीस वर्णित छ इब्ने उमर भन्छन् किः जब दुवै शहर बसरह र कूफालाई विजय गरियो, त त्यहाँका बासीहरूले हजरत उमर रजिअल्लाहो अन्हो समक्ष आएर भनेः हे अमीरुल मोमिनीन (आस्थावानहरूको नायक) नबी सल्लल्लाहो अलैहे वसल्लमले नजदबासीहरूको लागि करनुल् मनाजिल मीकात नर्धारित गर्नु भएको छ, र त्यो हामीहरूको बाटोबाट टाढा छ, यदि हामी त्यहाँ जान पनि चाहौं त निकै कष्ट भोग्नुपर्छ, त हजरत उमरले भनेः आफ्नो मार्गमा त्यसको समान र बराबर स्थानलाई हेरी त्यहींबाट एहराम लगाऊ । त अमीरुल मोमिनीन उमरले ती मानिसहरूको लागि मीकात निर्धारित गर्नु भयो जसको लागि मीकात थिएन कि त्यसको मीकात मीकात समान स्थान हो, यसर्थ जुन व्यक्ति वायुमण्डलबाट आओस् त्यो पनि उस्तै छ जसरी थलबाट आउने मान्छे छ, त त्यसको लागि पनि त्यही हुकुम छ जुन थलबाट आउने मान्छेको छ ।

यसर्थ यदि कुनै मान्छेले यस्तो गल्ती गऱ्यो र मीकातबाट एहराम नलगाइकन् जद्दाबाट एहराम लगायो, त त्यसमाथि अनिवार्य छ कि पुनः मीकात जाओस् र त्यहाँबाट नीयत गरेर एहराम लगाओस् । त जसले यस्तो गरेन र मीकात फर्केर गएन त अधिकांश विद्हरूको कथन अनुसार त्यसमाथि एक बाख्रा जब्ह गर्नु अनिवार्य छ जसलाई त्यो मक्कामा जब्ह गरोस् र त्यहाँका दरिद्रहरूमा वितरण गरोस् । र त्यस मासुलाइ नत स्वयम् खाओस् नत कुनै समृद्धलाई उपहार गरोस्, किनकि यो कफ्फारहको दर्जामा छ ।

# तवाफ र त्यसमा गरिने क्रियात्मक गल्तीहरू

नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले तवाफको आरम्भ बैतुल्लाहको पूर्वितर्फबाट हज्रे अस्‌वददेखि गर्नु भयो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले पूर्ण कअ्बा हिज्रसमेतको तवाफ गर्नु भयो । र तवाफे कुदूमको पहिलो मात्र तीन चक्रमा रमल गर्नु भयो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम तवाफको प्रत्येक चक्रमा हज्रे अस्‌वदलाई स्पर्श गर्थे र त्यसलाई चुम्दथे, र यस्तै उहाँ सल्लल्लाहो अलैहे वसल्लमले हातले स्पर्श गरी हातलाई पनि चुम्नु भएको छ, र लट्ठीले स्पर्श गरेर लट्ठीलाई पनि चुम्नु भएको छ यस्तो अवस्थामा कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम ऊँटमा सवार थिए । र यस्तै जब ऊँटमा सवार भएर तवाफ गर्थे त हज्रे अस्‌वदलाई प्रत्येक चक्रमा संकेत गर्थे, र यो पनि प्रमाणित छ कि उनी यमनी कुनलाई पनि स्पर्श गर्थे ।

त हज्रे अस्‌वदलाई स्पर्श गर्नुमा रसूल सल्लल्लाहो अलैहे वसल्लमल् जुन विभिन्न तरिका अपनाउनु भयो त्यसको कारण कदाचित सहुलत थियो, यसर्थ जुन तरिका उहाँको लागि सरल थियो त्यसैलाई अपनाए । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुन संकेत अथवा स्पर्श अथवा चुम्बन लिनु भयो यी समस्त भक्ति र पूजा हो र अल्लाहको महानताको वर्णन हो, र यसको यो अर्थ कदापि होइन कि त्यो पत्थर हानि अथवा लाभ पुऱ्याउन सक्छ, किनकि बुखारी र मुस्लिममा हदीस वर्णित छ कि हजरत उमर रजिअल्लाहो अन्हो जहिले पनि कालो ढुंगालाई चुम्दथे त भन्थे: “ मलाई थाहा छ कि तिमी एउटा ढुंगा हौ, नत तिमी लाभ पुऱ्याउन सक्दछौ नत हानि, र यदि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई तिमीलाई चुम्दा नहेरको भए तिमीलाई म पनि चुम्दैन्थें” ।

**ती तुत्रिहरूको वर्णन जुन यसमा हाजीहरू गर्छन्**

□ १- हज्रे अस्‌वद र रुक्ने यमानी (यमनी कुना) बीचबाटै तवाफको आरम्भ गर्नु । त यो धर्ममा गोलू गर्नु अर्थात सीमा उल्लंघन गर्नु हो, यसबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले रोकेका छन् । र यसको उदाहरण उस्तै छ जस्तोकि कोही रमजानको व्रत रमजान आरम्भ हुनुभन्दा एक दुई दिन अघि नै बस्न थालोस्, र यसको मनाही

रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ। र केही हाजीहरू यो दावी गर्छन् कि हामी यस्तो मात्र सावधानी अपनाउने उद्देश्यले गरिरहेका छौं जुन दावी स्वीकार्य योग्य छैन, किनकि वास्तवमा सावधानी अपनाउनु त विधानको अनुपालन गर्नुमा पोरहेको छ नकि अल्लाह र अल्लाहका रसूलको सीमा उल्लंघन गर्नुमा ।

□ २- हूल र भीडको कारण हिज्र ( कअ्बा छेउमा दुई तीन मिटरको धनुषको आकारको पर्खालद्वारा घेरिएको स्थान जुन कअ्बाको नै अंश हो तर जब कुरैशीहरू कअ्बा बनाइरहेका थिए त शुद्ध माल त्यसलाई बनाउनको लागि नपुगेको कारण त्यस्तै छाडि दिएका थिए, अनि पछि त्यसलाई यस पर्खालले घेरियो अनुवादक) भित्रबाट तवाफ गर्नु, अर्थात त्यसको बाहिरबाट तवाफ नगरिकन् भित्रबाटै तवाफ गर्नु, र यो यसरी कि हिज्रको एउटा द्वारबाट पसेर त्यसैको सामुन्ने भएको द्वारबाट बाहिर निस्किहाल्नु। त यस्तो तरिकाले तवाफ गर्नु ठूलो गल्ती हो, यस्तो गर्नाले तवाफ हुँदैन किनकि मान्छेले पूर्ण बैतुल्लाहको तवाफ गरेन बरु कअ्बाको केही भागको मात्र तवाफ गऱ्यो ।

□ ३- समस्त चक्रहरूमा रमल (तीव्रताले हिंड्नु) गर्नु ।

□ ४- हज्रे अस्वदलाई चुम्नुको लागि ठूलो संघर्ष गर्नु। र कहिले काहिँ यस संघर्षको कारण गाली गलोज र झगडा पनि भइहाल्छ, यसर्थ मारपीट र अवैधानिक त्रियाकलापहरू गर्न थालिन्छ जसलाई यस्तो सम्मानित र पावन स्थानमा र अल्लाहको घर निकट गर्नु उचित छैन, त यसको कारण तवाफमा बरु समस्त हज्जमा कमी आउँछ अर्थात तवाफ र हज्जको पुण्यमा कमी आउँछ किनकि अल्लाहको फर्मान छः

﴿ ٱلْحَجُّ أَشْهُرٌ مَّعْلُومَٰتٌ ۚ فَمَن فَرَضَ فِيهِنَّ ٱلْحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِى ٱلْحَجِّ ۗ ﴾ البقرة: ١٩٧

अर्थ : हजका महीनाहरू निर्धारित छन्। तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र नत कुनै मानिससँग झगडा गरोस्। ( सूरतुल् बकरः १९७ )

र यस्तो प्रकारको संघर्ष गर्नाले श्रद्धा लुप्त भइहाल्छ र अल्लाहको गुणगान गर्ने क्रमलाई बिर्सिन्छ, र यी दुवै नै तवाफका मूल र्मम र उद्देश्य हुन् ।

□ ५- यो आस्था राख्नु कि यो कालो ढुंगा स्वयम् हानि र लाभ पुऱ्याउन सक्दछ । र यसै कारण तपाई यस्ता आस्था राख्ने मान्छेहरूलाई हेर्नुहुन्छ कि जब उनी यसलाई स्पर्श गर्छन् त हातलाई आफ्नो पूर्ण शरीरमाथि फेर्छन् वा उनीसंग भएका ससाना बच्चाहरूको शरीरमाथि स्पर्श गर्छन् फेर्छन्, तर यसखालका समस्त कार्यहरू अनभिज्ञता र पथभ्रष्टता हुन् । र हामी हजरत उमरको यो कथन वर्णन गरिसकेका छौं कि उहाँले भन्नु भयो: “मलाई थाहा छ कि तिमी एउटा ढुंगा हौ, तिमी नत लाभ पुऱ्याउन सक्दछौ नत हानि, र यदि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई तिमीलाई चुम्दा नहेरेको भए म पनि तिमीलाई चुम्दैन्थें” ।

□ ६- केही हाजीहरू कअ्बाका समस्त कुनाहरूलाई स्पर्श गर्छन्, बरु केहीले त कअ्बाका समस्त पर्खाललाई स्पर्श गर्छन् अनि त्यसलाई आफ्नो शरीरमाथि मसह (स्पर्श) गर्छन्, त यस्तो गर्नु पनि अनभिज्ञता र पथभ्रष्टता हो, किनकि स्पर्श गर्नु पनि पूजा हो, र अल्लाहको महानताको वर्णन हो । तसर्थ त्यसलाई उस्तै गर्नु जरुरी छ जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले हज्रे अस्वद र रुकने यमानी बाहेक कअ्बाको अरु कुनै ठाउँलाई स्पर्श गरेका छैनन् । हज्रे अस्वद पूर्वि कुनामा स्थापित छ, र रुकने यमानी पश्चिमी कुनालाई भनिन्छ । र मुस्नद इमाम अहमदमा हजरत इब्ने अब्बासको माध्यमले एउटा हदीस वर्णित छ कि: “इब्ने अब्बास रजिअल्लाहो अन्होको साथ हजरत मुआवीया रजिअल्लाहो अन्हो तवाफ गरिराख्नु भएको थियो, अनि हजरत मुआवीया कअ्बाका समस्त कुनाहरूलाई स्पर्श गर्नथाले त इब्ने अब्बासले भन्नु भयो: तपाईले यी दुवै कुनाहरूलाई किन स्पर्श गर्नु भयो जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यी दुवैलाई स्पर्श गर्नु भएको छैन ? त हजरत मुआवीयाले भने: कअ्बाको कुनै ठाउँ छाड्ने योग्य छैन, त हजरत इब्ने अब्बासले

भनेः तिम्रो लागि रसूल सल्लल्लाहो अलैहे वसल्लम अति राम्रो आदर्श हुन्, त हजरत मुआवीयाले भनेः तपाईले सत्य भन्नु भयो" ।

## तवाफमा मौखिक गल्तीहरू

रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि जहिले पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम हज्रे अस्वदबाट गुज्रन्थे अल्लाहु अक्बर भन्थे, र रुकने यमानी एवं हज्रे अस्वद बीच यो दुआ पढ्थेः "रब्बना आतिना फिद्दुनिया हसनतौं वफिल् आखिरति हसनतौं वकेना अजाबन्नार" । अर्थात हे अल्लाह हामीलाई यस संसारमा भलाई प्रदान गर, र परलोकमा पनि भलाई प्रदान गर, र हामीलाई नर्कको यातनाबाट सुरक्षित गरिदेऊ । र उहाँ सल्लल्लाहो अलैहे वसल्लम यो भन्थे किः "यो तवाफ र सई एवं कंकरी हान्नु अल्लाहको गुणगान र स्तुति गर्ने उद्देश्यले नै अनिवार्य गरिएको छ" ।

र जुन गल्ती तवाफ गर्ने मान्छेहरू गर्छन् त्यस मध्ये यो पनि हो कि उनीहरू प्रत्येक चक्रको लागि केही विशिष्ट दुआ राख्दछन् जस बाहेक अरु कुनै दुआ गर्दैनन्, र कहिले काहिँ जब त्यो दुआ गर्दै चक्रलाई पूर्ण गरिहाल्दछन् यस्तो अवस्थामा कि त्यो दुआ पूर्ण भएको हुँदैन त त्यस दुआलाई अधुरा छाडिदिन्छन् चाहे एक वाक्य किन नबाँकी बचेको होस्, र आर्को चक्रको दुआ आरम्भ गरिहाल्छन्, र यदि दुआ चक्र पूर्ण हुनुभन्दा अघि नै सिद्धिन्छ त चुप लागेर तवाफ गर्न थाल्दछन् ।

तर नबी सल्लल्लाहो अलैहे वसल्लमसित तवाफको प्रत्येक चक्रको लागि कुनै विशेष दुआ प्रमाणित छैन । शैखुल् इस्लाम इब्ने तैमिया रहेमहुल्लाह (अल्लाह उनीमाथि दया गरुन्) भन्छन्ः तवाफको बारेमा नबी सल्लल्लाहो अलैहे वसल्लमसित कुनै विशेष दुआ प्रमाणित छैन नत कार्यद्वारा नै प्रमाणित छ नत कुरा र आदेशद्वारा, बरु यसमा समस्त प्रमाणित दुआहरू गर्न सकिन्छ ।

र जुन विशेष दुआहरूलाई मान्छेहरू गर्दछन् तिनी मध्ये अधिकांश प्रमाणित हुँदैनन् । त प्रष्ट यो भयो कि तवाफ गर्ने मान्छे आफ्नो संसारिक र परलौकिक हितको लागि जे चाहोस् दुआ गरोस्, र

अल्लाहको गुणगान र स्तुति जसरी चाहोस् त्यसरी गरोस्, चाहे तस्बीह गरेर वा त्यसको महानताको बखान गरेर, वा तल्बिया पुकारेर वा पवित्र कुरआनको पाठन् गरेर ।

र यस्तै तवाफमा गरिने त्रुटिहरू मध्ये यो पनि हो कि मान्छे यस्तो दुआ गरोस् जसको अर्थ त्यसलाई थाहा नहोस्, जसरी कि अंधविश्वासी मान्छेहरू गर्छन् कि एउटा किताब लिएर त्यसैबाट दुआलाई पढ्छन् जसको अर्थ उनीहरूलाई थाहै हुँदैन । त यस्तो गर्नुमा यो पनि हुन्सक्छ कि त्यस दुआलाई छाप्दा छापाखानाले गल्ती गरेको होस्, अनि दुआको अर्थमा अनर्थ भइहालेको होस् अर्थात त्यो दुआ गर्दाखेरि आफ्नो लागि दुआ नगरिकन् आफूलाई श्रापोस् आफूमाथि बद्दुआ गरिहालोस् र त्यसलाई यसको आभास पनि नहुन्सकोस्, र हामीले यस्ता अचम्मका कुराहरू सुनेका छौं ।

यसर्थ यदि तवाफ गर्ने मान्छे आफ्नो प्रतिपालकसित यस्तो दुआ गरोस् जुन त्यसको चाहना छ र जसलाई त्यो सम्झि बुझिराखेको पनि छ त यो त्यसको लागि अति हितकर र राम्रो हुन्छ र यस्तो गर्नाले रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण पनि भइहाल्छ ।

र तवाफका त्रुटिहरू मध्ये जसलाई हाजीहरू गर्छन् यो पनि हो कि तवाफ गर्नेहरू समूह बनाउँछन् अनि एउटा मान्छे उच्चस्वरमा उनीलाई दुआ पढाउँछ अनि सबै एकस्वरमा त्यसलाई पढ्छन्, यसलेगर्दा अरु तवाफ गर्ने मान्छेहरूलाई कष्ट पुग्दछ, र उनीहरूको तवाफ गर्ने कार्यमा बाध्यता आउँछ, र यस्तो गर्नेहरू स्वयम् बुझ्दैनन् कि उनी के भनिराखेका छन्, त यसद्वारा अल्लाह प्रति श्रद्धा र सदभाव गइहाल्छ, र यस कार्यद्वारा यस्तो सम्मानित र पावन स्थानमा अरुलाई कष्ट पुऱ्याइन्छ । र एक दिन रसूल सल्लल्लाहो अलैहे वसल्लम मानिसहरूतर्फ जानु भयो यस्तो अवस्थामा कि उनीहरू नमाज पढिरहेका थिए र ठूलो स्वरमा पाठन गरिरहेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “तिमी मध्ये प्रत्येक अआफ्नो प्रतिपालकसित कानेखुसी गरिरहेको छ, यसर्थ कुरआनलाई पाठन गर्नुमा एकआर्कामाथि अआफ्ना स्वरलाई उच्च नपार” । ( यस हदीसलाई

इमाम मालिकले मुवत्तामा वर्णन गरेका छन्, र इमाम इब्ने बर्रले यसलाई सही भनेका छन्)

र यदि तवाफमा यस्तो हुन्थ्यो त कति राम्रो कुरो हुन्थ्यो कि तिनीहरूको अगुवा जब तवाफ गर्नुको लागि आउँथ्यो त सबैलाई तालिम दिदै भन्थ्यो कि सबैले यस्तो यस्तो गर्नु र यस्तो यस्तो नगर्नु, र जे मनपरे दुआ गर्नु, र उनीहरूको साथ स्वयम् पनि तवाफ गर्थ्यो ताकि उनीहरूको हेरचाह गर्दै रहोस्, जसलेगर्दा कोही पनि गल्ती नगरोस्, अनि सबै श्रद्धा सदभाव र प्रशान्तिको साथ तवाफ गर्थे, र आफ्नो प्रतिपालकलाई आशा श्रद्धा र भयको साथ पुकार्थे, र आफूले बुझ्केको दुआ गर्थे, त तिनीहरूको अवैधानिक कार्यहरूको कष्टबाट सबै सुरक्षित भइहाल्थे ।

## तवाफ पश्चातको दुई रकअ्त र त्यसमा गरिने त्रुटिहरू

नबी सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम तवाफ सम्पन्न गरे पश्चात मुकामे इब्राहीमतर्फ प्रस्थान गर्नु भयो, र यो श्लोक पढ्नु भयो:

﴿ وَٱتَّخِذُواْ مِن مَّقَامِ إِبۡرَٰهِـۧمَ مُصَلّٗىۖ ﴾ البقرة: ١٢٥

अर्थ : तिमीहरूले इब्राहीम उभेको स्थानलाई नमाज पढ्ने ठाउँ बनाउनु । ( सूरतुल् बकर: १२५ )

अनि मुकामे इब्राहीम पछाडि दुई रकअ्त नमाज पढ्नु भयो यस्तो अवस्थामा कि मुकामे इब्राहीम उहाँ सल्लल्लाहो अलैहे वसल्लम र कअ्बा बीच थियो, अनि पहिलो रकअ्तमा सूरतुल् फातिहा पश्चात कुल् या अइयुहल् काफिरुन्... पढनु भयो, र दोस्रो रकअ्तमा सूरतुल् फातिहा पश्चात कुल् हुवल्लाहु अहद.. पढनु भयो ।

त यसमा जुन त्रुटि केही हाजीहरू गर्छन् ती मध्ये यो पनि हो कि केही मान्छेहरू यो सोच्दछन् कि यी दुई रकअ्त मुकामे इब्राहीम निकट पढनु नै जरुरी छ, यसलेगर्दा त्यस निकट भीड र हूल गर्छन् र तवाफ गर्ने मानिसहरूलाई कष्ट पुऱ्याउँछन्, विशेषरूपले हज्जको मौसममा, र

तवाफ गर्ने क्रममा बाधा हाल्छन् । तर यो सोच गल्त छ, किनकि तवाफ पश्चातका दुई रकअ्त नमाजलाई मस्जिदे हराममा जता पनि पढन् सकिन्छ र हाजीले यसलाई जता पढे पनि पुग्छ, र मुकामे इब्राहीमबाट टाढा भएर पनि त्यसलाई आफू र कअ्बा बीच गर्न सकिन्छ, यसर्थ मस्जिदको दैलोमा वा अरु कुनै ठाउँमा पनि पढेर यस सुन्नतलाई कार्यन्वयनमा ल्याउन सकिन्छ, र सबैलाई कष्टबाट बचाउन पनि सकिन्छ । त यस्तो गर्नाले नत त्यो कसैलाई कष्ट पुऱ्याउँछ नत त्यसलाई नै कोही कष्ट दिन्छ र त्यसको नमाज पनि शुद्ध र श्रद्धापूर्ण सम्पन्न हुन्छ ।

र यदि मस्जिदे हरामका कार्यवाहकहरू यिनीहरूलाई यस्तो गर्नुबाट मनाही गर्थे र यो स्पष्ट पार्थे कि मुकामे इब्राहीम निकट नै यी दुई रकअ्त पढनु जरुरी छैन, त कति राम्रो हुन्थ्यो ।

र यसका त्रुटिहरू मध्ये यो पनि हो कि केही मानिसहरू मुकामे इब्राहीम पछाडि अकारण दुईभन्दा अधिक रकअ्तहरू पढछन् जबकि जुन मानिसहरू तवाफ सम्पन्न गरिसकेका छन् त्यस स्थानको अधिक अधिकारी र हकदार छन् ।

र यसका त्रुटिहरू मध्ये यो पनि हो कि जब केही मानिसहरू यी दुवै रकअ्तलाई सम्पन्न गरिहाल्छन् त उनीहरूको अगुवा उभेर ठूलो स्वरमा दुआ गराउन् थाल्छ जसलेगर्दा मुकामे इब्राहीम पछाडि नमाज पढनेहरूलाई कष्ट पुऱ्याउँछन् र उनीहरूको हक हनन् गर्छन्, र अल्लाहको फर्मान छ:

﴿ ٱدۡعُواْ رَبَّكُمۡ تَضَرُّعٗا وَخُفۡيَةًۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلۡمُعۡتَدِينَ ٥٥ ﴾

الأعراف: ٥٥

अर्थ : (मानिसहरू!) आफ्नो पालनकर्तासंग विनम्र बिन्ती गर्ने गर ठूलो स्वरले र एकान्तमा प्रार्थना गर । वास्तवमा अल्लाहले सीमा उल्लंघन गर्नेहरूलाई प्रेम गर्दैन । ( सूरतुल् अअ्राफ ५५ )

# सफा र मरवामाथि चढ्नु र त्यसमाथि दुआ गर्नु, र दुवै हरियो बत्ति बीच दौड लगाउनु र यसमा गरिने त्रुटिहरू

नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम सफा पर्वतसित निकट भए त यो श्लोक पढे:

﴿ إِنَّ ٱلصَّفَا وَٱلْمَرْوَةَ مِن شَعَآئِرِ ٱللَّهِ ۖ فَمَنْ حَجَّ ٱلْبَيْتَ أَوِ ٱعْتَمَرَ فَلَا جُنَاحَ عَلَيْهِ أَن يَطَّوَّفَ بِهِمَا ۚ وَمَن تَطَوَّعَ خَيْرًا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ﴿١٥٨﴾ ﴾ البقرة: ١٥٨

अर्थ : (निःसन्देह) सफा र मर्वा (पर्वत) अल्लाहका निशानी मध्ये हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज अथवा उमरा गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन । र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ । ( सूरतुल् बकरः १५८ )

अनि त्यसमाथि चढे यहाँसम्म कि कअ्बालाई हेर्नथाले, अनि किब्लातर्फ अनुहार गरेर आफ्नो दुवै हात उठाई अल्लाहको महानताको बखान गर्नु भयो, र जे मन पर्‍यो दुआ याचना गर्नु भयो, र भन्नु भयो: “लाइलाहा इल्लल्लाहु वह्दहु लाशरीकलहु, लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर, लाइलाहा इल्लल्लाहु वहदहु अन्जजा वअ्दहु वनसरा अब्दहु वहजेमल् अहजाबा वहदहु” ।

अर्थः अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ त्यसको कोही साझीदार छैन, त्यसैको लागि समस्त सत्ता र प्रशंसाहरू छन् र त्यो प्रत्येक कुरामाथि सामर्थ्यवान छ, त्यस एकलो बाहेक कोही सत्य पूज्य छैन जसले आफ्नो अठोटलाई पूर्ण गर्‍यो र आफ्नो भक्तको सहायता गर्‍यो र समस्त समूहहरूलाई एकलै परास्त गर्‍यो । अनि यसलाई तीन पटक पढ्नु भयो र यस बीच अरु दुआहरू पनि गर्नु भयो, अनि त्यहाँबाट झरेर मरवातर्फ बढे, अनि जब मध्य घाटीमा पुगे

जता आज हरियो बत्ती छ, त दुगुर्न थाले यहाँसम्म कि त्यस स्थानसम्म पुगे जहाँ आज आर्को हरियो बत्ती लागेको छ त सामान्य चाल चल्न थाले यहाँसम्म कि मरवासम्म पुगे र सफा झैं मरवा पर्वतमाथि पनि गरे ।

त यहाँ जुन त्रुटि गरिन्छ त्यो यो हो कि केही सई गर्ने मान्छेहरू जब सफा र मरवा पर्वतमाथि चढ्दछन् र कअ्बातर्फ अनुहार गर्छन् त तीन पटक ठूलो स्वरले तक्बीर भन्छन्, र आफ्नो स्वरलाई उच्चगरी आमीन पनि भन्छन् जसरी कि नमाजमा भन्छन् अनि सफाबाट तल भरिहाल्छन् । तर यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरोधी कार्य हो । यसर्थ उनीहरूलाई चाहियो कि यात सुन्नत बमोजिम कार्य गरुन् वा त्यसलाई पनि छाडिदिउन् तर यस्तो कार्य नगरुन् जसलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले गरेकै छैनन् ।

र यस्तै सई गर्नेहरूको त्रुटिहरू मध्ये यो पनि हो कि सफा र मरवा बीच तीव्र गतिले दुगुर्दै रहन्छन् । र यो पनि सुन्नतको विरुद्ध कार्य हो किनकि तीव्र गतिले दुगुर्नु मात्र दुवै हरियो बत्तीहरू बीच हो, र बाँकीमा सामान्य चाल चल्नु पर्छ, र यस्तो गर्नेहरू अधिकांश अनभिज्ञताको कारण वा हतार गर्नुको कारणले गर्छन् ताकि शीघ्रतम समयमा सई सम्पन्न भइहालोस् ।

र यो पनि यसमा गरिने त्रुटि मध्येकै हो कि केही महिलाहरू पनि दुवै हरियो बत्ती बीच दौड लगाउँदछिन् जसरी कि पुरुषहरू लगाउँछन्, त यस्तो गर्नु दुरुस्त छैन किनकि महिलाहरूमाथि दौड लगाउनु छैन बरु त्यो आफ्नो सामान्य चाल चलेर सई गरोस्, जस्तोकि हजरत इब्ने उमरको वर्णन छ कि: "महिलाहरूमाथि नत तवाफगर्दा रमल छ नत सईगर्दा दौड" ।

र सई गर्ने मानिसहरूको यो पनि त्रुटि हो कि जहिले पनि सफा र मरवामाथि आउँछन् यो श्लोक पढछन्:

﴿ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ فَمَنۡ حَجَّ ٱلۡبَيۡتَ أَوِ ٱعۡتَمَرَ فَلَا جُنَاحَ عَلَيۡهِ أَن يَطَّوَّفَ بِهِمَاۚ وَمَن تَطَوَّعَ خَيۡرٗا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ١٥٨ ﴾ البقرة: ١٥٨

अर्थ : (निःसन्देह) सफा र मर्वा (पर्वत) अल्लाहका निशानी मध्ये हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज अथवा उमरः गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन । र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ । ( सूरतुल् बकरः १५८ )

जबकि यसलाई पढनु मात्र पहिलो पटक नै प्रमाणित छ । यस्तै यसमा गरिने त्रुटिहरू मध्ये यो पनि हो कि प्रत्येक चक्रको लागि कुनै दुआ विशिष्ट गर्नु जबकि यसको कुनै प्रमाण छैन ।

## अरफातमा उभिनु र त्यहाँ गरिने त्रुटिहरू

नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम अरफाको दिन नमेरह नामक स्थानमा रुकेका थिए यहाँसम्म कि सूर्य ढल्केको थियो, अनि सवारीमा सवार भएर अरना नामक घाटीको बीचमा पुगेका थिए, अनि जुहर र अस्र नमाजलाई जुहरको समयमा नै एकै साथ दुई दुई रकअ्त गरेर पढेका थिए, दुई एकामत र एक अजानको साथ, अनि सवारीमा सवार भएर आफ्नो उभ्ने ठाउँमा आएका थिए र उभेर भनेका थिएः "म यता उभेको छु र समस्त अरफा उभ्ने ठाउँ हो" । अनि त्यतै किब्लातर्फ अनुहार गरेर दुवै हातलाई उठाएर अल्लाहको गुणगान र त्यसको महानता एवं पवित्रताको वर्णन गर्दै रहे र अल्लाहको स्तुति र त्यससित याचना यहाँसम्मगर्दै रहे कि सूर्य अस्त भयो, अनि मुजदलिफातर्फ प्रस्थान गरे ।

**र यस ठाउँमा हाजीहरू जुन त्रुटिहरू गर्छन् निम्न हुनः**

□ १- केही हाजीहरू अरफातको सीमा बाहिर नै बसिराख्छन् यहाँसम्म कि सूर्य अस्त भइहाल्छ, अनि त्यतैबाट मुजदलिफा गइहाल्छन्, अरफामा उभ्दैनन् । त यो ठूलो गल्ती हो यस्तो गर्ने मान्छेको हज्ज भएन, किनकि अरफातमा उभिनु हज्जको स्तम्भ र आधार हो जसलाई नगरिकन् हज्ज हुँदैन, त जसले पनि अरफातमा त्यसमा उभिने समय उभेन त्यसको हज्ज भएन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "हज्ज अरफा नै हो त जुन व्यक्ति पनि त्यहाँ मुजदलिफाको रात्रीमा फज्र उदय हुनुभन्दा अघि नै पुग्यो त्यसले वकूफलाई पायो" । अर्थात त्यसको उभ्ने कार्य पूर्ण भयो । र यस्तो ठूलो गल्तीको कारण होः मान्छेहरू एकआर्कालाई हेरेर धोका खाइहाल्छन् किनकि केही मानिसहरू अरफातको सीमा बाहिर नै सवारीबाट झरेर अरफाको सीमालाई खोज्दैनन् अनि देखादेखी अरु मानिसहरू पनि अरफाको सीमा बाहिर भरिहाल्छन् अनि आफ्नो हज्जको साथै अरु मान्छेहरूको हज्जलाई पनि भंग गर्ने कारण बनिहाल्छन् ।

र काश यस्तो हुन्थ्यो कि हज्जलाई व्यवस्थित गर्ने मान्छेहरू स्पीकर .. आदिद्वारा यो एलान गर्थे र सबैलाई यस कुराबाट सचेत गर्थे कि यो अरफातको सीमा बाहिर छ ... आदि, ताकि सबैलाई सत्यको ज्ञान भइहाल्थ्यो र सबै यस्तो तरिकाले अआफ्ना हज्जलाई सम्पन्न गर्थे जसद्वारा हज्ज गर्ने अनिवार्यता र तिनीहरूको दायित्व पूर्ण भइहाल्थ्यो ।

□ २- केही मानिसहरू अरफाबाट सूर्य अस्त हुनुभन्दा अघि नै निस्किहाल्छन्, र यो कार्य पनि हराम एवं सुन्नत विरुद्ध छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम अरफातमा तबसम्म उभेका थिए जबसम्म सूर्य अस्ताएको थिएन, र यसकारण पनि कि सूर्य अस्ताउनुभन्दा अघि अरफाबाट निस्कनु अनभिज्ञकालका कार्यहरू मध्येको कार्य हो ।

□ ३- केही मानिसहरू जबले अरफा (जसलाई रहमत पर्वत पनि भनिन्छ जुन दुरुस्त छैन) तर्फ अनुहार गरेर दुआ गर्छन् चाहे किब्ला उनीहरूको पिठ्युँ पछाडि वा दायाँ बायाँतिर किन नहोस्, त यस्तो गर्नु पनि सुन्नत विरुद्ध छ, किनकि सुन्नत किब्लातर्फ अनुहार गरेर दुआ गर्नु नै हो जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले गर्नु हुन्थ्यो ।

## जमरहहरूलाई कंकरी हान्नु र त्यसमा गरिने त्रुटिहरू

रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ कि कुर्बानीको दिन चाश्तको समय ठूलो जमरहलाई जुनकि मक्कासित निकट छ त्यसलाई सात कंकरी हान्थे, र प्रत्येक कंकरी हान्दा तक्बीर पनि भन्थे, र त्यो कंकरी चनाको गेडाभन्दा अलि ठूलो हुन्थ्यो । सुनने नेसाईमा फजल बिन अब्बास रजिअल्लाहोको माध्यमले एउटा हदीस वर्णित छ उहाँ भन्नुहुन्छ किः "उहाँ मुजदलिफादेखि मिना आउँदा रसूल सल्लल्लाहो अलैहे वसल्लमको संगै थिए, त फजल भन्छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लम मुहस्सर नामक घाटीमा रुके र भनेः तिमीहरू खजफ जस्तो अर्थात चनाको गेडाभन्दा अलि ठूलो आकार भएको कंकरी यताबाट लिइहाल जसबाट तिमी जमरहलाई कंकरी हान्ने छौ, र फजल भन्छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कंकरीको आकारलाई हातले संकेत गरेर सम्झाउनु भयो" । र इमाम अहमदले इब्ने अब्बासको माध्यमले वर्णन गरेका छन् र भन्छन् कि यहयाको भनाईछ कि मलाई थाहा छैन कि औफ बिन अब्दुल्लाह वा फजलले भने कि मसित कुर्बानीको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो यस्तो अवस्थामा कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम सवारीमाथि सवार थिएः "मेरो लागि कंकरी खोजेर ल्याऊ, त मैले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको लागि खजफ जति आकार भएको (चनाको गेडाभन्दा अलि ठूलो आकारको) कंकरी खोजेर ल्याएँ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ती कंकरीहरूलाई आफ्नो हातमा राख्नु भयो र भन्नु भयोः यसै जस्तो दुई पटक र आफ्नो हातले संकेत गर्नु भयो, (अनि यहया भन्छन् उहाँले यसरी संकेत गरेका थिए र यह्या आफ्नो हातले संकेत गरे र त्यसलाई उस्तै उठाए जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लमले उठाएका थिए) अनि उहाँसल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः तिमीहरू गुलू गर्नुबाट (सीमा उललंघन गर्नुबाट) बाँचदै रहनु किनकि गोलू गर्ने कारणले नै तिमीभन्दा पहिलाका मानिसहरू विनष्ट भए" ।

र उम्मे सुलैमान बिन अमर बिन अहवस रजिअल्लाहो अन्हाको वर्णन छ किः "मैले कुर्बानीको दिन रसूल सल्लल्लाहो अलैहे

वसल्लमलाई घाटीको बीचबाट जमरहलाई कंकरी हान्दा हेरेको छु, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम यो भनिराखेका थिए कि हे मानिसहरू ! तिमीहरू एकआर्कालाई हत्या नगर, यसर्थ खजफको आकार जतिको कंकरीबाट कंकरी हान्नु" । (अहमद)

र सही बुखारीमा इब्ने उमरबाट वर्णित छ कि: "उहाँ रजिअल्लाहो अन्हो सानो जमरहलाई तक्बीर भनेर सात कंकरी हान्थे, अनि अलि अगाडि गएर रुक्थे अनि किब्लातर्फ अनुहार गरेर आफ्नो दुवै हात उठाएर दुआ गर्थे र लामो समयसम्म यस्तै उभेर दुआ गर्थे, अनि बीचको जमरहलाई सात कंकरी हान्थे, र अलि अगाडि गएर रुक्थे र किब्लातर्फ अनुहार गरेर दुवै हात उठाएर लामो समयसम्म याचना गर्थे, अनि ठूलो जमरहलाई घाटीको बीचमा उभेर सात कंकरी हान्थे अनि त्यहाँ नरुकिकन् फर्किहाल्थे, र भन्थे: यसरी नै मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गर्दा हेरेको छु" । र अहमद एवं अबू दाऊदले हजरत आइशाको माध्यमले वर्णन गरेका छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि: "बैतुल्लाहको तवाफ र सफा मरवाको सई र जमरहहरूलाई कंकरी हान्नुलाई अल्लाहको गुणगान गर्ने उद्देश्यले अनिवार्य गरिएको छ" ।

**हाजीहरूको यता गरिने गल्तीहरू निम्न हुन्:**

□ १- हाजीहरूको यो आस्था कि मुजदलिफाबाट नै कंकरी लिनु जरुरी छ, अनि आफूलाई यसको खोजमा हैरान पार्छन्, र यदि कुनै मान्छेबाट मुजदलिफाबाट ल्याएको कंकरी हराइहाल्छ भने त्यो अति दुखी भइहाल्छ र आफनो साथीहरूसित यो अनुरोध गर्छ कि मलाई तिमीहरू आफ्नो आवश्यकताभन्दा अधिक भएको कंकरी प्रदान गर ।

र यो अघि नै प्रष्ट भइसकेको छ कि यस्तो गर्नुको रसूल सल्लल्लाहो अलैहे वसल्लमसित कुनै प्रमाण छैन, र जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमले इब्ने अब्बासलाई कंकरी ल्याउने आदेश गरेका थिए त त्यस समय उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो सवारीमाथि सवार थिए, र कदाचित मिनामा ठूलो जमरहको नजिक थिए, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम मुजदलिफाबाट हिंडे पश्चात जमरहभन्दा पहिला रुकेका थिएनन्, र यस कारण पनि किनकि

कंकरीको आवश्यकता मिनामा पर्छ र आवश्यकता पर्नुभन्दा अघि नै रसूल सल्लल्लाहो अलैहे वसल्लम त्यसको आदेश दिनु हुन्न किनकि त्यसमा कुनै लाभ नीहित छैन, र दोस्रो कुरो यो पनि छ कि यदि त्यसलाई मुजदलिफामा खोज्नुको आदेश मानेमा अनायासमा त्यसलाई बोक्नुको कष्ट भोग्नुपर्छ र व्यर्थका कुराहरू रसूल सल्लल्लाहो अलैहे वसल्लम गर्दैन्थे ।

□ २- हाजीहरूको यो आस्था कि उनीहरू शैतानलाई कंकरी हानिराखेका छन्, र यसैकारण जमरहहरूलाई शैतानको नामले नामाकरण गर्छन्, अनि भन्छन्: हामीले ठूलो शैतान वा सानो शैतानलाई कंकरी हानें, वा भन्छन् शैतानको पितालाई कंकरी हानें र यसबाट उनीहरूको अभीष्ट ठूलो जमरह हुन्छ, र यस जस्ता अरु कुराहरू भन्छन् जुन यी पावन स्थानहरूमा भन्नु उचित हुँदैन ।

र तपाई यो पनि हेर्नुहुन्छ कि उनीहरू कठोरताको साथ क्रोधित भएर आफ्नो स्वरलाई उच्च गरेर कंकरी हान्दछन् । र कतिपय त त्यसलाई शैतान बुझेर गाली गर्छन् र त्यसमाथि चढिहाल्छन् वा जुत्ता चप्पल आदिले हान्छन् । र कतिपय यस्तो क्रोधले कंकरी फाल्दछन् कि जमरहलाई नलागिकन् उतापट्टिका मान्छेहरूलाई लाग्दछ, अनि मान्छेहरू यस्तो दृश्य हेरेर हाँसो र ठट्टा गर्न थाल्दछन्, त यस्तो आभास हुन्थालिन्छ कि मानो यो कुनै लाफटर र हाँसो गर्ने स्टेज र स्थान हो । र यस्ता प्रकारका गतिविधिहरूलाई अहिले बनेको पुलहरूभन्दा अघि नै आफ्नो आँखाले हेरको छु । र यी समस्त गतिविधिहरूको कारण मात्र यो आस्था हो कि हामी जमरहलाई होइन बरु शैतानलाई कंकरी हानिरहेका छौं, तर यस्तो आस्था राख्नुको कुनै प्रमाण छैन । र तपाईलाई अघि नै यो थाहा भइसकेको छ कि कंकरी हान्नुको उद्देश्य अल्लाहको गुणगान र स्तुति गर्नु हो, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक कंकरी हान्दा तक्बीर भन्थे ।

□ ३- हाजीहरू जमरहहरूलाई अति ठूलो कंकरीले अथवा जुत्ता र चप्पलले र दाउरो आदिले हान्छन्, त यो कार्य रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्न्त विरुद्ध कार्य हुनुको साथै ठूलो गल्ती पनि हो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कुरा कार्य र आदेश विरुद्ध पनि, किनकि

उहाँ सल्लल्लाहो अलैहे वसल्लमले खजफ जस्तो आकारको (चनाको गेडाभन्दा अलि ठूलो आकारको) कंकरी हान्नु भएको छ र आफ्नो अनुयायीहरूलाई त्यस्तै कंकरीले हान्ने आदेश गरेका छन्, र सबैलाई धर्मको बारेमा सीमा अतिक्रमण र गोलू गर्नुबाट सावधान गरेका छन् ।

र यस गल्तीको कारण पनि हाजीहरूको यो आस्था नै हो कि उनीहरू शैतानलाई कंकरी हनिराखेका छन् ।

□ ४- क्रोधित भइ कठोरताको साथ अभिमानी झैं जमरहतर्फ जानु जसलेगर्दा यस्तो गर्नेहरू नत अल्लाहको भय मान्दछन् नत अल्लाहका सृष्टिहरूमाथि दया नै गर्छन् बरु उनीहरूको यस्तो कुकर्मद्वारा मुसलमानहरूलाई कष्ट र हानि पुग्नथाल्छ, र उनी बीच गालीगलोजको आदानप्रदान हुन्छ, र कहिले काहिँ झगडा मारपीट पनि हुन्थाल्छ, अनि यस कार्यको कारण यो कंकरी हान्ने कार्य आफ्नो मूल उद्देश्यबाठ निस्किहाल्छ जसको निम्ति यसलाई अनिवार्य गरिएको थियो, र त्यस पद्धतिबाट पनि निस्किहाल्छ जसमाथि रसूल सल्लल्लाहो अलैहे वसल्लम कार्यरत थिए । मुस्नद अहमदमा कुदामा बिन अब्दुल्लाह बिन अम्मारको वर्णन छ कि: "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई कुर्बानीको दिन गहिरो पहेलो रंगको ऊँट्नीमाथि सवार भएर ठूलो जमरहलाई बिना धक्कामुक्की गरिकन् कंकरी हान्दा हेरें" ।

□ ५- तश्रीकका दिनहरूमा पहिलो र दोस्रो जमरहलाई कंकरी हानेर दुआको लागि नरुक्नु । र यो थाहै छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम उपरोक्तका दुवै जमरहहरूलाई कंकरी हानी अलि पर गएर रुक्थे र किब्लातर्फ अनुहार गरेर आफ्नो दुवै हात उठाएर लामो समयसम्म दुआ गर्थे । र यसलाई छाड्नुको प्रमुख कारण हो यस सुन्नतबाट अनभिज्ञता । र कतिपय हतार गर्ने कारणले पनि यस्तो गर्छन् कि छिटोभन्दा छिटो यस पूजालाई सम्पन्न गरुन् ।

र कति राम्रो हुन्थ्यो कि हाजी हज्ज गर्नुभन्दा अघि नै हज्जका कार्यहरूबारे ज्ञान प्राप्त गर्थ्यो ताकि अल्लाहको पूजा ज्ञानको प्रकाशमा गरोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति अनुकूल गरोस् ।

र यदि कुनै मानिस आर्को देश वा नगरतिर भ्रमण गर्ने इच्छुक हुन्छ भने त्यससम्म पुग्ने मार्गहरूबारे अवश्य सोध्दछ जुन त्यसलाई त्यस

देश वा नगरसम्म राम्ररी पुऱ्याओस्, त जुन मान्छे अल्लाहसम्म पुग्ने मार्गमा लाग्ने र स्वर्गसम्म पुऱ्याउने मार्गमा लाग्ने इच्छुक छ त्यसलाई यो उत्तम छैन कि त्यसमा हिंडनुभन्दा अघि नै त्यसबारे जानकारी प्राप्त गरोस् ? ताकि कुशलतापूर्वक आफ्नो निर्धारित लक्ष्यसम्म पुगोस् ।

 ६- एकैचोटि समस्त सातवटै कंकरीहरूलाई हान्नु, र यो स्पष्ट त्रुटि हो, र यसबारे विद्हरूको यो भनाई छ कि जसले पनि एकैचोटि सातौं कंकरीलाई हान्यो त्यसलाई मात्र एक कंकरी नै गणना गरिन्छ । त अनिवार्य यो छ कि मान्छे एक एक कंकरी पाला पालै एकपछि आर्कोलाई हानोस् जसरी कि नबी सल्लल्लाहो अलैहे वसल्लमले हानेका छन् ।

 ७- कंकरी हान्दा अप्रमाणित दुआहरू पढनु, जसरी यो भन्नु कि: हे अल्लाह यसलाई रहमानको राजी हुने माध्यम बनाइदेऊ, र शैतानलाई क्रोधित गर्ने माध्यम बनाइदेऊ । र कहिले काहिँ यसलाई भन्नुमा मान्छे यति व्यस्त भइहाल्छ कि तक्बीर भन्नुलाई बिर्सिहाल्छ जुनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ। तसर्थ उत्तम यो नै छ कि जुन दुआहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छन् मात्र त्यसैलाई बिना थपघट गरियोस् ।

 ८- कंकरी हान्नुमा ढिलो सुस्ती गर्नु, यसर्थ कंकरी हान्ने सामर्थ्य भए पनि कंकरी नहानिकन् अकारण अरुलाई कंकरी हान्नुको लागि वकील बनाउनु ताकि स्वयम्लाई त्यहाँको हूल र भीडबाट सुरक्षित राखियोस् । र यस्तो गर्नु अल्लाहको त्यस आज्ञा विरुद्ध छ जसमा अल्लाहले हज्ज पूर्ण गर्ने आदेश गरेका छन्, अल्लाहको फर्मान छ:

﴿ وَأَتِمُّوا۟ ٱلْحَجَّ وَٱلْعُمْرَةَ لِلَّهِ ﴾ البقرة: ١٩٦

अर्थ : र अल्लाहकै लागि हज्ज र उमरालाई सम्पन्न गर । ( सूरतुल् बकर: १९६ )

तसर्थ सामर्थ्यवानमाथि यो अनिवार्य छ कि त्यो आफ्नो कंकरी स्वयम् आफै हानोस् र त्यसमा आउने परिश्रम कष्टहरूको सामना गरोस् र त्यसमाथि संतोष गरोस्, किनकि हज्ज गर्नु धर्मयुद्ध गर्नुको

एउटा थरी हो जसमा अनिवार्यतया दुःख र कष्ट भोग्नु पर्छ र परिश्रम गर्नुपर्छ, यसर्थ हाजी आफ्नो प्रतिपालकसित डर मानोस् र हज्जका कार्यहरूलाई आफ्नो क्षमता अनुसार उस्तै पूर्ण गरोस् जसरी अल्लाहले सम्पन्न गर्ने आदेश गरेको छ ।

## तवाफे वदाअ् र त्यसमा गरिने त्रुटिहरू

रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ जस्तोकि बुखारी र मुस्लिमको हदीसमा हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भन्नु भयो कि उनीहरूको (हाजीहरूको) मक्काको अन्तिम कार्य बैतुल्लाहको तवाफ गर्नु होस्, तर यसमा रजस्वलामा भएकी महिलाहरूलाई छूट प्रदान गरियो" । र मुस्लिममा निम्नका शब्दद्वारा यो हदीस वर्णित छ किः "मानिसहरू हतार हतार अआफ्ना घरहरूतर्फ फर्क्नुमा लागेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले आदेश गरे कि कोही पनि तब्सम्म नफर्कोस् जबसम्म मक्काको अन्ति कार्य बैतुल्लाहको तवाफ नगरिहालोस्" । र अबू दाऊदले यसरी वर्णन गरेका छन्ः "यहाँसम्म कि त्यसको अन्तिम कार्य बैतुल्लाहको तवाफ होस्" ।

र बुखारी मुस्लिममा हजरत उम्मे सलमाको माध्यमले एउटा हदीस वर्णित छ उहाँको भनाई छ किः "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित आफू विरामी हुनुको बारेमा भनें त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः भीडको पछाडिबाट आफ्नो सवारीमा सवार भएर तवाफ गर, अनि मैले सवारीमाथि सवार भएर तवाफ गरें यस्तो अवस्थामा कि रसूल सल्लल्लाहो अलैहे वसल्लम बैतुल्लाहको निकट नमाज पढिरहेका थिए र नमाजमा वत्तूरे वकिताबिम्मस्तूर... पढिरहेका थिए" । र नेसाईले पनि उम्मे सलमाको माध्यमबाट वर्णन गरेका छन् कि उम्मे सलमाले भन्नु भयोः "हे अल्लाहको रसूल अल्लाहको शपथ मैले तवाफे खुरुज (तवाफे वदाअ्) गरेको छैन, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः जब नमाजको इकामत भनियोस् त तिमी आफ्नो ऊँट्नीमाथि सवार भएर नमाजीहरूको पछाडिबाट तवाफ गरिहाल" । र सही बुखारीमा छ हजरत अनस बिन

मालिक वर्णन गर्नुहुन्छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुहर र अस्र, मग्रिब र इशा पढनु भयो अनि मुहस्सर नामक स्थानमा अलिकति विश्राम गर्नु भयो, अनि आफ्नो सवारीमा सवार भएर बैतुल्लाह आउनु भयो, र तवाफ गर्नु भयो” ।

र बुखारी मुस्लिममा हजरत आइशा रजिअल्लाहो अन्हाको माध्यमले हदीस छ हजरत आइशाको भनाई छ कि: “हजरत सफीयालाई तवाफे इफाजा पश्चात रजस्वला आयो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भने: के त्यो हामीलाई रोक्ने छे ? त भनियो कि उहाँले तवाफे इफजा गरिहाल्नु भएको छ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भने: यसो भए त्यो पनि जान सक्छे” ।

र मुवत्ता इमाम मालिकमा एउटा हदीस छ इब्ने उमर वर्णन गर्छन् कि उमर बिन खत्ताबले भने: “ कोही पनि हज्ज गरेर तबसम्म आफ्नो वतन नजाओस् जबसम्म बैतुल्लाहको तवाफ नगरिहालोस् किनकि हज्जका कार्यहरू मध्ये अन्तिम कार्य बैतुल्लाहको तवाफ गर्नु हो” । र मुवत्तामा नै यो हदीस पनि छ कि: “हजरत उमरले एउटा मान्छेलाई जहरान नामक स्थानबाट तवाफे वदाअ् गर्नुको लागि पुन: मक्का फर्काउनु भयो जसले बिना तवाफ गरिकन् त्यहाँसम्म पुगिसकेको थियो” ।

**मान्छेहरू यसमा जुन त्रुटिहरू गर्छन् ती मध्ये केही निम्न हुन्:**

□ १- मिनाबाट निस्कने दिन केही हाजीहरू पहिला आएर बैतुल्लाहको तवाफ गर्छन् अर्थात विदाईको तवाफ गर्छन् अनि मिना गएर कंकरी हनेर त्यतैबाट आफनो देश फर्कन्छन् । त यस्तो गर्नु जायज छैन किनकि यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश विरुद्ध छ किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि: “मान्छेको अन्तिम कार्य बैतुल्लाहको तवाफ गर्नु होस्” । तर जसले तवाफ गरे पश्चात कंकरी हान्यो त्यसको अन्तिम कार्य कंकरी हान्नु भयो नकि तवाफ गर्नु ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले तबसम्म तवाफे वदाअ् गर्नु भएन जबसम्म हज्जका अरु समस्त कार्यहरूलाई पूर्ण गर्नु भएन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: “मसित आफ्नो हज्ज

गर्ने तरिका सिकिहाल" । र उमर बिन खत्ताब रजिअल्लाहो अन्होको हदीसद्वारा यो प्रष्ट भयो कि तवाफे वदाअ् सबैभन्दा अन्तिम कार्य हो । यसर्थ यदि कसैले पहिला तवाफ गऱ्यो अनि जमरहलाई कंकरी हान्यो भने त्यसको तवाफ मान्य छैन किनकि त्यसलाई त्यसको निर्धारित समयमा गरिएन । त यस्तो गर्ने मान्छेमाथि अनिवार्य छ कि पुनः तवाफ् वदाअ् गरोस्, र यदि त्यसले पुनः तवाफ गरेन भने त्यो त्यस मान्छे सरह भइहाल्छ जसले तवाफलाई छाडेको छ ।

□ २- तवाफे वदाअ् गरे पश्चात मक्कामा बास बस्नु, किनकि यस्तो गर्नाले मान्छेको अन्तिम कार्य तवाफे वदाअ् भएन, र यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश विरुद्ध पनि छ, र उहाँले गरेको कार्य विरुद्ध पनि, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो आदेश गरेका छन् कि हाजीको अन्तिम कार्य बैतुल्लाहको तवाफ गर्नु हो, र त्यो तबसम्म यो तवाफ नगरोस् जबसम्म कि मक्काबाट जाने इच्छा नहोस् ।

र यसरी नै सहाबाहरूले पनि गरेका छन् तर विद्हरूले तवाफ् वदाअ् पश्चात पनि आवश्यकता परेमा बस्नुलाई जायज भनेका छन्, र यसको अनुमति दिएका छन् जबकि त्यो आवश्यकता समयिक होस् जसरी तवाफे वदाअ् गरे पश्चात नमाजको समय भयो वा इकामत भनियो त त्यसले नमाज पढिहाल्यो, वा जनाजा आयो त त्यसको नमाज पढन लाग्यो, वा कुनै यस्तो आवश्यकता जुन त्यसको यात्रासित संलग्न होस् जसरी यात्राको लागि सरसामान किन्नु, साथीहरूको प्रतिक्षा गर्नु.... आदि, त जुन व्यक्ति तवाफे वदाअ् गरे पश्चात अनुमति प्राप्त नभएको कुराहरूलेगर्दा रुक्छ त त्यसलाई पुनः तवाफे वदाअ् गर्नुपर्छ ।

□ ३- तवाफ् वदाअ् गरे पश्चात मस्जिदे हरामबाट पिठ्युँको बल निस्कनु अर्थात आफ्नो अनुहारलाई कअ्बातर्फ गरी पिठ्युँको दिशाबा पछाडितिर चल्दै मस्जिदबाट निस्कनु, र यो गुमान गर्नु कि यसद्वारा कअ्बाको सम्मान गरिन्छ र यस्तो गर्नाले श्रद्धा सुदर्शित हुन्छ । तर यस्तो गर्नु सुन्नतको विरुद्ध छ बरु यो यस्तो बिदअत हो जसबाट बाँच्नुको रसूल सल्लल्लाहो अलैहे वसल्लमले चेतावनी दिएको छन् र यसबाट हामी सबैलाई सचेत गरेका छन् र भनेका छन्: "प्रत्येक

बिदअत पथभ्रष्टता हो" । र बिदअत ती समस्त नौलो अविष्कृत कुराहरूलाई भनिन्छ जुन आस्था वा पूजामा त्यस पद्धति विरुद्ध अविष्कृत गरियोस् जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका सत्यनिष्ठ सहाबाहरू कार्यरत थिए । त यस्तो तरिकाले विठ्युँको बल मस्जिदबाट निस्कने मान्छे के यो गुमान गर्छ कि त्यो कअ्बाको सम्मान रसूल सल्लल्लाहो अलैहे वसल्लमभन्दा अधिक गरिरहेको छ, वा यस भ्रममा छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमलाई यो थाहै थिएन कि यस्तो गर्नाले कअ्बाको सम्मान हुन्छ, नत उहाँका सत्यनिष्ठ सदाचारी साथीहरूलाई नै यसको ज्ञान थियो ? ‼ ।

□ ४- हाजीहरूको तवाफे वदाअ् गरे पश्चात मस्जिदे हरामको ढोकाबाट कअ्बातर्फ बिदाईको दृष्टि हाल्नु, र त्यहाँबाटै बिदा हुनेहरू झैं दुआ गर्नु । त यो पनि बिदअत हो किनकि यस्तो गर्नु नत नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छ नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमका सदाचारी उत्तराधिकारीहरूबाट । तसर्थ जुन कुराद्वारा पनि अल्लाहको पूजा गरियोस् र त्यस्तो गर्नु इस्लामीय विधानबाट प्रमाणित छैन भने त्यो अमान्य र अस्वीकृत छ । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "जसले हाम्रो यस धर्ममा कुनै नौलो कुरो अविस्कृत गऱ्यो जुन त्यसबाट होइन त त्यो अस्वीकृत छ" । अर्थात त्यसलाई गर्ने मान्छेसित त्यसलाई स्वीकार गरिन्न ।

त अल्लाह र अल्लाहको रसूलमाथि आस्था राख्ने मान्छेहरूमाथि यो अनिवार्य छ कि आफ्नो पूजा आराधना गर्नुमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरणकारी होउन् ताकि अल्लाहको प्रेम र दयालाई प्राप्त गरुन् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلْ إِن كُنتُمْ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِى يُحْبِبْكُمُ ٱللَّهُ وَيَغْفِرْ لَكُمْ ذُنُوبَكُمْ ۗ وَٱللَّهُ غَفُورٌ رَّحِيمٌ ﴿٣١﴾ ﴾ آل عمران: ٣١

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम

गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ । ( सूरतु आले इम्रान ३१ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण जसरी उहाँ सल्लल्लाहो अलैहे वसल्लमले गरेको कार्यमा गरिन्छ उस्तै उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यागेका कार्यमा पनि गरियोस् । यसर्थ जहिले पनि यो सिद्ध भइहालोस् कि कुनै कुरा उहाँको युगमा थियो तर त्यसलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भएन त यो यस कुराको प्रमाण हो कि सुन्नत त्यसलाई त्याग्नु नै हो । यसर्थ अल्लाहको धर्ममा नौलो कुरो अविस्कृत गर्नु जायज छैन चाहे त्यसलाई मान्छे प्रिय किन नठानोस् वा त्यो त्यसको हृदयको चाहना किन नहोस् । अल्लाहको फर्मान छः

﴿ وَلَوِ ٱتَّبَعَ ٱلۡحَقُّ أَهۡوَآءَهُمۡ لَفَسَدَتِ ٱلسَّمَٰوَٰتُ وَٱلۡأَرۡضُ وَمَن فِيهِنَّۚ بَلۡ أَتَيۡنَٰهُم بِذِكۡرِهِمۡ ﴾ المؤمنون: ٧١

अर्थ : यदि सत्य, उनीहरूको इच्छाको पछि- पछि हिँड्ने भएको भए समस्त आकाश र धर्ती र जे जति उनीहरूको बीचमा छ, सबैमा विगार उत्पन्न भइहाल्ने थियो । होइन, बरु सत्य यो हो कि हामीले उनीहरूको सामु उनीहरूको (भागको) नसीहत पुऱ्याइदिएका छौं । ( सूरतुल् मुमिनूम ७१ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः “मान्छे तबसम्म आस्थावान हुन्सक्दैन जबसम्म त्यसको हवस र चाहना मैले ल्याएको कुराको अनुशरणकारी नहोस्” ।

र मोरो अल्लाहसित याचना छ कि अल्लाह हामीहरूलाई सोझो मार्गतर्फ मार्गदर्शित गरोस्, र हामीलाई पथप्रदर्शन गरे पश्चात हाम्रो हृदयलाई बाँगो नगरोस्, र हामीलाई आफ्नो तर्फबाट कृपा र दया प्रदान गरोस् त्यो अति प्रदान गर्नेवाला छ ।

# दशौं अध्याय

## मस्जिदे नब्वीको जियारत

मस्जिदे नब्वीको जियारत (दर्शन) वैधानिक र राम्रो कुराहरू मध्ये एक हो, र यो मस्जिद ती तीन मस्जिदहरू मध्ये एक हो जसको जियारत गर्नुको लागि यात्रा गर्न सकिन्छ त्यसमा पूजा आराधना र नमाज पढने उद्देश्यले । बुखारी र मुस्लिममा अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "तीन मस्जिद बाहेक कुनै अरु मस्जिदको यात्रा गर्नु जायज छैनः मस्जिदे हराम, मेरो यो मस्जिद, (मस्जिदे नब्वी) र मस्जिदुल् अक्सा (बैतुल् मुकद्दस)" ।

र आर्को हदीसमा हजरत अबू हुरैरहको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "मेरो यस मस्जिदमा पढिएको नमाज अरु मस्जिदहरूमा पढिएको नमाजभन्दा एक हजार गुना श्रेष्ठ छ मस्जिदे हरम बाहेक" । (यसलाई बुखारी, मुस्लिम, अबू दाऊद, तिर्मिजी, नेसाई, र इब्ने माजाले वर्णन गरेका छन्)

र इमाम अहमदले अब्दुल्लाह बिन उमरको माध्यमले यति वृद्धि वर्णन गरेका छन् किः "र मस्जिदुल् हराममा पढिएको नमाज त्यसबाहेकका मस्जिदहरूमा पढिएको नमाजभन्दा एक लाख गुना श्रेष्ठ छ" ।

र हजरत मैमूना रसूल सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीको भनाई छ कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु किः "मेरो यस मस्जिदमा पढिएको नमाज अरु समस्त मस्जिदहरूमा पढिएको नमाजभन्दा एक हजार गुना श्रेष्ठ छ मस्जिदे कअ्बा बाहेक" । (मुस्लिम)

र अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "मेरो घर र मेरो मिम्बर (काठले बनेको बस्ने वस्तु) बीचको स्थान स्वर्गका बगैचाहरू मध्ये एउटा बगैचा हो, र मेरो यो मिम्बर मेरो हौजमाथि छ" । (बुखारी)

यसर्थ हाजी र हाजी बाहेक समस्त मुसलमानहरूको लागि मस्जिदे नब्वीको जियारत गर्नु र त्यसमा नमाज पढनु सुन्नत हो, चाहे यो

हज्जभन्दा पहिला गरियोस् वा हज्ज पश्चात । र यस जियारतको हज्जसित कुनै संलग्नता छैन नत यो हज्जका शर्तहरू मध्येको हो नत वाजिबात मध्येको वा आधार मध्येको हो, बरु यसको हज्जबाट कुनै संलग्नता र सरोकार छैन ।

त जब मान्छे यस मस्जिदमा प्रवेश गरोस् त आफ्नो दायाँ पाइलालाई अगाडि बढाओस् र भनोस्: “बिस्मिल्लाह, अल्लाहुम्मग्फिरली जुनूबी वफतहली अबवाबा रहमतिका, वअऊजुबिल्लाहिल् अजीम वबेवजहेहिल् करीम, वबेसुल्तानेहिल् कदीम मिनश्शैतानिर्रजीम” । अर्थात: आल्लाहको नामबाट (म प्रवेश गर्दछु), हे अल्लाह मेरा पापहरूलाई क्षमा गरिदेऊ र मेरो लागि आफ्नो दयाको ढोका खोलिदेऊ, र म तिरस्कृत शैतानबाट महान अल्लाहको श्रण र त्यसको प्रताप र आदिय सत्ता सम्राटत्वको श्रण चाहन्छु ।

अनि दुई रकअ्त तहियतुल् मस्जिद (मस्जिद प्रवेशिका) को नमाज पढोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ: “जब तिमी मध्ये कोही मस्जिदमा प्रवेश गरोस् त तबसम्म नबसोस् जबसम्म दुई रकअ्त नपढिहालोस्” । (बुखारी, मुस्लिम)

र बुखारी मुस्लिममा नै कअ्ब बिन मालिक रजिअल्लाहो अन्होद्वारा हदीस वर्णित छ उहाँ भन्नुहुन्छ कि: “र रसूल सल्लल्लाहो अलैहे वसल्लम आउनु भयो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको यो बानी थियो कि जहिले पनि कुनै यात्राबाट फर्केर आउँथे त पहिला मस्जिदतिर जान्थे, अनि दुई रकअ्त नमाज पढथे” । र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: “म रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा एउटा यात्रामा थिएँ, त जब हामी मदीना फर्केर आएँ त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: मस्जिदमा प्रवेश गर र दुई रकअ्त नमाज पढ” । (बुखारी)

र मान्छेलाई चाहियो कि यदि सम्भव होस् त रौजतुल् जन्नहमा नमाज पढोस्, किनकि त्यसको अति श्रेष्ठता वर्णित छ, र यदि त्यहाँ नमाज पढनु सम्भव नहोस् त जता स्थान मिलोस् त्यतै नमाजको आयोजना गरोस्, र यो सामूहिक अनिवार्य नमाजको कुरो भइरहेको छैन बरु नफिली नमाजको कुरो हो । र अनिवार्य सामूहिक नमाज मान्छे

पहिलो पंक्तिमा उभेर पढोस् यदि यस्तो गर्नु सम्भव छ किनकि अनिवार्य नमाजको लागि त्यो सर्वोत्तम स्थान र पंक्ति हो जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "पुरुष मान्छेको लागि सर्वोत्तकृष्ट पंक्ति पहिलो पंक्ति हो"। र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "यदि मान्छेहरूलाई थाहा भइहालोस् कि अजान दिनुमा र पहिलो पंक्तिमा केकस्तो पुण्य छ त यदि त्यसको लागि गोटि हाल्नु बाहेक कुनै विकल्प नभएको भए गोटि पनि हालिहाल्थे"। ( बुखारी, मुस्लिम)

## रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान (कब्र) र उहाँका दुवै साथीहरूको चिहानको जियारत

त जब मान्छे मस्जिदे नब्वीमा पुगे पश्चात जति अल्लाहले चाह्यो त्यति नमाज पढयो, त अब रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान र उहाँका दुवै प्रियतम साथी हजरत अबू बक्र र हजरत उमर रजिअल्लाहो अन्हुमाको चिहानतर्फ उनीहरूमाथि सलाम अर्थात अल्लाहको प्रशान्ति पठाउने उद्देश्यले जाओस्।

□ १- अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान सामुन्ने उभेर चिहानतर्फ अनुहार गरेर किब्लालाई आफ्नो पछाडि गरेर भनोस्: "अस्सलामु अलैका अइयुहन्नबीयु वरहमतुल्लाहे वबरकातुहु"। र यदि यसमा कुनै अरु उत्तम कुरालाई (दुआलाई) पनि थपोस् भने कुनै आपत्ति छैन जसरी भनोस्: "अस्सलामु अलैका या खलीलुल्लाह वअमीनहु अला वह्यिही, वखैरतहु मिन् खल्किही, अश्हदु अन्नका कद् बल्लग्तर्रिसालह, वअदैताल् अमानह, वजाहद्ता फिल्लाहि हक्का जिहादिही"।

अर्थात: अल्लाहको प्रशान्ति अवतरित होस् तपाईमाथि हे अल्लाहका मित्र र त्यसको प्रकाशनाको धरोहरी, र त्यसको सृष्टिहरू मध्ये सर्वोत्तम र मनोनीत सृष्टि, म गवाही दिन्छु कि मौसूफले आमन्त्रणलाई पुर्‍याउनु भयो, र अमानतलाई धरोहरताको साथ पुर्‍याउनु भयो, र उम्मतलाई सद्उपदेश दिनु भयो, र अल्लाहको मार्गमा सकेसम्म संघर्ष गर्नु भयो।

र यदि मान्छे पहिला वर्णन गरिएको सलाममा नै सीमित रहन्छ भने अति राम्रो छ।

र इब्ने उमर जब सलाम भन्थे त यसरी भन्थेः "अस्सलामु अलैका या रसूलल्लाह, अस्सलामु अलैका या अबा बक्र, अस्सलामु अलैका या अबती, (अर्थात हे बुवा) अनि फर्किहाल्थे"।

□ २- अनि अलिकति दायाँ सरोस् ताकि हजरत अबू बक्र रजिअल्लाहो अन्होको चिहानको सामुन्ने भइहालोस्, अनि भनोस्: "अस्सलामु अलैका या अबू बक्र, अस्सलामु अलैका या खलीफतु रसूलिल्लाह फि उम्मतिही, रजिअल्लाहु अन्का वजजाका अन् उम्मति मुहम्मदिन् खैरा"। अर्थात हे अबु बक्र तिमस्माथि अल्लाहको प्रशान्ति अवतरित होस् हे रसूल सल्लल्लाहो अलैहे वसल्लमका उम्मती ( अनुयायी) हरूमा रसूल सल्लल्लाहो अलैहे वसल्लमका उत्तराधिकारी, तपाईमाथि अल्लाहको प्रशान्ति होस्, अल्लाह तपाईसित प्रसन्न भयो र तपाईलाई अल्लाह मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका अनुयायीहरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस्।

□ ३- अनि अलिकति दायाँ सरोस् ताकि हजरत उमर रजिअल्लाहो अन्होको चिहानको सामुन्ने भइहालोस्, अनि भनोस्: "अस्सलामु अलैका या उमर, अस्सलामु अलैका या अमीरुल् मुमिनीन्, रजिअल्लाहु अन्का वजजाका अन् उम्मति मुहम्मदिन् खैरा"। अर्थात हे उमर तिमामाथि अल्लाहको प्रशान्ति अवतरित होस् हे आस्थावानहरूका नायक तपाईमाथि अल्लाहको प्रशान्ति होस्, अल्लाह तपाईसित प्रसन्न भयो र तपाईलाई अल्लाह मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका अनुयायीहरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस्।

र मान्छे पूर्ण प्रतिष्ठा श्रद्धाको साथ मसिनो स्वरमा रसूल सल्लल्लाहो अलैहे वसल्लम र उनका दुवै साथीहरूलाई सलाम भनोस्, किनकि मस्जिदमा स्वरलाई उच्च गर्नु वर्जित छ। यसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमको मस्जिदमा र उहाँको चिहान निकट झन् वर्जित छ। र सही बुखारीमा हजरत साइब बिन यजीदको वर्णन छ किः "म मस्जिदमा उभेको थिएँ वा सुतेको थिएँ अनि मलाई एउटा मान्छेले कंकरीले हान्यो अनि जब हेरें त उहाँ हजरत उमर बिन खत्ताब रजिअल्लाहो अन्हो थिए, अनि उहाँले मसित भनेः त्यो दुवै मानिसहरूलाई म समक्ष ल्याऊ, अनि मैले ती दुवैलाई उहाँ समक्ष

ल्याएर उभियाएँ, त उहाँले दुवैसित भन्नु भयो: तिमी को हौ ? वा तिमी दुवै कहाँका बासी हौ ? त उनीले भने: हामी तायफका बासी हौं, त हजरत उमरले भने: यदि तिमीहरू यस नगरका बासी भएको भए तिमीहरूलाई कोर्रा लगाएर दण्डित गर्ने थिएँ, किनकि तिमीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको मस्जिदमा आफ्नो स्वरलाई उच्च गरिरहेका थियौ" ।

र यो उचित छैन कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको कब्र र उहाँ सल्लल्लाहो अलैहे वसल्लमका दुवै साथीहरूको कब्र निकट लामो समयसम्म उभियोस्, किनकि यस्तो कार्यलाई इमाम मालिक अप्रिय ठानेका छन्, र भनेका छन् कि: यस्तो गर्नु बिदअत हो जसलाई हाम्रा सदाचारी पूर्वजहरूले गरेका छैनन्, र यस उम्मतका पछि आएका मानिसहरूको लागि त्यो नै उत्तम छ जुन यस उम्मतका पहिलाका मानिसहरूको लागि उत्तम थियो । र शैखुल् इस्लाम इब्ने तैमिया रहेमहुल्लाहको भनाई छ कि: इमाम मालिकले मदीनाबासीहरूको लागि यो मनपराएका छैनन् कि जहिले पनि त्यो मस्जिदमा प्रवेश गरोस् रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानसम्म आओस्, किनकि सलफे सालेहीनले (सदाचारी पूर्वजहरूले) यस्तो गरेका छैनन्, बरु उहाँहरू मस्जिदमा आएर हजरत अबू बक्र र हजरत उमर र हजरत उसमान एवं हजरत अली रजिअल्लाहो अन्हुम अजमईनको इमामतमा नमाज पढथे, र उनी आफ्नो नमाजमा भन्थे: अस्सलामु अलैका अइयुहन्नबीयु वरहमतुल्लाहि वबरकातुहु, अनि जब नमाज सम्पन्न गरिहाल्थे त बसिराख्थे वा मस्जिदबाट निस्किहाल्थे, तर रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानसम्म सलाम पठाउनको लागि जाँदैनथे, किनकि नमाजमा उहाँमाथि सलाम पठाउनु त्यहाँ गएर सलाम पठाउनुभन्दा श्रेष्ठ र उत्तम एवं परिपूर्ण हुन्छ । र इमाम मालिक भन्छन् कि: सहाबाहरू सबैभन्दा सर्वोत्कृष्ट र राम्रो युगका मानिसहरू थिए, र उनीहरू सुन्नतको समस्त उम्मतभन्दा अधिक ज्ञानी र जान्नेवाला थिए, र सबैभन्दा अधिक रसूल सल्लल्लाहो अलैहे वसल्लमका आदेशहरूको पालना गर्नेवाला थिए, र म भन्दछु कि उनीहरू सबैभन्दा अधिक रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सम्मान दिनेवाला र प्रेम गर्नेवाला थिए,

तर तिनीहरू जब मस्जिदमा प्रवेश गर्थे त तिनीमध्ये एक मानिस पनि उहाँको चिहानछेउ जान्दैन्थ्यो नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कोठाभित्र नै पस्थ्यो जबकि उहाँहरूको समयमा त्यस कोठाको ढोका पनि थियो जसद्वारा प्रवेश गरिन्थ्यो, अनि पछि आएर एउटा आर्को पर्खालद्वारा बन्द गरियो, त उनीहरू त्यसमा प्रवेश गरिने सामर्थ्य राखे पनि त्यहाँ प्रवेश गर्दैन्थे नत सलामको लागि नत दरुदको लागि, नत आफ्नो लागि दुआ गर्नुको लागि नत कुनै हदीसको बारेमा वा कुनै ज्ञानको बारेमा सोध्नुको लागि । नत सहाबाहरू आफ्ना मतभेदहरूको बारेमा नै उहाँसित सोध्थे, नत शैतानले उनीहरूमा यो लालसा नै सृजित गर्नसक्यो कि मुहम्मदबाट वर्षाको याचना गर, वा तिनीहरूको सहायताको याचना गर वा तिनीहरूको लागि क्षमायाचनाको माँग गर उस्तै जसरी कि उनीहरूको लागि आफ्नो जीवनकालमा वर्षा गराउने याचनाको अनुरोध गर्थे । र अगाडि भन्नुहुन्छ कि: जब सहाबाहरूमध्ये कोही आफ्नो लागि दुआ गर्ने इच्छुक हुन्थ्यो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको मस्जिदमा आएर किब्लातर्फ अनुहार गरेर त्यस्तै दुआ र याचना गर्थ्यो जसरी उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा याचना गर्थ्यो, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहान निकट गएर दुआ गर्दैन्थे, नत सहाबाहरूमध्ये कोही पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहान भएको कोठामा नै प्रवेश गर्थे । र अगाडि भन्छन् कि: जब उनीहरू यात्रागरेर खुलफासंग मिल्ने उद्देश्यले आउँथे त मस्जिदमा प्रवेश गर्दा र निस्कदा उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि सलाम पठाउँथे, र नमाज पढदा उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि सलाम पठाउँथे, तर उहाँको चिहान निकट आउँदैन्थे, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई यस कार्यलाई गर्ने आदेश गरेका थिएनन् । तर इब्ने उमर रजिअल्लाहो अन्हो जब कुनै यात्राबाट आउँथे त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहान निकट आउँथे र उहाँलाई सलाम गर्थे, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमका दुवै साथीहरूलाई सलाम पठाउँथे, र हजरत इब्ने उमर बाहेक केही अरु सहाबीहरूबाट यस्तो गर्नुको सम्भावना त छ तर अधिकांश सहाबीहरू यस्तो गर्दैन्थे ।

र मान्छेलाई चाहियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहानको पर्खाललाई स्पर्श नगरोस् नत त्यसलाई चुमोस्, किनकि यदि यसलाई त्यसले पूजा बुझेर गऱ्यो चाहे रसूल सल्लल्लाहो अलैहे वसल्लमको सम्मान गर्ने उद्देश्यले किन नगरेको होस् तै पनि यस्तो गर्नु बिदअत र पथभ्रष्टता हो, किनकि हजरत इब्ने अब्बासले हजरत मुआवियाले कअ्बाका ती दुवै कुना जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्पर्श गरेका थिएनन् त्यसलाई स्पर्शगर्दा त्यसमा टिप्पणी गरेका थिए र त्यसलाई अमान्य र अस्वीकृत भनेका थिए, जबकि कअ्बाका आर्का दुवै कुनाहरूलाई (हज्रे अस्वद, रुक्ने यमानी) स्पर्श गरिन्छ, किनकि आर्का दुवै कुनालाई स्पर्श गर्नुमाथि कुनै प्रमाण छैन । यसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमको कोठाको पर्खाललाई स्पर्श गर्नुमा उहाँको सम्मान हुँदैन जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको निधन पश्चात केही युगहरूको अन्तराल पश्चात तयार गरिएको छ, बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सम्मान उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित प्रेम गर्नुमा र उहाँको अनुयायीहरूको सम्मान गर्नुमा नै छ, र उहाँले ल्याएको धर्ममा कुनै नौलो कुरोलाई अविस्कृत गर्नुबाट पन्छिनुमा छ जसलाई उहाँले वैध गरेका छैनन्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ قُلۡ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ وَيَغۡفِرۡ لَكُمۡ ذُنُوبَكُمۡۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٞ ٣١ ﴾ آل عمران: ٣١

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ । ( सूरतु आले इम्रान ३१ )

र यदि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहानको पर्खाललाई निरुद्देश्य स्पर्श गरिन्छ वा भवनालेगर्दा स्पर्श गरिन्छ, त यो पनि मुर्खता र पथभ्रष्टता हो जसको कुनै लाभ छैन बरु यस्तो गर्नाले अनभिज्ञहरू धोका खाएर त्यस्तै गर्नथाल्छन् ।

र यस्तै मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई हानि हटाउनु र लाभ पुऱ्याउनुको लागि नपुकारोस्, किनकि यस्तो गर्नु शिर्क हो अल्लाहको फर्मान छः

﴿ وَقَالَ رَبُّكُمُ ٱدۡعُونِيٓ أَسۡتَجِبۡ لَكُمۡۚ إِنَّ ٱلَّذِينَ يَسۡتَكۡبِرُونَ عَنۡ عِبَادَتِي سَيَدۡخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ٦٠ ﴾ غافر: ٦٠

अर्थ : र तिम्रो पालनकर्ताको आदेश छ कि "तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु । जुन मानिसहरू मेरो उपासनाबाट घमण्डले अहंकार गर्छन्, अति शीघ्र नर्कमा तिरस्कृत भई प्रवेश गर्नेछन् । ( सूरतु गाफिर ६० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَأَنَّ ٱلۡمَسَٰجِدَ لِلَّهِ فَلَا تَدۡعُواْ مَعَ ٱللَّهِ أَحَدٗا ١٨ ﴾ الجن: ١٨

अर्थ : र मस्जिदहरू अल्लाहकै लागि मात्र हुन्, तसर्थ यसमा अल्लाहसँग कुसै अरुलाई नगुहार । ( सूरतुल् जिन्न १८ )

र अल्लाहले आफ्नो सन्देष्टालाई यो आदेश गरेका छन् कि आफ्नो अनुयायीहरूलाई यो खबर दिइहालुन् कि उनी स्वयम् आफ्नो जीउको लाभ हानिकको अधिकारी छैनन्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ قُل لَّآ أَمۡلِكُ لِنَفۡسِي نَفۡعٗا وَلَا ضَرًّا إِلَّا مَا شَآءَ ٱللَّهُۚ ﴾ الأعراف: ١٨٨

अर्थ : भनिदिनुस्: मसंग आफ्नो निम्ति पनि कुनै लाभको अधिकार छैन, र न कुनै हानिको, तर त्यति मात्र जति अल्लाहले चाहेको हुन्छ । ( सूरतुल् अअ्राफ १८८ )

त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो लागि पनि नफा हानिमाथि सामर्थ्यवान हुनुहुँदैन त अरुलाई कसरी हानि एवं लाभ पुऱ्याउन सक्छन्, र यसै कारण अल्लाहले उहाँलाई यो आदेश गरेका थिए कि आफ्ना अनुयायीहरूमा यो एलानर घोषणा गरिहालुन् कि उनी आफ्नो लागि पनि हानि लाभका अधिकारी छैनन् जस्तोकि अल्लाहले यस कथनमा स्पष्ट पारेका छन्:

﴿ قُل لَّآ أَمۡلِكُ لِنَفۡسِي نَفۡعٗا وَلَا ضَرًّا إِلَّا مَا شَآءَ ٱللَّهُۚ ﴾ الأعراف: ١٨٨

अर्थ : भनिदिनुस्: मसंग आफ्नो निम्ति पनि कुनै लाभको अधिकार छैन, र न कुनै हानिको, तर त्यति मात्र जति अल्लाहले चाहेको हुन्छ। ( सूरतुल् अअ्राफ १८८ )

र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "जब यो श्लोक अवतरित भयो: ( ﴿ وَأَنذِرۡ عَشِيرَتَكَ ٱلۡأَقۡرَبِينَ ﴾) त रसूल सल्लल्लाहो अलैहे वसल्लम उभे, अनि भने: हे मेरो प्रिय छोरी फातिमा !, हे सफीया बिन्ते अब्दुल मुत्तलिब !, हे अब्दुल् मुत्तलिबका सन्ततिहरू ! म तिमीहरूको बारेमा अल्लाह समक्ष कुनै कुराको अधिकारी छैन, तर मेरो यस मालबाट जति चाह माँगिहाल म तिमीहरूलाई दिइहाल्छु"। ( मुस्लिम)

र यस्तै मान्छेलाई चाहियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित यो अनुरोध नगरोस् कि मेरो लागि दुआ गरिदिनुस् वा क्षमायाचना गरिदिनुस्, किनकि यी कार्यहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमको निधन पश्चात समाप्त भए, जस्तोकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कथन छ: "जब आदमको सन्तानको मृत्यु भइहाल्छ त त्यसका समस्त कार्यका स्रोतहरू समाप्त भइहाल्छन्" । र रह्यो अल्लाहको यो कथन:

﴿ وَلَوۡ أَنَّهُمۡ إِذ ظَّلَمُوٓاْ أَنفُسَهُمۡ جَآءُوكَ فَٱسۡتَغۡفَرُواْ ٱللَّهَ وَٱسۡتَغۡفَرَ لَهُمُ ٱلرَّسُولُ لَوَجَدُواْ ٱللَّهَ تَوَّابٗا رَّحِيمٗا ٦٤ ﴾ النساء: ٦٤

अर्थ : तिनीहरूले जब आफूप्रति नै अन्याय गरिरहेका थिए, तपाईतिर आएर पश्चाताप गरेको भए र अल्लाहसँग क्षमायाचना गरेको भए र रसूलले पनि तिनीहरूको निम्ति माफीको याचना गरेको भए, अल्लाहलाई क्षमादाता र अत्यन्त दयालु पाउने थिए। ( सूरतुन्निसा ६४ )

त यो कुरो उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालको कुरो हो, र यसमा यसकुराको कुनै प्रमाण छैन कि उहाँको निधन पश्चात उहाँसित क्षमायाचनाको अनुरोध गरियोस्, किनकि अल्लाहले भनेको छः

( إِذ ظَّـلَمُوٓاْ ) र यो भनेको छैन ( إذا ظَّـلَمُوٓاْ) किनकि ( إِذ ) विगतको लागि प्रयोग गरिन्छ नाकि भविष्यको लागि । त यो ती मानिसहरूमाथि मात्र प्रमाणित हुन्छ जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा थिए, नकि त्यसभन्दा पछि आएकाहरूको लागि । त यसै प्रकारले रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान र उहाँका दुवै साथीहरूको चिहानको जियारत गर्नु वैधानिक हो, र उहाँहरूमाथि सलाम पठाउने सही तरिका हो ।

र यस्तै मान्छेलाई यो पनि उत्तम छ कि बकीअ् कब्रस्तानको पनि जियारत गरोस्, अनि त्यसमा भएका सहाबीहरू र ताब्ईनहरू... लाई पनि सलाम भनोस्, जसरी कि हजरत उसमान रजिअल्लाहो अन्होको चिहान निकट उभेर भनोस्: “अस्सलामु अलैका या अमीरुल् मुमिनीन्, रजिअल्लाहु अन्का वजजाका अन् उम्मति मुहम्मदिन् खैरा” । र जब कब्रस्तानमा प्रवेश गरोस् त त्यो दुआ पढोस् जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो अनुयायीहरूलाई सिकाएका छन्, जस्तोकि सही मुस्लिममा हजरत बुरैदहको माध्यमले हदीस वर्णित छ उहाँ भन्नुहुन्छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई सिकाउँथे कि जब तिनीहरू कब्रस्तानतर्फ जाउन् त यो भनुन्: अस्सलामु अलैकुम अहलद्दियारि मिनल् मुमिनीना वल् मुस्लिमीन्, नस्अलुल्लाहा लना वलकुमुल् आफीयह” । अर्थात: अल्लाहको प्रशान्ति अवतरित होस् तिमीहरूमाथि हे आस्थावान र मुसलमानहरूको समूह, र हामी पनि (एकपछि आर्को) तिमीहरूसित आएर मिल्ने छौं, र हामी अल्लाहसित आफ्नो र तिमीहरूको लागि क्षमायाचना गर्दछौं ।

र सही मुस्लिममा नै हजरत आइशाको माध्यमले एउटा हदीस वर्णित छ उहाँको भनाई छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम रात्रीको अन्तिम भागमा बकीअ् कब्रस्तानतिर निस्कन्थे, अनि भन्थे: अल्लाहको प्रशान्ति अवतरित होस् तिमी आस्थावान समूहहरूमाथि, र तिमीसित जुन बाचा गरिएको थियो त्यो शीघ्र नै आयो, र हामी पनि

तिमीहरूसित भेट्ने नै छौं, र हे अल्लाह बकीअ् गरकदमा भएका समस्त मानिसहरूलाई क्षमा गरिदेऊ" ।

र यदि मान्छे चाहोस् त उहुदको पनि जियारत गरोस् र उहुद युद्धमा शहीद भएका मानिसहरूको कब्रको पनि जियारत गरोस्, अनि उनीमाथि पनि अल्लाहको प्रशान्ति पठाओस्, र उनीहरूको लागि पनि दुआ गरोस्, र त्यहाँ भएको युद्ध र त्यसमा भएका रहस्यात्मक कुराहरूको सम्झना गरोस्, त मान्छे यदि यस्तो गर्छ भने अति उत्तम हुन्छ ।

र यो पनि उत्तम कुरो हो कि मान्छे मस्जिदे कुबातिर पनि जाओस् अनि त्यहाँ नमाज पढोस्, किनकि अल्लाहको फर्मान छः

﴿ لَا تَقُمۡ فِيهِ أَبَدٗاۚ لَّمَسۡجِدٌ أُسِّسَ عَلَى ٱلتَّقۡوَىٰ مِنۡ أَوَّلِ يَوۡمٍ أَحَقُّ أَن تَقُومَ فِيهِۚ ﴾ التوبة: ١٠٨

अर्थ : तपाईं त्यस (मस्जिद)मा कहिले पनि न उभिनु । त्यस बाहेक जुन मस्जिदको जग नै प्रारम्भदेखि अल्लाहको भक्तिमा आधारित छ, त्यो यस योग्य छ कि तपाईं त्यसमा गएर उभिनुस् । ( सूरतुत्तौबा १०८ )

र बुखारीमा हजरत अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्होको वर्णन छ किः " नबी सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक शनीवार पैदल वा सवारीमा सवार भएर मस्जिदे कुबामा आउँथे" । र यस्तै इब्ने उमर पनि गर्थे । र आर्को हदीसमा छ किः "अनि त्यसमा (मस्जिदे कुबामा) दुई रकअ्त नमाज पढथे" । र नेसाईले सहल बिन हनीफको माध्यमले एउटा हदीस वर्णन गरेका छन् सहल भन्छन् किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः जुन निस्क्यो यहाँसम्म कि मस्जिदे कुबा पुग्यो अनि त्यसमा नमाज पढ्यो त त्यसलाई एक उमरा बराबरको पुण्य मिल्छ" ।

र जब मान्छे आफ्नो देश गइहालोस् र पुनः यता आओस् त भनोस्ः "आइबूना ताइबूना आबिदूना लेरब्बिना हामिदून" । अर्थात हामी पुनः आइरहेका छौं यस्तो अवस्थामा कि हामी अल्लाहसित क्षमायाचना गरिरहेका छौं आफ्नो प्रतिपालकको पूजा गर्दै र त्यसको कृतज्ञता प्रकट

गर्दै । र यस्तै भनिराखोस् यहाँसम्म कि यस्तो पावन नगरसम्म पगिहालोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम यस्तै गर्थे ।

र हाजीहरूलाई चाहियो कि अल्लाहको अति कृतज्ञता प्रकट गरुन् किनकि त्यसले नै उनीलाई यस्तो पावन नगरमा आउने र हज्ज एवं उमरा सम्पन्न गर्ने र मदीनाको जियारत गर्ने सुअवसर प्रदान गऱ्यो। त त्यो अल्लाहको कृतज्ञता प्रकट गरोस् र त्यसले अनिवार्य गरेका कार्यहरूलाई दृढता पूर्वक गरोस् र अल्लाह र अल्लाहका रसूलले गरेका आदेशहरूको पालना गरोस्, यसर्थ जसलाई गर्ने आदेश गरेका छन् त्यसलाई गरोस् र जसबाट रोकेका छन् त्यसबाट रुकिहालोस्, ताकि अल्लाहका सदाचारी शान्ति प्राप्त मित्रहरू मध्येको भइहालोस्, जस्तो कि अल्लाहको फर्मान छ:

﴿أَلَآ إِنَّ أَوْلِيَآءَ ٱللَّهِ لَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُونَ ﴿٦٢﴾﴾ يونس: ٦٢

अर्थ : सुनिराखः कि अल्लाहका मित्रहरूलाई न कुनै भय-त्रास हुनेछ र नत तिनीहरू दु:खी हुनेछन् । ( सूरतु यूनुस ६२ )

र समस्त प्रकारको प्रशंसा अल्लाहकै लागि छन् जुन समस्त संसारको प्रतिपालक हो, र प्रशान्ति अवतरित होस् हाम्रा प्रियतम सन्देष्टा मुहम्मदमाथि र उहाँका घरपरिवार र समस्त साथी एवं अनुयायीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको अनुशरण गर्नेछन् ।

# हज्जका समस्याहरूबारे केही प्रश्न उत्तर

**प्रश्नः १-** एउटी महिला छे जसलाई तवाफे इफाजा गर्नुभन्दा अघि नै रजस्वला आयो, र त्यो महिला सउदी बाहिरको बासी हो, र त्यसको देश फर्कने समय आइसकेको छ र त्यो त्यसमा विलम्ब पनि गर्न सक्दैन, र सउदी पुनः फर्केर आउने सम्भावना पनि छैन, त त्यसको बारेमा के हुकुम छ ?

**उत्तरः १-** यदि समस्या उस्तै छ जसरी वर्णन गरियो कि महिलालाई तवाफे इफाजा गर्नुभन्दा अघि नै रजस्वला आयो, र नत त्यो मक्कामा रुक्न सक्छे नत पुनः आउन सक्छे, त यस्तो अवस्थामा त्यो निम्नका दुई मध्ये एक कुरा गर्न सक्छेः

**पहिलोः** योकि त्यो यस्तो औसधी वा सुईको प्रयोग गरोस् जसलेगर्दा रजस्वलाको रगत रुकोस्, अनि त्यो तवाफे इफाजा गरोस् ।

**दोस्रोः** योकि त्यो यस्तो तरिकाले लंगोट कसेर तवाफ गरोस् कि मस्जिदमा रजस्वलाको रगत नगिरोस् । र यो दोस्रो तरिका अपनाउनु नै सही छ किनकि यसैलाई शैखुल् इस्लाम इब्ने तैमियाले पनि रोजेका छन् । यसर्थ यसको विरुद्ध कुनै कुरा गर्नुमा दुई कुरा आइपर्छन्ः याता त्यो आफ्नो एहराममा बाँकी रहोस् अर्थात आफ्नो स्वामीको लागि हलाल नहोस् अर्थात त्यसको स्वामी त्यससित सम्भोग नगरोस् । वा त्यसलाई मुहस्सरह (बाधित) को हुकुममा राखियोस् अनि त्यो आफ्नो बलिको जनावरलाई बलि गरोस् , तर यस अवस्थामा त्यसको यो हज्ज त्यसको लागि हुँदैन । त प्रष्ट यो भयो कि यी दुवै कुराहरू असम्भव र कष्टकर छन्, तसर्थ यस समस्यामा सही र सर्वमान्य कुरा त्यो नै हो जसलाई शैखुल् इस्लाम इब्ने तैमियाले भनेका छन् किनकि यहाँ यस्तो आवश्यकताको कारण गरिन्छ, र अल्लाहको फर्मान छः

﴿ وَمَا جَعَلَ عَلَيۡكُمۡ فِي ٱلدِّينِ مِنۡ حَرَجٖ ﴾ الحج: ٧٨

अर्थ : र धर्मको कुरामा तिमीमाथि कुनै कुरा संकुचित पारेको छैन । ( सूरतुल् हज्ज ७८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ ﴾ البقرة: ١٨٥

अर्थ : अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता र असुविधा चाहदैन । ( सूरतुल् बकर: १८५ )

तर यदि अवस्था यस्तो होस् कि महिला आफ्नो देश फर्के पश्चात पुन: मक्का आउन सकोस् भने त्यो महिला आफ्नो देश जाओस् र पवित्र भए पश्चात मक्का आएर तवाफे इफाजा गरोस् । तर यस अवधिमा त्यसको लोग्ने त्यससित सम्भोग गर्न सक्दैन किनकि त्यो अहिलेसम्म एहराममा नै छे पूर्ण तरिकाले एहरामका बन्देजहरूबाट मुक्त भएकै छैन ।

**प्रश्न: २-** एउटा हाजी सउदी बाहिरको छ जसलाई यात्राका कुराहरूबारे अधिक ज्ञान छैन जसरी बुकिंग गराउनु टिकट किन्नु .... आदि, अनि त्यसले आफ्नो देशमा टिकट विक्रेतासित सोध्यो कि के १३/१२/१४०५ हिज्रीको दिन अस्रको समयको बुकिंग गर्न सकिन्छ ? त त्यससित भनियो सम्भव छ, अनि त्यसले त्यसै समयको बुकिंग गऱ्यो । त के त्यसको लागि यो जायज छ कि १३ तारिखको दिन बिहानै कंकरी हानेर मिनाबाट जाओस् ? र यो याद रहोस् कि यदि त्यसले सूर्य ढल्के पश्चात कंकरी हान्छ भने यात्रा गर्न सक्दैन र त्यसलाई ठूलो कष्ट भोग्नु पर्नेछ, र यस्तोगर्दा हाकिमको विरोध पनि भइहाल्छ ।

**उत्तर: २-** त्यसलाई सूर्य ढल्किनुभन्दा अघि कंकरी हान्नु जायज छैन, बरु यस्तो अवस्थामा यो भन्न सकिन्छ कि तिमी कंकरी नहानिकन् त्यसको सट्टामा एउटा बाख्रा जब्ह गरेर मक्काका गरिबहरूमा वितरण गरि देऊ वा कसैलाई पैसा दिएर यस्तो गर्ने भनिदेऊ, र स्वयम् तवाफे वदाअ् गरेर यात्रा गरिहाल । र रह्यो तपाईको यो कथन कि तपाई सूर्य नढल्केसम्म कंकरी मार्नुलाई अशुद्ध भन्नुहुन्छ तर केही मानिसहरू यसलाई जायज पनि भन्छन् हैनर ? त यसको उत्तर यो हो कि: हो केही मानिसहरू सूर्य ढल्क्नुभन्दा अघि पनि कंकरी हान्नुलाई जायज भनेका छन्, तर यो कथन सही छैन, सही कुरो यो नै हो कि सूर्य ढल्के पश्चात नै कंकरी हानियोस् र त्यसभन्दा पहिला कंकरी हान्नु जायज छैन किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ: "मसित हज्ज गर्ने तरिका सिकिहाल" । र रसूल सल्लल्लाहो अलैहे

वसल्लमले सूर्य ढले पश्चात नै कंकरी हान्नु भएको छ । त यदि कुनै भन्नेवाला यो भनोस् कि यो मात्र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कार्य हो जुन अनिवार्यतामाथि प्रमाणीकरण गर्दैन । त हामी भन्छौं कि तपाईको कुरो सही छ कि यो मात्र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कार्य हो जुन वाजिब हुनुमाथि प्रमाणीकरण गर्दैन किनकि नत रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूर्य नढल्क्नुभन्दा अघि कंकरी हान्नुबाट मनाही गरेका छन् नत सूर्य ढल्के पश्चात कंकरी हान्नुको आदेश गरेका छन्, त मात्र उहाँको यो कार्य अनिवार्य भएन किनकि अनिवार्य त्यसलाई भनिन्छ जसमा केही गर्ने नगर्नेहेतु आदेश होस् ।

तर यो कार्य वाजिब र अनिवार्य छ किनकि (करीना) त्यस समयको अवस्था यसैमाथि प्रमाणीकरण गर्छ । किनकि यदि सूर्य ढल्नुभन्दा अघि नै कंकरी हान्नु जायज हुन्थ्यो भने रसूल सल्लल्लाहो अलैहे वसल्लम यसलाई सूर्य ढल्के पश्चातसम्मको लागि किन अवलम्बित गर्थे, र यदि सूर्य ढल्नुभन्दा अघि जायज हुन्थ्यो भने रसूल सल्लल्लाहो अलैहे वसल्लम यसलाई अवश्य गर्थे किनकि यस्तो गर्नुमा सरलता र सहजता पाइन्छ र यो अरु भक्तहरूको लागि पनि अति सुसाध्य छ, र रसूल सल्लल्लाहो अलैहे वसल्लम सदैंव सरल कुरालाई नै अख्तियार गर्थे यदि त्यसमा कुनै पापको कुरो हुदैन्थ्यो । त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सरल कुरालाई अख्तियार गर्नु भएन अर्थात सूर्य ढल्क्नुभन्दा अघि नै कंकरी हान्ने कार्यलाई गर्नु भएन, त यसको यो निष्कर्ष निस्कन्छ कि यस्तो गर्नु पाप छ, र सूर्य ढल्के पश्चात कंकरी हन्नु अनिवार्य छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम सूर्य ढल्के पश्चात तुरुन्तै कंकरी हान्थे, अनि जुहरको नमाज पढ्थे । त यसबाट पनि यो स्पष्ट हुन्छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम सूर्य ढल्क्नुको प्रतिक्षामा हुनुहन्थ्यो ताकि सूर्य ढल्के पश्चात कंकरी हानुन् अनि जुहरको नमाज पढुन्, र यसै कारण जुहरको नमाजलाई अलि निलम्बित गरिदिन्थे जबकि त्यसलाई त्यसको आरम्भिक समयमा पढनु नै श्रेष्ठ छ । र यी समस्त मात्र यसकारण गर्थे ताकि सूर्य ढल्के पश्चात कंकरी हानुन् त यी समस्त कुरा त्यसको अनिवार्य हुनुमा प्रमाणीकरण गर्छन् ।

**प्रश्नः ३-** कुनै मानिसले यो सुनेको थियो कि तवाफभन्दा अघि नै सई गर्न सकिन्छ र यस्तो गर्नु जायज छ अनि त्यसले सई गरिहाल्यो र १२ तारिखको दिन तवाफ गऱ्यो, अनि त्यससित भन्यो कि यस्तो गर्नु मात्र कुर्बानीको दिनको लागि विशिष्ट छ, त अब त्यसको बारेमा के हुकुम ?

**उत्तरः ३-** सही कुरो यो हो कि कुर्बानीको दिन र त्यस बाहेक अरु दिनहरूमा तवाफभन्दा अघि नै सई गर्नुमा कुनै भिन्नता छैन अर्थात दुवै अवस्थामा यस्तो गर्नु जायज छ, र यदि यस्तो कुर्बानी पश्चात पनि गरियोस् भने कुनै आपत्ति छैन, किनकि हदीसमा छः "एउटा मान्छेले नबी सल्लल्लाहो अलैहे वसल्लमसित भन्योः मैले तवाफ गर्नुभन्दा अघि नै सई गरें ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः कुनै आपत्ति छैन"। त हदीस समस्त अवस्थाहरूको लागि समान छ यसर्थ यसमा कुनै विभेद छैन कि त्यो कुर्बानीको दिन गरिएको होस् वा कुनै अरु दिनमा।

**प्रश्नः ४-** यस्तो मान्छे जसमाथि सई पनि छ, यदि त्यसले तवाफ गरे पश्चात मस्जिदबाट निस्केर गयो, अनि पाँच दिन पश्चात त्यसलाई खबर दिइयो कि त्यसमाथि सई गर्नु पनि अनिवार्य छ, त के त्यसको लागि यो जायज छ कि पुनः तवाफ नगरिकन् मात्र सई गरोस् ?

**उत्तरः ४-** यदि कुनै मान्छेले यस सिद्धान्तको साथ तवाफ गऱ्यो कि त्यसमाथि सई नै छैन अनि केही दिन पश्चात त्यसलाई खबर दिइयो कि त्यसमाथि सई पनि छ, त त्यो मात्र सई गरोस् र पुनः तवाफ गर्नुको आवश्यकता छैन, किनकि दुवैमा (तवाफ सईमा) क्रमबद्धता जरुरी छैन। बरु यदि कुनै मान्छेले सईलाई जानिजानि तवाफबाट अवलम्बित गरोस् भने यसमा पनि कुनै आपत्ति छैन, तर श्रेष्ठ यो नै छ कि तवाफ पश्चात तुरुन्तै सई पनि गरोस्।

**प्रश्नः ५-** एउटा हाजी हज्जे तमत्तुअ्को नीयतले आयो अनि तवाफ सई गरेर आफ्नो सामान्य लुगा लगायो र कपाललाई नत खौरायो नत कटायो, अनि जब हज्ज गरे पश्चात यसबारेमा सोध्यो त त्यसलाई खबर गरियो कि त्यसले गल्ती गरेको छ। त अब त्यो के गरोस जबकि

हज्जको समय सिद्धिसकेको छ र उमराको समय आरम्भ भइसकेको छ ?

**उत्तरः ५-** यस मान्छेले उमराको वाजिबातमध्ये एक वाजिबलाई छाडेको छ, त त्यसमाथि विद्हरूको कथन बमोजिम फिदिया छ, त्यो एक बाखा जब्ह गरेर मक्काका दरिद्रहरूमा वितरण गरोस् र त्यसको हज्जे तमत्तुअ् सही भइहाल्छ ।

**प्रश्नः ६-** उमरामा कपाललाई खौराउनु वा कटाउनुको के हुकुम छ ?

**उत्तरः ६-** उमरामा कपाल काट्नु अथावा त्यसलाई खौराउनु वाजिब (अनिवार्य) छ, किनकि जब नबी सल्लल्लाहो अलैहे वसल्लम अन्तिम हज्जको मौकामा मक्का आएका थिए, र तवाफ र सई गरिहालेका थिए, त समस्त ती मानिसहरूलाई जुन आफ्नो साथमा बलिको जनावर ल्याएका थिएनन् तिनीलाई यो आदेश गरेका थिए कि आफ्नो कपाललाई काटेर हलाल भइहालुन् । तसर्थ आदेश गर्नुको अर्थ वास्तवमा अनिवार्य गर्नु नै हो, र यसमाथि यो कुरा पनि प्रमाणीकरण गर्छ कि जब सुलह हुदैबीयाको मौकामा मुसलमानहरू काफिरहरूद्वारा बाधित गरिए त रसूल सल्लल्लाहो अलैहे वसल्लमले कपाल खौराउने आदेश गरे, र जब मानिसहरूले यसमा सुस्ती गरेका थिए त उहाँ सल्लल्लाहो अलैहे वसल्लम क्रोधित पनि भएका थिए । र रह्यो यो कुरो कि उमरामा कपाल काट्नु श्रेष्ठ छ वा खौराउनु ? त त्यो हज्जे तमत्तुअ् गर्ने मान्छे बाहेक जुन मक्का विलम्बले पुगेको छ सबैको लागि कपाललाई खौराउनु नै श्रेष्ठ छ, र विलम्बले आएको हज्जे तमत्तुअ् गर्ने मान्छेमाथि यस्तो अवस्थामा कपाल कटाउनु श्रेष्ठ छ ताकि हज्जमा कपाल खौराउन सकोस् ।

**प्रश्नः ७-** एउटा हाजीले पूर्वि दिशाबाट ठूलो जमरहलाई कंकरी हान्यो तर त्यसको कंकरी त्यस गोल हौजमा गिरेन जुन जमरहको वरिपरि बनाइएको छ त त्यो के गरोस् अब त्यो १३ तारिखको दिनमा छ त के त्यो तश्रीकको दिनमा त्यसलाई पुनः कंकरी हानोस् ?

**उत्तरः ७-** त्यसलाई सबै जमरहलाई हानिएको कंकरीलाई पुनः हान्नु पर्दैन, बरु जसलाई हान्नुमा गल्ती गरेको छ त्यसैलाई मात्र पुनः

हान्नुपर्छ । यसर्थ त्यो ठूलो जमरहलाई पुनः राम्ररी कंकरी हानोस्, र जुन त्यसले पहिला कंकरी हानेको थियो त्यो प्रयाप्त छैन, किनकि त्यसमा गल्ती गरेको थियो, र जहिले पनि पूर्वि तर्फबाट कंकरी हानिन्छ त्यो कंकरी हौजमा खस्दैन, यसर्थ यदि पूर्वि दिशाको पुलमा चढेर कंकरी हानिन्छ भने कंकरी हौजमा नै खस्छ र यो कार्य पूर्णतया सम्पन्न भइहाल्छ ।

**प्रश्नः ८-** ठूलो जमरहलाई कंकरी हान्ने समय कब सिद्धिन्छ, र कब त्यसको कजा गर्ने समय सिद्धिन्छ ?

**उत्तरः ८-** ठूलो जमरहलाई कंकरी हान्ने समयः कम्जोरहरूको लागि कुर्बानीको दिनको मध्य रात्रीबाट आरम्भ हुन्छ, र सबैको लागि त्यसको अन्तिम समय हो ११ जिल्हिज्जाको फज्र उदय हुनुसम्म । र रह्यो तश्रीकका दिनहरूमा त्यसलाई कंकरी हान्ने समय त यसको समय पनि उस्तै छ जसरी अरु दुई जमरहहरूको समय छ जुन सूर्य ढल्के पश्चात आरम्भ हुन्छ, र त्यस दिन पश्चात आउनेवाला रात्रीको फज्र उदय नहुन्जेल रहन्छ । तर १३ तारिखको दिन रात्रीमा कंकरी हान्नु मिल्दैन किनकि तश्रीकका दिनहरू १३ तारिखको सूर्य अस्ताए पश्चात नै समाप्त भइहाल्छन् ।

र कंकरी हान्नु दिनको समयमा श्रेष्ठ छ, तर यदि दिनमा हूल र भीडको कारण मान्छे आफ्नो जीउलाई नष्ट हुने भयले वा धेरै कष्ट पुग्ने भयले दिनमा कंकरी नहानिकन् रात्रीमा कंकरी हान्छ भने कुनै दोष छैन । बरु यदि मान्छेले बिना कारण र भय रात्रीमा कंकरी हान्छ तै पनि कुनै आपत्ति छैन । तर मान्छेलाई चाहियो कि यसमा सावधानी अपनाओस्, र अकारण रात्रीमा कंकरी नहानोस् । र रह्यो कुरो कजाको समयको त दोस्रो दिनको सूर्य उदय भए पश्चात त्यसको समय आरम्भ हुन्छ यदि त्यस दिन कंकरी हानेको छैन ।

**प्रश्नः ९-** जब कुनै जमरह अथवा दुई जमरहहरूलाई कंकरी हान्दा कंकरी हौजमा नपुगेको होस्, र एक दुई दिन बितिसकेको होस्, त के यस्तो गर्ने मान्छेमाथि पुनः कंकरी हान्नु जरुरी छ ? र यदि पुनः हान्नु जरुरी नै छ त के त्यस पश्चातका समस्त जमरहहरूलाई पनि पुनः कंकरी हान्नुपर्छर ?

**उत्तर: ९-** जब मान्छेमाथि एक वा दुई जमरहहरूलाई कंकरी हान्नु बाँकी होस् चाहे एक कंकरी होस् वा एकभन्दा अधिक कंकरी, एक जमरहलाई होस् वा एकभन्दा अधिक जमरहलाई, त यसको बारेमा विद्हरूको कथन छ कि यदि अन्तिम जमरहलाई कंकरी हान्नु छूटेको छ भने त्यसलाई पूर्ण सात कंकरी हानोस् र त्यसभन्दा पहिलाका चमरहहरूलाई पुन: कंकरी हान्नु जरुरी छैन । तर यदि अन्तिमभन्दा पहिलाको जमरहलाई कंकरी हान्नु छूटेको छ भने छुटेको जमरहको गन्ती (गणना) कंकरी हानि पूर्ण गरोस्, र त्यसभन्दा पछि आउने जमरहलाई पनि पुन: कंकरी हानोस् ।

तर मेरो दृष्टिमा मात्र छूटेको जमरहलाई कंकरी हान्नुपर्छ र त्यस पश्चात आउने जमरहहरूलाई पुन: कंकरी हान्नु जरुरी छैन, किनकि अनभिज्ञता अथवा बिर्सेको अवस्थामा (तरतीब) क्रमबद्धता अनिवार्य रहदैन बरु यसकुरामा छूट प्राप्त भइहाल्छ, र यो मान्छे पनि जब दोस्रो जमरहलाई कंकरी हानिरहेको थियो त त्यसको विचारमा यो थिएन कि पहिलो जमरहबापत त्यसमाथि केही शेष बाँकी छ, त यो मान्छे बिर्साई र अनभिज्ञताको बीचको अवस्थामा छ । यसर्थ त्यसलाई मात्र यति अनिवार्य छ कि छूटेको कंकरी हानेर सम्पन्न गरोस् र बाँकी जमरहहरूलाई पुन: कंकरी हान्नु त्यसमाथि अनिवार्य छैन ।

र यता म यो पनि स्पष्ट गर्न चाहन्छु कि कंकरी हान्दा पिल्लरलाई कंकरी लाग्नु जरुरी छैन बरु जुन त्यसको वरिपरि हौज बनाइएको छ त्यसमा कंकरी पर्नु नै प्रयाप्त छ, र त्यसको कंकरी त्यस हौजमा खसे बित्तिकै कंकरी हान्ने कार्य पूर्ण भयो । र यसबारे अल्लाह नै अधिक ज्ञानी छ ।

**प्रश्न: १०-** एउटा हाजी सूर्य अस्त हुनुभन्दा अघि नै १२ तारिखको दिन मिनाबाट बाहिर निस्क्यो हतार (तअ्जील) गर्ने उद्देश्यले, र त्यससित कुनै यस्तो कार्य छ जसको लागि त्यसलाई सूर्य अस्ताए पश्चात पुन: मिनामा आउनु पर्छ, त के त्यसको यो हतार गर्ने कार्य दुरुस्त छ ?

**उत्तर: १०-** हो, त्यसलाई हतार गर्नेवाला भनिन्छ, किनकि मिनाबाट निस्केर त्यसले आफ्नो हज्जको कार्यलाई सम्पन्न गरिसक्यो, र पुन:

कुनै आर्को कार्यको उद्देश्यले मिनामा आउँछ भने कुनै फर्क पर्दैन, किनकि अब त्यो मिनामा कुनै कार्यको नीयतले आइरहेको छ हज्ज गर्नुको उद्देश्यले होइन ।

**प्रश्नः ११-** कुनै मान्छे मीकातबाट हज्जको नीयतगरी एहराम लगाएर आयो तर जब मक्का निकट पुग्यो त त्यसलाई अनुसंधान गर्ने पुलिसहरूले मक्कामा प्रवेश गर्नुबाट रोकिदिए, किनकि त्यससित हज्ज गर्ने अनुमति पत्र छैन, त यस्तो मान्छेको लागि के हुकुम छ ?

**उत्तरः ११-** यस्तो अवस्थामा त्यस मान्छेमाथि बाधितको हुकुम लागू हुन्छ, यसर्थ त्यो जता रोकिएको छ त्यतै बलि गरिहालोस् र आफ्नो एहरामलाई खोलेर हलाल भइहालोस्, अनि यदि यो अनिवार्य हज्ज थियो भने त्यो आयउनेवाला वर्ष यसै हज्जलाई पुनः गरोस्, र यसलाई कजा भनिदैन । तर यदि त्यसको यो हज्ज नफिली हज्ज हो भने सही कथन बमोजिम त्यसमाथि केही गर्नु छैन, किनकि हुदैबियाको युद्धमा जब सहाबीहरू बधित गरिएका थिए त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस उमराको कजा गर्ने आदेश गरेका थिएनन् । र कुरआन र हदीसमा कुनै यस्तो प्रमाण छैन जुन बाधित गरिएका मानिसहरूलाई कजा गर्ने आदेश गरोस् । र अल्लाहको फर्मान छः

﴿ فَإِنۡ أُحۡصِرۡتُمۡ فَمَا ٱسۡتَيۡسَرَ مِنَ ٱلۡهَدۡيِۖ ﴾ البقرة: ١٩٦

अर्थ : यदि तिमीहरूलाई रोकिहालियोस् तब जस्तो किसिमको बलि गर्न सक्छौ, गरिहाल । ( सूरतुल् बकरः १९६ )

त अल्लाहले बलि गर्ने बाहेक केही पनि भनेका छैनन् ।

र उमरतुल् कजा यसलाई यसकारण भनियो किनकि यस कुरामा रसूल सल्लल्लाहो अलैहे वसल्लमले कुरैशसित सन्धि गरेका थिए, त यो त्यो कजा होइन जसमा बितेको कार्यलाई पुनः गरिन्छ, अर्थात त्यसको सट्टामा गरिन्छ । ( र अल्लाह नै अधिक ज्ञानवान छ )

**प्रश्नः १२-** यदि सउदीमा बाहिरबाट आएको मान्छे सामान्य लुगा लगाएर मक्कामा प्रवेश गरिहालोस् ताकि देशको कानूनलाई धोका दिएर हज्ज गरोस्, र त्यो मक्का पुगेर एहराम लगाओस्, त के त्यसको हज्ज सही छ ? र त्यसमाथि के छ ?

**उत्तरः १२-** यस्तो गर्ने मान्छेको हज्ज त सही छ, तर त्यसको यो कार्य हराम छ दुई कारणलेगर्दाः

**पहिलोः** त्यसले अल्लाहको सीमा उल्लंघन गरेको छ मीकातबाट बिना एहराम लगाइकन् आएर ।

**दोस्रोः** त्यसले यस देशको हाकिमको आदेशको उल्लंघन गरेको छ जसको आदेश पालन गर्ने हामीलाई आदेश गरिएको छ यदि त्यो हराम कार्य गर्ने आदेश गरेको छैन । यसर्थ त्यसमाथि यो अनिवार्य छ कि आफ्नो यस कुकर्ममाथि तौबा गरोस्, र अल्लाहसित क्षमायाचना गरोस्, र यसको साथै त्यसमाथि फिदिया पनि छ कि त्यो एउटा बाख्रा मक्कामा जब्ह गरोस् र मक्काका गरिब गुरबाहरूमा वितरण गरोस्, र यो त्यसले मीकातबाट बिना एहराम लगाइकन् आउने क्रमको जरिवाना हो । जसरी कि विद्हरूको यो कथन छ कि जसले पनि हज्ज र उमराको कुनै पनि वाजिबलाई छाड्यो त्यसमाथि फिदिया छ ।

**प्रश्नः १३-** यदि कोही तमत्तुअ् गर्ने नीयतले मक्का आयो तर फेरि त्यो आफ्नो देश फर्केर गयो, त यो भनिन्छ कि अब त्यसको तमत्तुअ् भंग भयो, त के त्यो मान्छे फेरि हज्जे इफ्रादको नीयतले आएर हज्ज गर्न सक्छ ? अनि बलि गर्नुपर्दैन ? यसबारेमा के हुकुम छ ?

**उत्तरः १३-** हो यदि तमत्तुअ्को नीयतले आएको मान्छे आफ्नो देश फर्कन्छ त त्यसको तमत्तुअ् गर्ने कार्य भंग भइहाल्छ, र यदि त्यो पुनः यात्रा गरेर इफ्रादको नीयतले आउँछ त त्यो हज्जे इफ्राद नै हुन्छ, किनकि पहिलो पटक त्यसले आफ्नो परिवारतर्फ फर्केर हज्ज र उमरा बीच कटाच्छ गर्‍यो, त पुनः यात्रा गर्नुको अर्थ हो पुनः हज्जको नीयत गरेर आउनु, यसर्थ अहिलेको हज्ज हज्जे इफ्राद हुन्छ, र त्यसमाथि बलि गर्नु छैन । तर यदि त्यसले बलिलाई स्थगित गर्नुको लागि यस्तो आडम्बर गरेको छ भने त्यसलाई बलि गर्नैपर्छ जसरी कि एहरामको सम्बन्धमा षडयन्त्रयुक्त कुरा गर्नुमा त्यो हलाल हुँदैन ।

**प्रश्नः १४-** यदि कुनै मुसलमान हज्जका महिनहरूभन्दा पहिला नै हज्जको नीयतले मक्का आयो, अनि उमरा गरेर हज्जसम्म मक्कामा नै रह्यो, अनि हज्ज पनि गर्‍यो, त के त्यसको हज्ज तमत्तुअ् भनिन्छ ? वा इफ्राद ?

**उत्तरः १४-** त्यसको हज्ज इफ्राद भनिन्छ किनकि हज्जे तमत्तुअ् त्यसलाई भनिन्छ कि मान्छे हज्जको महिनाहरूमा उमरा गरोस् अनि त्यसलाई सम्पन्न गरी हलाल भइहालोस्, र त्यसै वर्ष हज्ज पनि गरोस् । तर जसले हज्जका महिनाहरूभन्दा अगावैं उमरा गऱ्यो, र मक्कामा बसिराख्यो यहाँसम्म कि हज्ज पनि सम्पन्न गऱ्यो त त्यसको हज्ज इफ्राद नै भयो, र यो पनि हुन्सक्छ कि त्यो हज्जे केरानको नीयत गरिहालोस्, र यो यसरी कि हज्ज र उमराको एकैचोटि नीयत गरिहालोस्, अनि त्यसको यो हज्ज केरान भइहाल्छ ।

र तमत्तुअ्को लागि हज्जका महिनाहरूमा उमरा गर्नुको शर्त यस कारण छ किनकि हज्जका महिनाहरू विशिष्ट छन् । र यसै कारण अल्लाहले भक्तहरूको लागि यो छूट दिएको छ कि उमरा गरे पश्चात हलाल भइहालुन्, र हज्जसम्म समस्त कुराहरूबाट लाभान्वित होउन् ।

**प्रश्नः १५-** एउटा हाजीहरूको समूह सूर्य अस्ताए पश्चात अरफातबाट मुज्दलिफातिर लाग्यो, तर बाटो बिर्सेर मक्का पुग्यो, अनि उनीहरूलाई पुलिसहरूले मुजदलिफातर्फ फर्काए, अनि जब उनीहरू मुजदलिफा आउन लागे त १ बजे रात्रीको समय मग्रिब र इशाको नमाज पढे, अनि मुजदलिफामा प्रवेश गरे, र मुजदलिफामा फज्रको नमाज पढेर त्यहाँबाट निस्के, त के यिनीहरूमाथि केही छ ?

**उत्तरः १५-** यिनीहरूमाथि केही छैन । किनकि अजानको समय मुजदलिफा पुगेर यिनीहरूले फज्रको नमाज मुजदलिफामा पाए र फज्रलाई गलसमा (भोर हनुभन्दा अघि नै) पढे । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "जुन हाम्रो यस नमाजमा उपस्थित भयो, र हामीसँगै यता उभ्यो यहाँसम्म कि हामी यहाँबाट जानलाग्यौं, र यसभन्दा अघि नै त्यो अरफातमा दिनको समय वा रात्रीको समय उभिसकेको छ, त त्यसको हज्ज पूर्ण भयो, र त्यसको मैल र अशुद्धि स्वच्छ भयो" ।

तर यिनीहरूले नमाजलाई मध्य रात्री पछि पढनुमा गल्ती गरे, किनकि इशा नमाजको समय मध्य रात्रीसम्म नै हुन्छ जस्तोकि सही मुस्लिमको हदीसबाट यो प्रमाणित छ, अब्दुल्लाह बिन अमर बिन आसले रसूल सल्लल्लाहो अलैहे वसल्लमको माध्यमले यस कुरालाई

स्पष्ट पार्नु भएको छ कि इशाको नमाज मध्य रात्री भन्दा पछाडि पढनु जायज छैन ।

**प्रश्नः १६-** यो कुरा थाहै छ कि कपाल खौराउनु एहरामको निषेधित कुराहरू मध्येको हो, त कुर्बानीको ईदको दिन कपाल खौराउनुद्वारा आरम्भ गर्नु कसरी जायज भइहाल्छ ? किनकि विद्हरूको फतवा छ कि कुर्बनीको दिन गरिने तीन कार्यहरू मध्ये कुनै दुई कार्यलाई गरे पश्चात मान्छे एहरामका बन्देजहरूबाट मुक्त भइहाल्छ, अर्थात त्यसलाई पहिलो तहल्लुल प्राप्त भइहाल्छ, र ती तीन कार्यहरू मध्ये एउटा कपाल खौराउनु पनि हो । त के हाजीको लागि यो जायज छ कि त्यो यसैबाट हलालहुने कार्यहरूको आरम्भ गरोस् ?

**उत्तरः १६-** हो, जायज छ । किनकि यस समय कपाल खौराउनु हज्जका कार्यहरू मध्येको हो, यसर्थ यस्तो गर्नु त्यसको लागि हराम छैन बरु यस्तो गर्नुको त्यसलाई आदेश छ । तसर्थ जुन कार्यको आदेश गरिएको होस् त्यसलाई गरेबापत नत मान्छे दोषी हुन्छ नत त्यो कार्य त्यसको लागि निषेधित नै हुन्छ । र नबी सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित कंकरी हान्नु र बलि गर्नुभन्दा अघि नै कपाल खैराउनुको बारेमा प्रश्न गरियो, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यस्तो गर्नुमा कुनै आपत्ति छैन । र कुनै कार्य अनिवार्य छ वा निषेधित छ त्यसको जानकारी त्यसलाई वैधानिक गर्ने (सन्देष्टा) बाट नै प्राप्त गरिन्छ। र के तपाई हेर्नुहुन्न कि अल्लाह बाहेक कसैलाई पनि ढोग गर्नु बहुदेववाद ( शिर्क) हो, तर जब अल्लाहले फरिश्ताहरूलाई (स्वर्गदूतहरूलाई) आदमलाई ढोग्ने आदेश गरे त त्यो ढोग गर्नु अल्लाहको आज्ञापालन गर्नु भयो (नकि शिर्क) । र के तपाई हुर्नुहुन्न कि कुनै पनि जीवलाई हत्या गर्नु पाप हो बरु आफ्नो सन्तानलाई हत्या गर्नु महापाप हो, तर जब अल्लाहले आफ्नो सन्देष्टा हजरत इब्राहीमलाई आफ्नै छोरो इस्माईललाई मार्ने (बलि गर्ने) आदेश गरे, त त्यही वध गर्नु अल्लाहको आज्ञापालन गर्नु सिद्ध भयो जसद्वारा हजरत इब्राहीमलाई विशाल र विशिष्ट दर्जाबाट सम्मानित गरियो । र अल्लाहले उहाँलाई र उहाँका

छोरा हजरत इस्माईललाई छूट प्रदान गरी उनीमाथि दया दृष्टि गऱ्यो र भन्यो:

﴿ فَلَمَّآ أَسۡلَمَا وَتَلَّهُۥ لِلۡجَبِينِ ١٠٣ وَنَٰدَيۡنَٰهُ أَن يَٰٓإِبۡرَٰهِيمُ ١٠٤ قَدۡ صَدَّقۡتَ ٱلرُّءۡيَآۚ إِنَّا كَذَٰلِكَ نَجۡزِي ٱلۡمُحۡسِنِينَ ١٠٥ إِنَّ هَٰذَا لَهُوَ ٱلۡبَلَٰٓؤُاْ ٱلۡمُبِينُ ١٠٦ وَفَدَيۡنَٰهُ بِذِبۡحٍ عَظِيمٖ ١٠٧ ﴾ الصافات: ١٠٣ - ١٠٧

अर्थ : अर्थात जब दुवैले आदेश मानिहाले, र बाबुले छोरालाई कन्चट तिर पारेर पल्टाए, तब हामीले उनलाई पुकाऱ्यौं: कि, "हे इब्राहीम ! निश्चय नै तिमीले सपनालाई साँचो गरेर देखायौ । नि:सन्देह हामीले उत्तम कार्य गर्नेहरूलाई यस्तै प्रकारले प्रतिफल दिन्छौं ।" वास्तवमा यो त एउटा स्पष्ट परीक्षा थियो । र हामीले उसको ( इस्माईल) सट्टामा कुर्बानीको लागि एउटा ठूलो (पशु) दियौं । ( सूरतुस्साफ्फात १०३-१०७ )

**प्रश्न: १७-** हज्जको बलिको जनावरको जब्ह गर्ने समय कहिले समाप्त हुन्छ ? र के यसबारेमा कुनै मतभेद र विवध विचारधाराहरू छन् ?

**उत्तर: १७-** जिल्हिज्जाको १३ तारिखको सूर्य अस्ताए साथै हज्जको बलि गर्ने समय समाप्त भइहाल्छ । र यसको समयको आरम्भ कुर्बानीको ईदको सूर्य उदय भएर एक भाला जति उच्च भए बित्तिकै आरम्भ भइहाल्छ । र यस कुरामा मतभेद पनि छ तर सही र सत्य एवं सर्वमान्य यो कुरा नै हो जसलाई हामीले वर्णन गरें ।

**प्रश्न: १८-** त्यस मान्छेको के हुकुम छ जसले मिनामा १२ बजे रात्रीसम्म बस्यो, अनि मक्का फर्केर गयो र फेरि फज्र उदय हुनेसम्म पनि मिना फर्केर आएन ?

**उत्तर: १८-** यदि १२ बजे मिनाको रात्रीको मध्य रात्रीको समय हो भने त्यस मान्छेमाथि कुनै आपत्ति छैन जब त्यो १२ बजे पश्चात त्यहाँबाट निस्कोस्, किनकि मान्छे मध्य रात्री पश्चात त्यहाँबाट बाहिर निस्कन सक्छ । जबकि श्रेष्ठ यो नै छ कि दिन रात मिनामा नै बसोस् ।

र यदि १२ बजेको समय मिनाको रात्रीको मध्य रात्रीभन्दा पहिलाको समय होस् त त्यसलाई अनिवार्य छ कि १२ बजे मिनाबाट ननिस्कोस्, किनकि मिनामा बास बस्नुको यो शर्त छ कि त्यो रात्रीको अधिकांश भाग मिनामा नै व्यतीत गरोस्, जस्तो कि विधिशास्त्रीहरूले वर्णन गरेका छन् (अल्लाह उनीहरूमाथि दया गरुन्) ।

**प्रश्नः १९-** यो भनिन्छ कि जस कंकरीद्वारा एकपटक जमरहलाई कंकरी हानियो त्यसद्वारा पुनः कंकरी हान्नु जायज छैन, त के यो कुरो सत्य हो ? यदि सत्य हो भने यसको प्रमाण के हो ?

**उत्तरः १९-** यो कुरो सही र सत्य छैन । किनकि जसले पनि यो भनेका छन् कि जुन कंकरीद्वारा एक पटक कंकरी हानियो त्यसद्वारा पुनः जमरहलाई हान्नु जायज र सही छैन, त तिनीहरू यसको तीन कारण वर्णन गर्दछन् जुन यी हुन्:

**पहिलोः** उनीहरू भन्छन् किः जुन कंकरीद्वारा जमरहलाई हानियो त्यो त्यस पानी झैं छ जसद्वारा वाजिब र अनिवार्य पवित्रता प्राप्त गरियो अनि अब त्यो पानी पवित्र त छ तर त्यसबाट पुनः पवित्रता प्राप्त गर्न सकिदैन ।

(अनिवार्य पवित्रता प्राप्त गर्नुको अर्थ हो वीर्यको पतन भएमा वा सम्भोग गरेमा वा ती समस्त कार्यहरू गरेमा जसलाई गरे पश्चात पवित्रता प्राप्त गर्नु अनिवार्य भइहाल्छ त्यसैलाई अनिवार्य पवित्रता भनिन्छ)

**दोस्रो**: त्यो प्रयोग गरेको कंकरी त्यस दास जस्तो छ जसलाई एक पटक स्वतन्त्र गरे पश्चात अरु कुनै कफ्फारह आदिमा पुनः स्वतन्त्र गर्न सकिन्न ।

**तेस्रोः** यसलाई जायज भनेको खण्डमा समस्त मान्छेहरू एउटै कंकरीबाट हान्न सक्दछन्, र यो यसरी कि मान्छे मात्र एक कंकरीलाई लिएर जमरहसम्म जान्छ अनि एकचोटि हानेर त्यसैलाई उठाएर सात सात पटक सबैलाई हान्छ अनि सबै मान्छे यस्तै पालीपाला मार्दछन् ... ।

त यी तीन कारणहरू छन् जसलेगर्दा उनीहरूले हानिएको कंकरीबाट पुनः हान्नुलाई अवैध भनेका छन् । तर यी कारणहरू

जसलाई उनीहरूले वर्णन गरेका छन् अति दुर्वल र कम्जोर छन् । त रह्यो पहिलो कारण त हाम्रो भनाई छ कि तपाईहरूले वर्णन गरेको हुकुम नै सही छैन र त्यो यो हो कि "अनिवार्य पवित्रता ग्रहण गरिएको पानीबाट पुनः पवित्रता ग्रहण गर्न सकिन्न" किनकि यस कथनको कुनै प्रमाण छैन, र पानीलाई त्यसको मूल विशेषता अर्थात पवित्रता प्रदान गर्ने विशेषतालाई अमान्य गर्नुको वा त्यसको असल र मूल विशेषत बदलनुमा कुनै प्रमाण चाहियो जुन छैन । यसर्थ वाजिब पवित्रतामा प्रयोग गरिएको पानीद्वारा पनि पवित्रता ग्रहण गर्न सकिन्छ । त तपाईहरूले जुन प्रमुख कारण वर्णन गर्नु भएको थियो त्यो नै सही छैन यसर्थ यसैमाथि कियास गरेर जुन हुकुम कंकरी हान्नुमाथि लागू गर्नु भएको थियो त्यो पनि भंग भयो ।

र रह्यो दोस्रो कारण जुन होः प्रयोग गरिएको कंकरीलाई स्वतन्त्र गरिएको दासमाथि कियास गर्नु (त्यससित संलग्न गर्नु) त यसलाई अरबीमा कियास मअल् फारिक भनिन्छ (अर्थात कुनै कुरालाई यस्तो कुरासित संलग्न गरियोस् जसको त्यससित दूर दूरसम्म संलग्नता नहोस्), किनकि जब दासलाई स्वतन्त्र गरियो त त्यो आजाद भयो त अब त्यसलाई पुनः स्वतन्त्र गर्ने कुरै उठदैन किनकि त्यो स्वतन्त्र छ र स्वतन्त्रलाई स्वतन्त्र गर्नुको कुनै अर्थ छैन, जबकि प्रयोग गरिएको कंकरी कंकरी नै रहन्छ र त्यो त्यस लक्ष्यलाई पूर्ण गर्ने योग्य छ जसको लागि त्यसलाई प्रयोग गरिन्छ हानिन्छ । र यसै कारण यदि जुन दासलाई स्वतन्त्र गरिएको छ यदि त्यो पुनः कुनै वैधानिक कारणले दास भइहालोस् भने त्यसलाई पुनः स्वतन्त्र गर्नसकिन्छ ।

र रह्यो तेस्रो कारण जुन यो हो कि यसलाई जायज भनेमा यसै कंकरीद्वारा समस्त हाजीहरू कंकरी हान्छन् । त हाम्रो भनाई छ कि यस्तो गर्नु असम्भव छ, र यस्तो कोही पनि गर्दैन, किनकि यहाँ थुप्रै कंकरीहरू हुन्छन् । यसर्थ प्रष्ट यो भयो कि यदि तपाई कंकरी हान्नुको लागि जानु भएको छ, अनि एक वा अनेकौं कंकरीहरू कतै हराइहाल्छन् वा कतै गिरिहाल्छन्, त जुन कंकरी पनि तपाई आफू वरिपरि पाउनुहुन्छ त्यसैलाई लिएर कंकरी हान्नुस् चाहे तपाईलाई यो थाहा होस् वा नहोस् कि ती कंकरीहरूबाट जमरहलाई हानिएको छ व हानिएको छैन ।

**प्रश्नः २०-** यदि कुनै हाजीले आफ्नो टाउकोको दुवैतर्फबाट कपाल कटाओस् तर पूर्ण अथवा अधिकांश कपाललाई नफलोस् र आफ्नो एहरामबाट हलाल भइहालोस्, त यस्तो मान्छेको के हुकुम छ ?

**उत्तरः २०-** यदि त्यो मान्छे हज्ज गरिहेको अवस्थामा यस्तो गरेको छ भने जुन लुगा लगाएको छ त्यसै लुगामा आफ्नो पूर्ण टाउकोको कपाललाई खौराओस् अथवा कटाओस्, तर यदि त्यो उमरा गर्नुमा यस्तो गरेको छ भने त्यो आफ्नो सामान्य लुगालाई फुकालेर एहराम लगाओस् अनि आफ्नो पूर्ण टाउकोको कपाललाई खौराओस् वा कटाओस् ।

**प्रश्नः २१-** के हाजीको लागि यो जायज छ कि त्यो हज्जको सईलाई तवाफे इफाजाभन्दा अघि नै गरोस् ?

**उत्तरः २१-** यदि हाजी हज्जे एफ्राद वा हज्जे केरान गरिरहेको छ भने त्यसको लागि यस्तो गर्नु जायज छ र यो यसरी कि तवाफे कुदूक पश्चात नै हज्जको सई गरिहालोस् जसरी कि नबी सल्लल्लाहो अलैहे वसल्लमले र ती सहाबाहरूले जुन बलिको जनावर आफ्नो साथ ल्याएका थिए गरेका थिए । र यदि हाजी हज्जे तमत्तुअ् गरिरहेको छ त त्यसमाथि दुई सई गर्नु अनिवार्य छ एउटा जब त्यो मक्कामा प्रवेश गरेको थियो जुन उमराको सई थियो, र दोस्रो सई त्यसको हज्जको सई हुन्छ । त यसको लागि उत्तम र श्रेष्ठ यो नै छ कि हज्जको सई तवाफे इफाजा पश्चात नै गरोस् किनकि सई तवाफ पश्चात नै हुन्छ । तर यदि यसले पनि सईलाई तवाफे इफाजाभन्दा अघि नै गऱ्यो भने यस्तो गर्नु पनि सही कथन बमोजिम सही छ यसमा पनि कुनै आपत्ति छैन, किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित कसैले सोध्यो किः मैले तवाफभन्दा पहिला नै सई गरें ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः कुनै आपत्ति छैन ।

यसर्थ हाजीलाई कुर्बानीको दिन निम्नका पाँच कार्यहरूलाई निम्नमा वर्णित क्रमानुसार नै सम्पन्न गर्नुपर्छः

- ठूलो जमरहलाई कंकरी हान्नु ।
- कुर्बानी गर्नु ।
- कपाल खौराउनु वा कटाउनु ।

- तवाफे इफाजा गर्नु ।
- सफा र मरवाको सई गर्नु ।

यस अवस्था बाहेक कि हाजी हज्जे केरान वा हज्जे इफ्राद गरिरहेको होस् र त्यसले तवाफे कुदूमको साथै हज्जको पनि सई गरिसकेको होस् भने त्यसलाई पुनः सई गर्नु पर्दैन ।

त श्रेष्ठ उस्तै क्रमले गर्नु छ जसरी हामीले वर्णन गरें, तर यदि कसैले यसमा अघिपछि गऱ्यो भने कुनै आपत्ति छैन बरु यदि कुनै कारणवश अघिपछि भएको छ भने झन् कुनै आपत्ति छैन । र यो अल्लाहको आफ्नो भक्तहरूमाथि दया नै हो जसलेगर्दा त्यसले यसमा अति सरलता र सुगम्ता राखेको छ, यसर्थ समस्त प्रकारका प्रशंसाहरू त्यसै अल्लाह योग्य छन् जुन समस्त ब्रहमाण्डको प्रतिपालक हो ।

र अल्लाह नै तौफीक दिनेवाला मार्गदर्शन गर्नेवाला छ, र अल्लाहको प्रशान्ति अवतरित होस् हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि ।

**समाप्त**


**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रक्कथन | **3** |
| 2 | प्रस्तावना | **5** |
| 3 | पहिलो अध्याय: यात्राका तौरतरिकाहरु | **7** |
| 4 | दोस्रो अध्याय: हज्जका शर्तहरु | **15** |
| 5 | तेस्रो अध्याय: मीकातहरु र हज्जका थरीहरु | **23** |
| 6 | चैथो अध्याय: हज्जका कुन कुन थरीमा बलि अनिवार्य छ | **30** |
| 7 | पाँचौं अध्याय: एहरामका निषेधित कुराहरु | **40** |
| 8 | छठौं अध्याय: उमराको तरिका | **53** |
| 9 | सातौं अध्याय: हज्जको तरिका | **64** |
| 10 | आठौं अध्याय: हज्जका वाजिबातहरु | **92** |
| 11 | नव्वौं अध्याय: हाजीहरुका केही त्रुटिहरुको वर्णन | **100** |
| 12 | दसौं अध्याय: मस्जिदे नब्वीको जियारत | **128** |
| 13 | हज्जका समस्याहरुबारे प्रश्न उत्तर | **141** |
| | | |
| | | |

IslamHouse.com